सर्वाधिक बिक्री हुने
# साप्ताहिक
सबैको लागि सम्पूर्ण पत्रिका




● वर्ष १५ ● अंक ३१ ● काठमाडौं ... ३, २०६६ ● **SAPTAHIK** ● Nepali National Weekly ● Friday, Dec 18, 2009 ● पृष्ठ २४ + ८ = ३२ ● मूल्य रु. १०/-



## ईर्ष्या लाग्यो कि ?

पृष्ठ १० मा

नायिका रेखा थापाको चुम्बन लिँदै...



## चियर्स :

सुखद दाम्पत्य जीवनका लागि

पृष्ठ २२ मा



पहिलो पटक

## मिस्टर पिंक

पृष्ठ २२ मा



सानो देशकी विश्वसुन्दरी पृष्ठ ७ मा

टाइगरउडको सेक्स उपद्रो पृष्ठ ९ मा

साग खेलकुद तथा विश्वकप फुटबल विशेष सामग्री

मध्य पृष्ठमा

## निकी मल्ल



## ● क्यासेट ●

### तिमी र म



गायक दीपक गुरुङका पपगीतहरूको संग्रह 'तिमी र म' बजारमा आएको छ। युवा रेकर्ड्सको यो संग्रहमा सातवटा गीत तथा एउटा म्युजिक ट्र्याक सुन्न सकिन्छ। संग्रहका गीतका शब्द तथा संगीत गायक गुरुङले नै तयार पारेका हुन्।

### पथ



गायक अजित घिसिङका पप तथा आधुनिक गीतहरूको संग्रह 'पथ' बजारमा आएको छ। युवा रेकर्ड्सको यो संग्रहमा आठवटा गीत छन्। संग्रहका गीतलाई गायक घिसिङका अतिरिक्त सुसन लामा, सुरेश, शिलाबहादुर मोक्तान तथा राजेश लामाले संगीतबद्ध गरेका छन्।

### हुन्न रे हुन्न रे



गायक राजनराज शिवाकोटी तथा गायिका सिन्धु मल्लका दोहोरी गीतहरूको संग्रह 'हुन्न रे हुन्न रे' बजारमा आएको छ। द रेबल क्रिएसनको यो संग्रहमा 'हुन्न रे...' तथा 'होशियार' भाकाका दुईवटा दोहोरी गीत सुन्न सकिन्छ।

## ● रंगमञ्च ●

### लैङ्गिक हिंसाविरुद्ध नाटक

लैङ्गिक हिंसा तथा मानव बेचबिखनविरुद्ध जनचेतना जनाउने उद्देश्यले धादिङमा एउटा सडकनाटक मञ्चन गरिएको छ। माइती नेपाल, ग्लोबल ह्युमन राईट्स तथा पीपीआर नेपालद्वारा धादिङबेसी बजारमा मञ्चित नाटकमा स्थानिय कलाकारहरूले अभिनय गरेका थिए। स्थानीय व्यवस्थापन, महिला मानवअधिकार रक्षकको सञ्जाल, महिला सुरक्षा दबाब समूह, महिला विकास कार्यालय आदि संस्थाद्वारा संयुक्त रूपमा उक्त चेतनामूलक नाटक मञ्चन गरिएको हो। लैङ्गिक हिंसाका कारण महिलामाथि हुने विभेद तथा चेलीबेटी बेचबिखनका कारण हुने मानव-अधिकारको हनका घटनाक्रमलाई कम गर्ने उद्देश्यले उक्त नाटक मञ्चन गरिएको बताइन्छ।

### वन विनाशविरुद्ध

लमहीमा सञ्चालित कृषि मेलाको एउटा प्रमुख आकर्षण थियो वन विनाशका कारण वातावरणमा पारेको प्रभाव समेटिएको सडक नाटक। स्वयमसेवक समूह तथा सगंम इको क्लबले संयुक्त रूपमा उक्त नाटकको प्रदर्शन गरेका थिए। नाटकमार्फत वर्तमान समयमा जलवायु परिवर्तनले पारेको प्रभावलाई पनि देखाइएको थियो। नाटकमा प्रस्तुत विषयवस्तुमाथि सहभागीहरूले अहिलेको वन-जंगल विनास हुनमा सबै पक्षको कमजोरीलाई झल्काउन खोजेकोमा खुसी व्यक्त गरेका थिए। नाटकले वातावरणमा भैरहेको अहिलेको समस्यालाई दीर्घकालीन समाधान गर्न वन-जंगलको संरक्षणका साथै वृक्षारोपण गर्नुपर्ने सन्देश दिएको थियो।

## ● ग्यालरी ●

### प्रदर्शनीमा हाम्रो हजुरआमा

फोटो सर्कलको आयोजनामा आजदेखि राजधानीमा 'हाम्रो हजुरआमा' शीर्षकको तस्बिर प्रदर्शनी हुने भएको छ। बबरमहलस्थित नेपाल आर्ट काउन्सिलको ग्यालरीमा शुक्रबार बिहान ११ बजे उद्घाटन गरिने यो प्रदर्शनी पुस १० गतेसम्म जारी रहनेछ।

### तस्बिरमा जनविद्रोह

माओवादी विद्रोहको नेतृत्व गर्दाको विद्रोही नेता प्रचण्डको तस्बिरलाई गत शुक्रबार संविधानसभाको ठूलो दल एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहालले नै नियाले। 'जनयुद्धदेखि शान्तिसम्झौता' शीर्षकको तस्बिर प्रदर्शनी गत शुक्रबारदेखि हिजो बिहीबारसम्म राजधानीस्थित नेपाल कला परिषद्मा सञ्चालन गरिएको थियो। फोटो प्रदर्शनी समितिले आयोजना गरेको उक्त प्रदर्शनीमा दस वर्ष लामो माओवादी जनयुद्धको झझल्को दिने तस्बिरहरू राखिएका थिए। प्रदर्शनीमा माओवादीले जनयुद्ध प्रारम्भ गरेदेखि २०६३ मा भएको शान्तिसम्झौतासम्मका करिब २ सय तस्बिर राखिएका थिए। उद्घाटन समारोहमा प्रचण्डले जनयुद्ध लडेका तथा जनयुद्ध दबाउने दुवैले प्रदर्शनीमा राखिएका तस्बिरहरू हेर्नैपर्ने बताएका थिए। प्रदर्शनी संयोजक फोटोपत्रकार दिनेश श्रेष्ठले जनयुद्धसम्बन्धी जानकारी गराई शान्तिप्रक्रियालाई निष्कर्षमा पुऱ्याउन तथा जनयुद्धका उपलब्धि संस्थागत गर्न उक्त प्रदर्शनी आयोजना गरिएको बताए। प्रदर्शनीमा राखिएका तस्बिरहरूमा विभिन्न युद्धमोर्चा, त्यसपछिका घटनाक्रम तथा माओवादी नेताको युद्धकालीन जीवनशैली समेटिएको थियो।

### हुलाक टिकटमा चित्रकार

जीवित छँदा चित्रकलामार्फत नेपाली कलाक्षेत्रमा महत्त्वपूर्ण योगदान दिने दिवंगत कलाकार तेजबहादुर चित्रकारलाई नेपाल सरकारले हुलाक टिकटमा अंकित गरेको छ। उनको मुहार चित्र तथा चित्र बनाइरहेका दुई चित्र अंकित हुलाक टिकटलाई हुलाक विभाग तथा चित्रकार सोसाइटीद्वारा गत शनिबार राजधानीमा आयोजित कार्यक्रममा टाँचा लगाई मान्यता प्रदान गरिएको छ। नेपाली कलाक्षेत्रमा तेजबहादुरको महत्त्वपूर्ण भूमिका तथा अतुलनीय योगदानको कदरस्वरूप हुलाक सेवा विभागले चित्रकार स्वयंले २०१९ सालमा तेलरंगमा सिर्जना गरेका आफ्नै मुहारचित्र र पूर्वजको सम्झना शीर्षकको चित्रकला चित्रांकित दुई प्रकारका संस्मरणात्मक हुलाक टिकट प्रकाशनमा ल्याएको हो। पूर्वजको सम्झना शीर्षकको चित्रकला हाल जापानको फुकुओका एसियन आर्ट म्युजियममा संग्रहित छ। मल्लकालदेखि नै वंशानुगत रूपमा चित्र अभ्यास गर्दै आएका नेवार समुदायमा १९५५ सालमा जन्मिएका तेजबहादुरले भारतको कलकत्ताबाट सन् १९२७ मा ललितकला विषयमा स्नातक तह प्रथम श्रेणीमा उत्तीर्ण गरेका थिए।

### ग्यालरीमा शिवानी

विनायक, लम्बोधर, गजानन, रिद्धिसिद्धि आदि नामले चिनिने भगवान गणेशका विभिन्न स्वरूप यतिबेला नेपाल आर्ट काउन्सिलको ग्यालरीमा प्रदर्शन भैरहेका छन्। गणेशका अनेक स्वरूपमात्र होइन, भगवान शिव, कृष्ण तथा जीवित देवी कुमारीका चित्रहरूले हिन्दू संस्कृति तथा संस्कारको आभास दिइरहेका छन्। ग्यालरीकै अर्को भित्तामा हरियाली प्रकृति, रंगीबिरंगी फूल तथा पातका दृष्यहरु समेटिने चित्रहरू छन्। प्रकृति तथा धार्मिक आस्थाको मिश्रण रहेको 'डिभिनिटी एड्मिट्स नेचर' शीर्षकको उक्त कला प्रदर्शनीमा कलाकार शिवानी राणा तिमिल्सिनाले तयार पारेका चित्र समावेश गरिएका छन्। उनको यो तेस्रो एकल चित्रकला प्रदर्शनी हो। आगामी पुस ५ गते आइतबारसम्म जारी रहने प्रदर्शनीमा शिवानीले तयार पारेका ५२ वटा कलाकृति समावेश छन्। १८ देखि २० रुपैयाँ मूल्य राखिएका ती चित्रकलाको बिक्रीबाट आएको रकमको १० प्रतिशत अनाथ तथा सडक बालबालिकाको सहयोगका लागि प्रदान गरिने कलाकार राणाले बताएकी छिन्।

## ● लाइभ ●

### भोलि हिट्स म्युजिक एवार्ड

हिट्स एफएमले हरेक वर्ष वितरण गर्दै आएको हिट्स म्युजिक एवार्डको १३ औं संस्करण भोलि शनिबार आयोजना हुँदैछ। भद्रकालीस्थित आर्मी अफिसर्स क्लबमा हुने यो सांगीतिक समारोहमा यसपटक विभिन्न १९ विधाका उत्कृष्ट संगीतकर्मीलाई पुरस्कार प्रदान गरिनेछ। कार्यक्रममा आनन्द कार्की, रामकृष्ण ढकाल, अञ्जु पन्त, जगदीश समाल, माण्डवी त्रिपाठी, डम्बर नेपाली आदि गायक-गायिकाले गीत-संगीत प्रस्तुत गर्दैछन्। हिट्स म्युजिक एवार्डमा यसपटक २०६५ साल वैशाख १ गतेदेखि सोही वर्षको चैत मसान्तसम्म हिट्स एफएममा दर्ता भएका गीत-संगीतलाई समावेश गरिएको छ। यसबीच हिट्स म्युजिक एवार्डका आयोजकहरूले यसपटकको एवार्ड समारोह गायक स्व.राम थापाप्रति समर्पित हुने कुरा बताएका छन्। हिट्स म्युजिक एवार्ड वितरण समारोहलाई नेपाल टेलिभिजनले प्रत्यक्ष प्रसारण गर्नेछ।

### कन्सर्टमा आनी छोइङ

बौद्धस्थित ह्यात रिजेन्सी होटलमा गायिका आनी छोइङ डोल्माले एकल सांगीतिक कार्यक्रम प्रस्तुत गर्ने भएकी छिन्। भोलि शनिबार होटलको रिजेन्सी बलरुममा प्रस्तुत हुने यो सांगीतिक कार्यक्रम साँझ पाँच बजेदेखि सात बजेसम्म जारी रहनेछ। कार्यक्रममा आनीले आफ्ना लोकप्रिय गीतहरू प्रस्तुत गर्नेछिन्।

## ● पुस्तक ●

### सलिजो


साहित्यकार मोहनराज शर्मा लामो समयपछि एउटा नौलो औपन्यासिक कृति सलिजोमार्फत् पाठक समक्ष आएका छन्। नेपाली समाजमा समलैंगिकताले विस्तारै चर्चा र मान्यता पाउँदै गएको सन्दर्भमा सलिजो उपन्यास पठनीय हुनसक्छ। सलिजोमा उपन्यासकारले दुई समलिंगी युवतीको समाजमा स्थापित हुन र सामाजिक जीवन बाँच्न गरिएको संघर्षलाई लिपिबद्ध गरेका छन्। विषयवस्तुको नवीनता, प्रस्तुतीकरणको जटिलता एवं संघर्षको सिलसिला उपन्यासका विषेशता हुन्। सीमान्त प्रकाशन प्रालिद्वारा प्रकाशित यो कृतिको मूल्य २ सय ३० रुपैयाँ छ।

### जागिरे जीवनका सम्झनाहरु

पूर्व प्रशासक स्वयम्भुमान अमात्यले आफू सरकारी सेवामा रहँदा देखेका, भोगेका तीता-मीठा अनुभवहरूलाई पुस्तकका रूपमा प्रकाशित गरेका छन्। जागिरे जीवनका सम्झनाहरू शीर्षकको यो स्मरणात्मक कृतिमा थुप्रै रोचक प्रसंगहरू समेटिएका छन्। उमा अमात्यद्वारा प्रकाशित यो कृति आत्मवृत्तान्तपरक छ। ५० रुपैयाँ मूल्यको यो कृतिले एउटा खास वर्गका पाठकलाई आकर्षित गर्न सक्छ।


### युरोप : नौलो परिवेश

यात्रा वृत्तान्तमा आधारित एउटा अर्को कृति युरोप : नौलो परिवेश सार्वजनिक भएको छ। इल्या भट्टराईद्वारा लेखिएको यो पुस्तकमा युरोपका विभिन्न मुलुक तथा सहरहरूको रोचक वर्णन गरिएको छ। परम्परागत युरोपमा आधुनिक परिवेशले कसरी मलजल पाएको छ भन्ने कुरा यो पुस्तकको सार हो। १ सय ४५ रुपैयाँ मूल्य रहेको यो पुस्तकलाई पैरवी प्रकाशनले प्रकाशित गरेको हो।



## तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



## यो साताको पञ्चाङ्ग

पुस ३ गते : अन्तर्राष्ट्रिय आप्रवासी दिवस, ४ गते : दक्षिण-दक्षिण सहयोग दिवस, ५ गते : अन्तर्राष्ट्रिय मानव एकता दिवस, ९ गते : सेतो मच्छिन्द्रनाथ स्नान।

### मेष

नैराश्यता एवं उदासीनता बढ्नेछ। घरेलु समस्याले सताउने क्रम यथावत् रहनेछ। कुरा काट्नेहरू सक्रिय हुनेछन्। मनमा दुबिधाले डेरा जमाउनेछ। आफन्तहरू टेढिनेछन्। शनिबारदेखि प्रसन्नता बढ्ने, काममा सुधार आउने तथा भाग्यले साथ दिने योग छ। अध्ययनमा सुधार आउनेछ।

### मिथुन

यात्रा गर्ने तथा भेटघाटमा रमाउने अवसर जुट्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुनेछन्। नयाँ काम हात लाग्ने योग छ। शनिबार, आइतबार तथा सोमबार स्वास्थ्य गडबड रहने, काममा अबरोध आउने एवं चिन्ता बढ्ने देखिन्छ। धनमाल हराउन सक्छ भने विश्वास गरेकाहरूले धोका दिन सक्छन्।

### सिंह

चिन्ता, गलत विचार एवं आलस्यता बढ्ने तथा काममा अवरोध आउने योग छ। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउन सक्छन्। शनिबारदेखि काममा सफलता मिल्ने तथा धन आर्जन हुने देखिन्छ। यात्रा गर्ने अवसर जुट्नेछ। अध्ययनमा सफलता मिल्नेछ।

### तुला

पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। तपाईंको लगनशीलता एवं इमन्दारीताको प्रशंसा हुनेछ। सोचेका कूरा पूरा हुनेछन्। सजिलै अरूको मन जित्न सकिनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। गलत विचार बढ्ने भएकाले सजगता अपनाउनुपर्नेछ। आफन्तहरूबाट खासै सहयोग पाइनेछैन।

### धनु

मान-सम्मान मिल्नेछ भने मन प्रसन्न रहनेछ। अरूलाई विश्वास दिलाउन सकिनेछ।पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाा काम पाइने योग छ। प्रेम गर्ने अवसर पाउनुहोला। विवादतिर अघि नबढ्नुहोला। शत्रुसित प्रतिस्पर्धा गर्नुपरे पनि जित तपाईंकै हुनेछ। खाँदा तथा बोल्दा विचार पुऱ्याउनुपर्नेछ।

### कुम्भ

मन प्रसन्न रहनेछ भने धन आर्जन गर्न सफल हुनुहोला। पतिपत्नीबीचको सम्बन्ध राम्रो रहनेछ। प्रेमप्रसंग निकै अगाडि बढ्नेछ। यात्रा गर्ने अवसर जुट्नेछ। आफन्तहरूबाट राम्रै सहयोग प्राप्त होला। अध्ययनबाट सोचेभन्दा बढी नै लाभ पाइनेछ। भाग्यले साथ दिनेछ भने कुरा काट्नेहरू प्रशंसा गर्न थालनेछन्।

### वृष

अस्वस्थताले सताउनेछ भने मन चिन्तित हुन सक्छ। सानो काममा पनि सफलता पाउन गाह्रो पर्नेछ। कुरा काट्नेहरू सक्रिय हुनेछन्। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। लेनदेनमा विवाद बढ्नेछ। सोमबारदेखि प्रसन्नता बढ्ने, काममा सफलता मिल्ने तथा मान-सम्मान पाइने योग छ। अरूको विश्वास जित्न सकिनेछ।

### कर्कट

साताको पूर्वार्द्ध अनुकूल रहनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। अरूको विश्वास सजिलै जित्न सकिनेछ। भेटघाटमा मन रमाउनेछ। मंगलबारदेखि स्वास्थ्य गडबड हुने, काममा अवरोध आउने तथा शत्रु एवं चिन्ता बढ्ने योग छ। कुरा काट्नेहरू सक्रिय हुनेछन्। घरेलु समस्याले सताउन सक्छ। लेनदेनमा अघि नबढ्नुहोला।

### कन्या

घरेलु समस्याले सताउनेछ भने मित्र बनेर धोका दिनेहरू प्रसस्तै हुनेछन्। गलत विचार एवं शत्रु बढ्नेछन्। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउन सक्छन्। शारीरिक समस्याले सताउने सम्भावना छ। अरूको काम धेरै गर्नुपर्ला, जस पाउने कमै सम्भावना छ। मंगलबारदेखि धन आर्जन गर्न सकिनेछ।

### वृश्चिक

धनमाल हराउनसक्छ भने प्रतिस्पर्धीहरू बढ्नेछन्। घरेलु समस्याले सताउनेछ। स्वास्थ्य गडबड हुनेछ। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउन सक्छन्। शनिबारदेखि पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने, नयाा काम पाइने एवं मन प्रसन्न रहने योग छ। आफन्तहरूले सहयोग गर्नेछन्। सोच्ने शक्ति बढ्नेछ।

### मकर

खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ। कुरा काट्नेहरू सक्रिय हुनेछन्। मनमा दुविधाले दरिलो डेरा जमाउनेछ। झूटा आरोप पनि लाग्न सक्छ। समयमा निर्णय नहुँदा हात परेको काम पनि फुत्कन सक्छ। सानो विवादले पनि कानुनी रूप लिन सक्छ। लेनदेनमा समस्या आउने भएकाले आर्थिक कारोबारमा अघि नबढ्नुहोला।

### मीन

मान-सम्मान पाइने योग छ। धेरै समस्या समाधान हुनेछन्। महत्त्वपूर्ण जिम्मेवारी प्राप्त हुनसक्छ। धन आर्जन गर्न सकिनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाा काम पाइने योग छ। अध्ययनमा रुचि बढ्नेछ। व्यवसायमा गरेका प्रयास फलदायी रहनेछन्। मंगलबार र बुधबार खर्च, विवाद एवं चिन्ता बढ्ने देखिन्छ।

# मीनपचासमा मेला र महोत्सव

**साप्ताहिक समाचार**

पुस र माघलाई मीनपचास पनि भन्ने गरिएको छ। अंग्रेजी क्यालेन्डरको नयाँ वर्ष र क्रिसमस विश्वमा प्रचलित चाडपर्वहरू हुन्। केही यता नेपालमा पनि यी पर्वहरू मनाउन थालिएको छ। यसै नयाँ वर्षका अवसरमा दर्जनौं कार्यक्रम देशैभरि आयोजना गरिदैछन्।

हिमाली समुदायका मानिसहरूले पनि आफ्नो नयाँ वर्षको पहिलो दिनका रूपमा लोसार पर्व मनाउँछन्। चारवटा लोसार अहिले आ-आफ्ना समुदायले मान्ने गरेका छन्। मनाङमा मात्र मनाइने तोल लोसार यस वर्ष पुस २ गते परेको छ। गुरुङ समुदायको तमु लोसार पुस १ गते मनाइदैछ। यसै गरी सोनाम लोसार माघ २ गते र शेर्पाहरूको लोसार फागुन ३ गते भव्यताका साथ मनाइने भएको छ।

आफ्नो ठाउँमा पर्यटक भित्र्याउन मीनपचास अवधिमा महोत्सव तथा मेलाहरू पनि आयोजना गरिने भएको छ। आन्तरिक पर्यटकहरूलाई लक्षित गरेर यी मेला तथा महोत्सवहरू आयोजित गरिएका हुन्।

धार्मिक स्थलहरूमा मीनपचासको बेला मेला लाग्छ। भक्तपुरको ल्हासापाकेमा मंसिर १७ गते प्रारम्भ भएको मेला श्रीपञ्चमीसम्म लाग्छ। स्याङ्जामा स्याङ्जा महोत्सव क्रिसमसको अघिल्लो दिन पुस ९ गते प्रारम्भ भै पुस १८ गते सम्म चल्छ। पुस ९ गते नै प्रारम्भ हुने बुटवल महोत्सवको ११ औं संस्करण भने पुस २१ गतेसम्म जारी रहनेछ। पुस ९ गते प्रारम्भ हुने अर्को मेला टिकापुर महोत्सव हो, जुन पुस १९ गतेसम्म सञ्चालन हुनेछ। पुस १० गते काठमाडौंमा क्यापिटल एक्सपो नामको पुजी मेला प्रारम्भ हुनेछ। यसै दिन प्रारम्भ हुने गोरखा महोत्सव भने पुस १४ गतेसम्म सञ्चानलन हुनेछ।

पर्यटकको मनोरञ्जनका लागि विगत ६ वर्षदेखि निरन्तर हुँदै आएको हात्तीदौड प्रतियोगिता चितवनमा हुन लागेको छ। चितवनको सौराहा तीन दिनसम्म सञ्चालन हुने दौड पुस ११ गते प्रारम्भ हुदैछ।

पर्यटकीय नगरी पोखरामा पुस १३ गते प्रारम्भ हुने पोखरा स्ट्रिट फेस्टिबल पाँच दिनसम्म चल्नेछ। नयाँ वर्षका अवसरमा युवा पिँढीको मनोरन्जनका लागि यो फेस्टिभल आयोजना गर्न लागिएको हो। सुदूर पश्चिमको दैलेखमा पुस २२ गते प्रारम्भ हुने दैलेख महोत्सव पुस २८ गतेसम्म चल्नेछ।

माघे संक्रान्तिकै दिनदेखि पनौतीमा एकमहिने १२ वर्षे मकरमेला प्रारम्भ हुनेछ। मकर संक्रान्तिकै दिन गुल्मीको त्रिवेणी, सुनसरीको वराह क्षेत्र, सिपाडोलको आशापुरेश्वर महोदेवस्थानमा पनि भव्य मेला लाग्नेछ। यी क्षेत्रमा पर्यटक तथा तीथार्लुको सुविधाका लागि विभिन्न कार्य भैरहेका छन्। यसपालि कास्कीमा हुने लेखनाथ महोत्सवलाई विवाह मेला विशेषका रूपमा मनाउने तयारी गरिएको छ। यो मेला माघ ८ गतेदेखि १० दिनसम्म चल्नेछ। जनकपुरका पर्यटनक्षेत्रको प्रचारका लागि आयोजना गर्न लागिएिको मिथिला महोत्सव माघ २३ गते प्रारम्भ हुनेछ। त्यसैगरी पाल्पाको रामपुर महोत्सव फागुन ६ गतेदेखि १० गतेसम्म आयोजन गर्न लागिएको छ। रामपुरलाई कृषि पर्यटन क्षेत्रका रूपमा विकास गर्ने उक्त महोत्सवको लक्ष्य छ। पाल्पाको तानसेन महोत्सव भने फागुन २१ देखि ९ दिनसम्म चल्नेछ।

# बाहुनडाँगी महोत्सव सम्पन्न

बाहुनडाँगी (झापा)- झापाको ऐतिहासिक तथा धार्मिक महत्त्वको पर्यटकीय स्थल कृष्णथुम्कीमा सञ्चालित सातदिने 'कृष्णथुम्की बाहुनडाँगी महोत्सव' २५ हजारभन्दा बढीले अवलोकन गरेका छन्। महोत्सव आइतबार सम्पन्न भएको छ।

'आन्तरिक व्यापार व्यवसाय तथा पर्यटन प्रवर्द्धन, स्थानीय कृषिजन्य वस्तु र तीर्थस्थलहरूको पहिचान' भन्ने मूल नाराका साथ आयोजित महोत्सवमा नेपाल तथा भारतको दार्जीलिङ, खर्साङ, मिरिक आदि स्थानबाट आएका अवलोकनकर्ताहरू सहभागी भएको आयोजक समितिका अध्यक्ष महेन्द्र मल्लले जानकारी दिए। काँकडभिट्टाबाट १७ किलोमिटर उत्तर इलामसँग जोडिएको कृष्णथुम्कीमा महाभारतकालीन कथा जोडिएको छ। त्यसताका पाँच पाण्डव यहीँ गुप्तबास बसेको जनविश्वास छ। कृष्णथुम्की मन्दिरमा कृष्ण भगवान् र गाईको खुट्टाको डोब अंकित शिला छ।



समुद्री सतहबाट करिब १ हजार ७ सय ५० फिटको उचाइमा अवस्थित थुम्कीबाट नेपाल र भारतको दृश्यावलोकनसमेत गर्न सकिन्छ। महोत्सवमा स्थानीयस्तरमा उत्पादित कृषिजन्य वस्तुका स्टलहरू राखिएका थिए। सर्कस, रोटे पिङजस्ता मनोरञ्जनका साधनसमेत राखिएको महोत्सवमा कलाकारहरू राजेशपायल राई, यम बराल, रोज मोक्तान आदिले सांगीतिक प्रस्तुति दिएका थिए।




# कृषि मेलामा नाचगानको रमाइलो

दाङ- सँधैभरि खेतबारीमा व्यस्त हुने चैलाही-३ देउपुरका कृषक छेदुराम चौधरी आइतबार पुराना खेतीपातीका बीउहरू संकलन गरेर लमही आइपुगे। लमहीस्थित उद्यमशील कृषि बहुउद्देश्यीय सहकारी संस्थाको कृषि उपज केन्द्रमा आफ्ना गाउँघरमा रहेका जडिबुटी तथा तरकारी बाली देखाउँदैमा उनलाई फुर्सद थिएन, तर उनले आफ्ना उत्पादनहरू मात्र देखाएर सुख पाएनन्। मेलामा भैरहेको नाचगानले उनको ध्यान खिच्यो। कृषि मेला भनिए पनि कृषिभन्दा नाचगानकै रमाइलो बढी थियो। त्यसैले उनी प्रदर्शन छोडेर नाचगान हेर्न लागे।

कृषि मेला हेर्न आएका सबैजसोको आकर्षणको केन्द्र बन्यो नाचगान। थारू संस्कृति झल्कने विभिन्न नाचगानले सबैलाई भुलायो। मेला हेर्न आएका स्कुले बालबालिका पनि नाचगानमा साथ दिंदै दिनभरजसो भुलिरहे। नेपाली, हिन्दी तथा पपगीतको धुनमा सबै झुम्मिएपछि विद्यार्थीहरूको पनि जोस नबढ्ने कुरै भएन।

जिल्ला कृषि विकास कार्यालय तथा लिवर्ड संस्थाले पहिलो पटक लमहीमा आयोजना गरेको कृषि मेलालाई गाउँघरमा पाइने विभिन्न जडिबुटी, कृषि सामग्री एवं बीउ-बिजनले शोभायमान बनाएको थियो।



चैलाही-१ चैलाहीका ६२ वर्षीय रामलाल चौधरी आफ्नो समुदायको पुरानो संस्कृति झल्कने सामग्रीका साथ प्रदर्शनीस्थलमा आएका थिए। मेलामा थारू समुदायका पुराना संस्कृति झल्कने सामग्रीहरू पनि राखिएका थिए। चौधरीले कक्कर खाने काठको पुरानो हुक्का, खुट्टामा चप्पलका रूपमा प्रयोग गरिने खरौंजस्ता सामग्री ल्याएका थिए। मेलामा प्रदर्शनी गरिएका स्टलहरूबाट सबैभन्दा उत्कृष्टलाई पुरष्कृतसमेत गरियो। प्रदर्शनीमा चैलाही-९ प्रथम भएको छ। त्यसैगरी वडा नम्बर १ द्वितीय, वडा नम्बर ४ तृतीय भएका थिए।

**–दुर्गालाल केसी**

नेपालको पहिलो तथा १ मात्र मान्यता प्राप्त

Maths/Science/Test नदिई SLC,
१ वर्षमा +2 (NIOS), ६ महिनामा गर्न सकिने
American +2 मा नयाँ भर्ना खुल्यो।



Pratyus Bhandari
Nepal Top 2009

☛ कक्षा ८, ९ फेल भए पनि SLC दिन पाईने ☛ +2, A level फेल भएता पनि १ वर्षमै +2 पास गर्न सकिने ☛ कुनै ५ विषय पास गरे पुग्ने/पास गर्न सजिलो, विश्वभरी मान्यता भएको ☛ नेपाली/अंग्रेजी माध्यममा परीक्षा दिन पाईने ☛ Online पढ्न सकिने ☛ जागिरे तथा गृहिणीले घरमा पढेर परीक्षा दिन सकिने ☛ सरकारी जागिर खान मिल्ने

www.hwhitehouse.edu.np

नोटः भर्ना हुन अगावै सबै कुरा बुझि बुद्धिमानीको परिचय दिऊ।

"Nepal's Largest Open School"
Himalayan White house
Open School

Bagbazar- 4244499
Pulchowk- 5009200
Bhaktapur-2020758



● सम्पादकीय ●

# न्याय देऊ

सुन्तली धामी लामो समयदेखि न्यायको प्रतीक्षामा छिन । मुलुकले विजयादशमीको तयारी गरिरहेका बेला गत असोज ११ गते महानवमीका दिन जिल्ला प्रहरी कार्यालय अछाममा आफ्नै सहकर्मीहरूबाट सुन्तली धामी सामूहिक बलात्कारको सिकार भएकी थिइन् । त्यो मितिदेखि अहिलेसम्म सुन्तली धामी जिल्लादेखि केन्द्रसम्म न्यायका लागि गुहार गरिरहेकी छिन् । उनको आवाज कसैले सुनेको आभास पाउन सकिएको छैन । सुन्तली धामीमाथि मानवता नै लज्जित हुने गरी भएको घटनाले नेपाल प्रहरीको मात्र नभै समग्र नेपालको शिर निहुरेको छ, तर पनि घटनाका दोषीहरूमाथि राज्यले विभागीय कारबाहीबाहेक अहिलेसम्म कुनै पनि किसिमको न्यायिक कारबाही चलाएको समाचार सार्वजनिक भएको छैन । सुरक्षा निकायमा कार्यरत व्यक्तिले सिंगो समाज नै लज्जित हुने गरी घटाएको उक्त घटना बर्बर घटना मानिन्छ । त्यस्तो घटनापछि राज्य जुन किसिमले न्यायका लागि सक्रिय हुनुपर्थ्यो त्यसको छनकसमेत अहिलेसम्म पाउन सकिएको छैन । कतै प्रहरी र प्रशासन उक्त घटनालाई ढाकछोप गरेर दोषीहरूलाई उन्मुक्ति दिने अभियानमा त छैन ? यो प्रश्न अहिले सर्वत्र सुनिन थालेको छ ।

समाजमा अपराध नियन्त्रण गर्न र अपराधीमाथि न्यायिक कारबाही चलाउन प्रहरी सेवाको गठन गरिएको हुन्छ । प्रहरी भन्नेबित्तिकै मानिसहरू सुरक्षाको अनुभूति गर्छन् । यसलाई विडम्बना नै भन्नुपर्छ, समाजमा शान्ति–सुरक्षा कायम गराउन सक्रिय रहनुपर्ने प्रहरीहरू आफ्नै कार्यालयमा सहकर्मीलाई बलात्कारजस्तो जघन्य अपराधको सिकार बनाउँछन् भने उनीहरूबाट जनताले कस्तो सुरक्षाको अपेक्षा गर्ने ? योभन्दा ठूलो प्रश्न जनतालाई सुरक्षाको अनुभूति गराउनुपर्ने निकायमा रहेका व्यक्तिहरू नै बलात्कारजस्तो जघन्य अपराधमा संलग्न हुन्छन् र उनीहरूमाथि सम्बन्धित निकायले विभागीय कारबाहीका नाममा घटनालाई ढाकछोप गर्ने प्रयास गर्नुको आशय के हुन सक्छ ? यी र यस्ता प्रश्नले अहिले नेपाल प्रहरीलाई न्यायको कठघरामा उभ्याएको छ । यदि नेपाल प्रहरी आफ्नै मातहतकी पीडित महिलालाई न्याय दिन सक्दैन भने आमजनताले के अपेक्षा गर्ने ? यो प्रश्नको जवाफ नेपाल प्रहरी, गृह प्रशासन एवं नेपाल सरकारसमेतले दिनुपर्छ ।

समयमै संविधान साप्ताहिक/पाक्षिक पत्रिका राष्ट्रिय सञ्जालको आह्वान।

● चिठीपत्र ●



## संविधानमै जात फेर्न पाउने अधिकार

नयाँ नेपालको प्रारम्भ भएको छ। हिजोको नेपाललाई पुरानो र आजको नेपाललाई नयाा सम्झिने हो भने नेपाल शब्दको एउटा मीठो विशेषणसिवाय अरू कुरामा परिवर्तन नआएको झझल्को मिल्छ। नयाा नेपालमा जातीय समानताको कल्पना गरिएको थियो, तर विडम्बनाको कुरा, जातीय थिचोमिचोमा कुनै परिवर्तन आएको छैन। आज पनि गाउाघरमा दलितलाई बोक्सीको आरोपले दिसा कोच्याउने अपराधले विश्राम लिएको छैन। हिजो हालीमुहाली चलाउनेहरू आज पनि सर्वसत्तामा रम्न पल्किएका छन्। हिजो हेपिएका, दबाइएकाहरू आज पनि आफ्नो निम्न स्तरको जात च्यापेर अभिजात भनाउादाहरूको विभेद सहिरहेका छन्। अब बन्ने नयाा नेपालको नूतन संविधानमा सबै जातजातिले स्वेच्छाले आफ्नो जात फेर्न पाउनुपर्ने व्यवस्था हुनुपर्छ। यस्तो व्यवस्थाबाटै जातीय समस्याको टुंगो लाग्छ।

नेपाल जातीयताको प्रश्नमा चरम शोषण र उत्पीडन हुने मुलुक हो। परिवारको कुनै सदस्यले अन्तर्जातीय विवाह गरे परिवारलाई नै सामाजिक बहिष्कार गर्ने संस्कार यहाँ अझै जीवन्त छ। हलिया, चरिया, देउकी र अरू यावत् सामाजिक कुसंस्कारहरू जातीय असमानताकै उपज हुन्। सभासदहरूले नयाा संविधानका लागि हालै तयार पारेको प्रश्नावलीमा संघियताकै प्रश्न बढी गरियो, जातीय समानताको प्रश्नले सानो ठाउा पनि ओगट्न सकेन।

यहाा देवकोटाले मुनामदनमा कोरेको पंक्ति 'मानिस ठूलो दिलले हुन्छ, जातले हुादैन' को खुब वाचन हुन्छ, तर धेरैजसोमा त्यस पंक्तिको गूढार्थलाई व्यवहारमा चरितार्थ गर्ने हिम्मत र रहर नभएको देखिन्छ।

इतिहासका पानाहरूमा सामन्तहरूको एउटा बोलीबाट जातीय मूल्य-मान्यता स्थापित भएको उल्लेख पाइन्छ। एउटा सामन्तको बोली नै कानुन हुने त्यस समयमा सामन्तहरूले कति जातिलाई पूर्वाग्रहवश सामाजिक निम्नता दिए होला र कतिलाई उच्चता, कल्पना गर्न सकिन्छ। समाजलाई वर्गीय विभाजन गरी अन्याय गर्न पल्किएका सामन्तहरूको उपज हो, आज छरिएका जातहरू।

नेपालमा दलितहरूप्रति बढी नै अन्याय-अत्याचार हुन्छ। सहरीक्षेत्रमा आएको चेतनाको लहरले भेदभावमा केही कमी आए पनि अझै पनि ग्रामीण भेगमा दलित र अभिजातको इनारदेखि लिएर मन्दिरसम्म विभेद देख्न सकिन्छ।

दलितभित्र पनि उपल्ला दलितले तल्ला दलितलाई शोषण गर्ने परम्परा छ। दलितभित्र पनि स्तरको मूल्यांकन भै, इनार विभाज्य गर्ने परिपाटी विरोधाभासका रूपमा देखिन्छ। दलित र दलितबीचको ध्रुवीकरण आजको आवश्यकता हो। उपल्ला दलितले तल्ला दलितलाई दिने शुभेच्छा, सहयोग र सहानुभूतिमै समाजका अभिजात वर्गसागको वर्गीय संघर्ष सम्भव छ।

नेपालका माथिल्ला पदहरूमा दलितहरूको न्यून उपस्थितिले पनि यो प्रश्नलाई राज्यले बेवास्ता गरेको हो कि जस्तो पनि देखिन्छ। नेपालका राजनैतिक पदहरूमा दलितहरूको उपस्थिति पातलो छ। विगतका संसदीय निर्वाचनको तुलनामा संविधानसभामा बढी नै दलित चुनिएर गएको भए पनि शताब्दीदेखि दबिादै आएको मानसिक कुण्ठाले छोडेको छैन। दलितभित्र पनि योग्य र शिक्षित दलितहरू छन्, तर त्यस्ता दलितहरूको संविधानसभामा प्रतिनिधित्व खट्कियो। केही प्रतिनिधि दलितहरूको शैक्षिक स्तर ज्यादै निम्न छ, फलस्वरूप संविधानमा उनीहरूले त्यति हस्तक्षेप गर्न सकेका छैनन्।

दलित प्रतिनिधित्व संविधानसभामा ८ दशमलव ३१ प्रतिशत भएको छ। यो कम संख्या होइन। त्यसैले दलितका प्रतिनिधिहरूले आज आवाज उठाउनैपर्छ। नेपाली सामाजिक परिवेशमा गाली गर्नुपरे निकृष्ट र दलितहरूको जात किटेर गाली गर्ने परम्परा छ। यी जातीय विभेद सृजना गर्ने भाषा र शब्दको विरुद्धमा पनि दलितहरूले आवाज उठाउनु आवश्यक छ। नयाा नेपालमा कोही पनि जातका आधारमा निम्न र उच्च हुने परिपाटीको अन्त्य हुनुपर्छ। जातीयताभन्दा माथि उक्लिए मात्र देश विकास सम्भव हुन्छ।

दलित र अभिजातको मानवीय संरचनामा कुनै भिन्नता छैन। अभिजातको शरीरमा रातो रगत बहेर दलितको नसामा कालो रगत प्रवाह हुने पनि होइन, रगत र रगतको बीचमा कुनै भिन्नता छैन भने पानीलाई विभाज्य गर्नुको कुनै तुक छैन। अब बन्ने नयााा नेपालको संविधानमा सबै जातजातिले स्वेच्छामा आफ्नो जात फेर्न पाउनुपर्ने अधिकार हुनुपर्छ। जातका आधारमा श्रेष्ठता होइन, कामका आधारमा मूल्यांकन हुने रीत थालिनुपर्छ।

**प्रेमकृष्ण श्रेष्ठ, कीर्तिपुर**

● तीतो सत्य ●

● हाँसो र हर्षको अन्त्य शोकमा हुन्छ।

● सम्पत्तिले मानिसलाई शत्रुबाट बचाउन सक्छ तर डरबाट मुक्त गराउन सक्दैन।

**भूपाल माखिम**

● धेरै सुन्दर हुनु पनि नराम्रो हो किनभने राम्रो फूलको सधै हत्या हुन्छ।

● भरिएको पेटले इच्छापूर्वक अध्ययन गर्दैन।

● शंकालु व्यक्ति सधैं दुःखी हुन्छ।

● जब मानिसले मृत्युलाई स्वीकार्छ तब ऊ सबै किसिमको डरबाट मुक्त हुन्छ।

**छविलाल खनाल**

● बोलीमा भन्दा व्यवहारमा सुन्दरता प्रस्ट हुन्छ।

● धेरै पढेर थोरै ज्ञान लिनुभन्दा थोरै पढेर धेरै ज्ञान लिनु उत्तम मानिन्छ।

● कल्पना र सपनामा हराउनुभन्दा यथार्थमा जिउनु राम्रो हुन्छ।

● बिना परिश्रम कमाएको धनले मनलाई शान्ति दिँदैन।

● रोग लागेर उपचार गर्नुभन्दा रोग नै लाग्न नदिनु राम्रो हुन्छ।

**प्रवीण ज्ञवाली**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ।*

*–सम्पादक*

● सहर चर्चा ●



पूर्वका एफएमहरूमा रेडियो नाट्य अभियान

उनी पेसाले सञ्चारकर्मी हुन्, तर यतिबेला उनको परिचय फेरिएको छ। इटहरीका प्रेम वास्तोला एफएम रेडियोमा विभिन्न भाषाको नाटकलाई अभियानका रूपमा अघि बढाउँदै हिंडेका छन्। उनको अभियान वीरगन्जदेखि इलामसम्म विस्तारित भएको छ। नाट्कमार्फत् उनी विकाससँगै सुशासन कायम गराउँदै शान्ति अभियानलाई सार्थक बनाउन केन्द्रित छन्। नमस्ते, सप्तकोसी आदि एफएमबाट प्रसारण हुने उनका कार्यक्रम श्रोतामाझ प्रिय छन्। नागरिक तथा स्थानीय सरकारलाई चेतना दिने छलफल काका एवं प्रगति दिदीबीचको लघु नाटकमा उनले छलफल काकाका रूपमा अभिनय गर्दै आएका छन्।

२०५५ देखि नाटक अभिनय, निर्देशन गरेका बाँस्तोला रेडियो नाटकमा २०६६ सालदेखि लागेका हुन। उनी यतिवेला मैथिली भाषाको धारावाहिक रेडियो श्रृंखला 'सङोर' निर्देशन गरिरहेका छन्। पूर्वी तराई-मधेसमा रहेका युवा र शान्ति प्रक्रियामा केन्द्रित नाटक ४० भागको छ। नाटक वीरगन्जदेखि सुनसरीसम्मका सात रेडियोबाट प्रसारण भैरहेको छ।

● मोडल वाच ●



## सुशीलाको
### म्युजिक भिडियो रहर

बल्खु, काठमाडौंकी स्थायी बासिन्दा सुशीला विगत एक वर्षदेखि नेपाली मोडलिङमा रमाइरहेकी छिन्। कालीमाटीस्थित एक कलेजमा कक्षा १२ मा अध्ययनरत सुशीला मोडलिङको विधिवत् प्रशिक्षणपछि यो क्षेत्रमा आएकी हुन्। केही महिनाअघि राजधानीमा सम्पन्न 'मिस्टर एन्ड मिस काठमाडौं' प्रतियोगितामा सहभागी भएपछि उनको मोडलिङ यात्राले गति लिएको छ। उक्त प्रतियोगितामा 'मिस फिगर' को शीर्ष उपाधि जितेपछि सुशीलालाई आफू स्थापित मोडल हुने कुरामा आत्मविश्वास बढेको छ। ५ फिट ३ इन्च अग्ली सुशीला भन्छिन्– 'राम्रो मोडल हुनका लागि आत्मविश्वास तथा राम्रो फिगरको आवश्यकता हुन्छ। पहिलो प्रतियोगितामै मिस फिगरको उपाधि जितेपछि ममा आत्मविश्वास बढेको हो।' म्युजिक भिडियोमार्फत आफ्नो अभिनय गर्ने रहर पूरा गर्ने योजना १८ वर्षीया सुशीलाको छ। वन पिस पहिरन लगाउन रुचाउने सुशीलाका आकर्षक तस्विरहरु इकलेजमोडल डटकममा हेर्न सकिन्छ।

● मुखाले ●

माओवादीले एकतर्फी रूपमा संविधानसभाले घोषणा गर्ने काम गरेर देशलाई तहसनहस पार्न खोजेको छ।

**शेरबहादुर देउवा**

नागरिक सर्वोच्चता सत्ता भऱ्याङको पोस्टर हो।

**मणि थापा**

जातीयताका आधारमा राज्य कुनै पनि हालतमा हुन सक्दैन, यदि भयो भने घातक हुन्छ।

**झलनाथ खनाल**

हामीले गणराज्यको घोषणालाई व्यवहारमा कार्यान्वयन गरेर देखाएका छौं। यो घोषणा अन्तरिम संविधानअनुरूप नै छ।

**सीपी गजुरेल**

गणराज्य घोषणाको कार्यक्रमप्रति कसैले अवरोध गर्छ भने माओवादी कडा रूपमा प्रस्तुत हुनेछ।

**हेमन्तप्रकाश ओली**

दुभाग्यवश राजनैतिक दलहरूले क्षेत्रीय मुद्दा उठाएर मुलुकलाई विभाजनतिर लग्दैछन्।

**डिलाराम आचार्य**

जनजातिको पहिचान र अधिकारका लागि उठाइएका मागलाई बदनाम गराउन विभिन्न खेल भएका छन्।

**पासाङ शेर्पा**

मलाई लभ गरी हिंड्ने फुर्सद छैन।

**रामकुमारी झाक्री**

सेक्सप्रति मेरो धारणा नकारात्मक छैन।

**अजिता सिंह, कलेज एम्बेसडर**

# यौन सन्तुष्टिका लागि विपरीतलिंगीको आवश्यकता छैन

२६ वर्षअघि आमाबुबाले उनको नाम मनु राखेका थिए। दुई छोरापछि एउटी छोरी जन्मिएकाले घरमा लक्ष्मीको आगमन भयो भन्दै छर-छिमेकले बधाई दिए। यद्यपि उमेर बढ्दै गएपछि उनले बालिकाले लगाउने पहिरन अस्वीकार गर्न थालिन्। जामा वा फ्रकभन्दा हाफ पाइन्ट र पाइन्ट लगाउन थालेपछि उनका आमाबुबा झस्किन थालेका थिए। स्कुल पढ्न थालेपछि ती बालिका केटाको सिटमा बस्न थालिन्। कपाल कोरेर दुईतिर रिबन बाटिद्दिदा उनी रोएर जात्रा गर्थिन्। स्कुल नपुग्दै रिबनको गाँठो फुस्काउँथिन्। १३ वर्षको उमेरमा उनले आमा-बुबासँग आफू जन्मले केटी भए पनि स्वभावले केटा भएको बताउँदा उनीहरूले त्यसलाई हाँसोमा उडाएका थिए। अहिले उनले आफूलाई सुमन तामाङका नाममा पुरुषको पहिचान दिएका छन्। गत साता भएको मिस्टर पिंक प्रतिस्पर्धामा पुरुषकै भेषमा मिस्टर पिंकको उपाधि जितेपछि तामाङले भने, 'वर्षौंदेखि म आफूलाई पुरुष प्रमाणित गर्ने प्रयास गर्दै थिएँ, यो उपाधिले मलाई पुरुष भएर बाँच्न सजिलो बनाएको छ।'



सुमन तामाङ, मिस्टर पिंक नेपाल

**तपाईं पुरुष कि महिला ?**

म पुरुष हुँ। सजिलोका लागि तपाईं मलाई तेस्रोलिंगी भन्न सक्नुहुन्छ।

**शारीरिक अंगले तपाईं महिला भएर जन्मनुभयो, आफूलाई पुरुष भनेर दाबी गर्दा अप्राकृतिक भएन ?**

संसारमा कुन कुरा प्राकृतिक हो र कुन अप्राकृतिक हो भन्ने परिभाषा भिन्न हुनसक्छ। मेरो विचारमा मैले महिलाको अंग लिएर जन्मनुचाहिँ अप्राकृतिक हो। कारण मेरो भावना, सोच सबै कुरा पुरुषसँग मिल्छ। यदि मलाई कसैले महिला भन्यो भने जिस्काएको वा हियाएको जस्तो लाग्छ। उदाहरणका लागि कुनै पुरुषलाई तँ महिलाजस्तै छस् भन्दा जसरी रिस उठ्छ, मलाई पनि त्यस्तै हुन्छ।

**तपाईंले आफूलाई कहिले पुरुषका रूपमा पाउनुभयो ?**

म को हुँ भन्ने थाहा हुनुभन्दा अघि नै म पुरुष थिएँ। कारण मैले कहिल्यै पनि महिलाले लगाउने फ्रक लगाइनँ। मलाई सेन्डल होइन, स्पोर्टस् मन पर्थ्यो। दसैंमा फ्रक लगाइदिँदा म दिनभर-रातभर रोएको अहिले पनि सम्झन्छु। स्कुलमा केटीको सिटमा बस्दा काउकुती लाग्थ्यो, त्यसैले केटासँग बस्थें, तर झापाको एउटा ग्रामीण स्कुलमा मलाई जबरजस्ती केटीसँगै बसाइन्थ्यो।

**अभिभावक, शिक्षक एवं साथीभाइले केटीका रूपमा व्यवहार गर्दा तपाईंको मनमा के कुरा खेल्थ्यो ?**

म एक्लै रुन्थें। म किन यस्तो भएको होला, मलाई किन भगवानले केटीको अंग दिएका होलान् ? सायद अघिल्लो जुनीमा कुनै पाप पो गरेको थिएँ कि ? भन्ने लाग्थ्यो। संसारमा म मात्र एक्लो व्यक्ति हुँ भन्ने लाग्थ्यो। यसले मलाई आत्महत्या गर्न उक्साउँथ्यो।

**सबैले केटी सम्झिएका बेला आफूलाई कहिल्यै युवती बनाउने प्रयास गर्नुभयो ?**

मेरो मनले कहिल्यै पनि म आफू केटी हुँ भन्ने कुरा स्वीकार गर्न सकेन। कुनै बेला कुर्ता-सलवार वा सेन्डल लगाउनुपर्‍यो भने मन रुन्थ्यो। म पुरुष भएर पनि किन यो समाज मलाई सेन्डल लगाउन बाध्य पार्छ भन्ने सोच्थें। त्यस्तो बेला म चुरोट-रक्सी पिउँथें। दुई-चार दिन घर छाडेर बाहिर जान्थें। त्यसपछि मन शान्त हुन्थ्यो।

**आफूलाई पुरुष प्रमाणित गर्न चुरोट-रक्सी पिउन जरुरी थियो ?**

केही हदसम्म थियो। किनभने समाजका धेरैजसो युवा रक्सी-चुरोट पिउँथे। महिलाहरू विशेषत: युवतीहरू लजालु, शान्त एवं दुर्व्यसनबाट टाढा थिए। तैपनि मैले आफूलाई पुरुष प्रमाणित गर्न चुरोट-रक्सी पिएको होइन। मैले जति साथी बनाएँ, ती सबै केटा थिए। उनीहरूमध्ये धेरै चुरोट-रक्सी पिउँथे। उनीहरूको संगतले पनि चुरोट-रक्सी पिएँ। आफूलाई पुरुष प्रमाणित गर्न कराँते सिकेर ब्लाकबेल्ट भएँ। डोजो खोलेर केटाहरूको गुरु भएँ। आफ्नो शरीरलाई चुनौती दिन मैले कराँतेमा केटाहरूलाई हराएँ। यसो गर्दा मलाई पुरुष भएको अनुभूति हुन्थ्यो।

**महिला भएर पनि आफूलाई पुरुष मान्नु मनोवैज्ञानिक रोग हो भन्नेहरूलाई तपाईं के भन्नुहुन्छ ?**

समलैङ्गिकता रोग होइन भन्ने कुरा सन् १९७० मा अमेरिकी साइकोलोजिकल एसोसिएसन तथा अमेरिकन मनोचिकित्सक संस्थाले संयुक्त रूपमा स्वीकार गरिसकेका छन्। सन् १९९० मा विश्व स्वास्थ्य संगठनले पनि समलैंगिकता रोग नभएको पुष्टि गरिसकेको छ। विश्वका चर्चित मनोवैज्ञानिक संस्था तथा विश्व स्थास्थ्य संघठनले पुष्टि गरिसकेको कुरालाई कसैले मनोवैज्ञानिक रोग भन्छ भने त्यो व्यक्तिको अज्ञान हो। यस्ता व्यक्तिलाई अज्ञानीबाहेक अरू के भन्न सकिन्छ र ?

**केहीअघि भारतको सर्वोच्च अदालतले समलैंगिकतालाई वैधानिकता दिँदा चर्चित योगगुरु रामदेवले प्राणायाम र योगले महिलामा बढी भएको पुरुष हार्मोन र पुरुषमा बढी भएको महिला हार्मोन कम गर्न सकिने दाबी गरेका थिए। तपाईं आफैंले शारीरिक रूपमा महिला भए पनि पुरुष हार्मोन बढी भएको कुरा स्वीकार गर्नुभएको छ, यसमा के भन्नुहुन्छ ?**

योग र प्राणायामले म महिला हुन्छु भन्ने कुरालाई स्वीकार गर्न सक्दिनँ। म महिला नै होइन भने मलाई कसैले कसरी महिला बनाउन सक्छ ? जो समलिङ्गी छ, उसैलाई मात्र यसको पीडा थाहा हुन्छ। यस्ता कुरा आफूलाई चर्चित बनाउन गरिएको हुनसक्छ। पहिले मनोवैज्ञानिक चिकित्सकहरू पनि यस्तै कुरा गर्थे। अहिले उनीहरूले सार्वजनिक माफी माग्दै यो कुरा सच्याएका छन्। अरूले पनि सच्याउँछन्।

**यदि कसैले तपाईंलाई महिलाकै जीवनमा फर्काउन चाहन्छन् भने त्यो अभियानमा तपाईं संलग्न हुनुहुन्छ ?**

म हुन्नँ। जब म पुरुष हुँ भने कसरी महिला बन्न चाहन्छु ? के तपाईं महिला हुन चाहनुहुन्छ ? तपाईं एउटी साँच्चैकी महिलासँग सोध्नुहोस्, उनी पनि पुरुष बन्न चाहन्नन्। एउटी महिलामा पुरुषको अंग प्रत्यारोपण गर्न वा पुरुषमा महिलाको अंग प्रत्यारोपण गर्न सजिलो छ, तर प्राकृतिक स्वभावलाई परिवर्तन गर्न सकिँदैन। यो सन् ७० मै प्रमाणित भैसकेको छ। त्यसैले यस्ता विषयमा बहस गर्न सकिएला, तर परिवर्तन असम्भव छ।

**तपाईंले केही वर्षअघि एउटी महिलासँग विवाह गर्नुभएको छ, शारीरिक रूपमा दुवै समानलिङ्गी भएपछि त्यो विवाह सफल हुन्छ ?**

विपरीत लिङ्गीहरूबीचको विवाह पनि असफल भएका लाखौं उदाहरण छन्। यसको अर्थ विवाह भनेको विपरीतलिङ्गीबीच मात्र हुन्छ र त्यस्ता विवाह मात्र सफल हुन्छन् भन्ने कुरा असफल भैसकेको छ। विश्वका २० प्रतिशत विपरितलिङ्गीहरू

पृष्ठ २५ मा जारी

३ ईन्च सम्म उचाई बढाउने
Height Plus
१०५० पर्ने Japani Yoko Free मा अन्तर्राष्ट्रिय होलोग्राम प्राप्त ।
जाँड रक्सी र चुरोटको कुलत थाहै नदिई छुटाउने
यौन शक्ति उत्तेजना नहुने, शीघ्रपतन रोक्ने, लिङ्गको साईज बढाउने Herbal product को साथमा ।
Japani Oil
मोटोपना घटाउने तौल बढाउने १२ Kg सम्म
Breast बढाउने, घटाउने र टाईट गर्ने।
तुरुन्त केश झर्न रोकी उमार्ने ।
१००% ग्यारेन्टि ०% साईडइफेक्ट
फ्रि होम डेलिभरी
Gorkha Herbal
Hotline: 4282138, 9841079654 9851026391 चितवन: 9845279326

+2/SLC एक बर्षमै
भारतको सरकारी NIOS Delhi Board मा
Math/Sci नदिई पांच विषयमात्र दिई SLC
SLC पास भई १ बर्ष ग्याप भए एक बर्षमै +2
६ महिनामै American +2
KANTIPUR INTL OPEN EDUCATION
NECA
New Baneshwor KTM, Nepal
Ph:2044082, ,2042831

After +2 ?!
Admission Open
CA Foundation & Inter Level
Classes Start: December 1, 2009
HURRY UP
Seats are Limited
प्रिमियर CA
Be a CA with BBS
PREMIER COLLEGE ESTD 2000
New Baneshwor, Kathmandu
Wing-1, Tel: 4785198, 4784738, 2040467
(Infront of BICC Southern Gate)
Wing-2, Tel: 4467468, 016207877
(Near to old Shivadarshan Cinema)

"Freedom for Learning
के तपाई Math, Science /Test नदिई S.L.C. तथा ८ महिना मा +2 पास गर्न चाहानु हुन्छ ?
यदि चाहनु हुन्छ भने NIOS Board मा Sept. 2010 को लागि भर्ना खुल्यो !
विदेश पढ्न जान सजिलो ।
NIOS का बिशेषताहरू:
→5 Subjects पढे पुग्ने ।
→Class 10 मा Math, Science तथा Test दिनु नपर्ने ।
→नेपाल तथा World wide मान्यता ।
→नेपालीमा पनि Exam दिन पाइने ।
→SLC पास गरेको १ वर्ष Gap भए सिधै +2 पढ्न पाईने ।
→Nepal Goverment, HSEB र TU द्वारा Equivalent
→6/6 महिनामा Exam दिन पाईने । →नेपालीबाट पनि Exam दिन पाईने ।
Tuition Classes are also available for April 2010 of Eng., Eco., B/s, A/c.
WISDOM EDUCATION FOUNDATION
4238086/2340337 Bagbazar (एसिया पब्लिकेशनको अगाडि)

SLC/+2 फेल? No चिन्ता !
www.himalayan.edu.np
९ महिनामै +2 तथा Science/Math नपढी SLC पास गर्न Delhi Board को 11th Batch र
६ महिना मै पास गर्न सकिने American +2 को 5th Batch मा भर्ना खुल्यो ।
Rojina Kandel Nepal Top-2009
Best option for piloting and abroad study
●कुनै ५ विषय मात्र पास गरे पुग्ने ●TU / KU तथा विश्वभरी मान्यता भएको ●जागिरे तथा गृहणीले घर मै पढेर पनि परीक्षा दिन सक्ने ●नेपाली / English माध्यममा परीक्षा दिन पाईने
Lhakpa R. Sherpa Pilot Course American +2
Himalayan Open College
Old Baneshwor- 4476685 (काठमाण्डौमा हाम्रो अरु शाखा छैन)
Bagbazar- 9721404481 (भक्तपुर बसपार्कको नजिक)
अन्तिम भर्ना

Hellotunes (CRBTs) from DIGITAINMENT
वर्षकै चर्चित एल्बम दर्शन नमस्ते को CRBT download गरी आफ्नो नाम र ठेगाना 5005 मा SMS गरी पठाउनुहोस् र CD जित्नुहोस् ।

| Song | Singer | NT | Mero Mobile | UTL |
|---|---|---|---|---|
| दर्शन नमस्ते | राजेश पायल राई | 0140001695 | 60267 | 7784351 |
| Selly I Love You | राजेश पायल राई | 0140001696 | 60268 | 7784352 |
| ईकु ईकु | राजेश पायल राई | 0140001697 | 60269 | 7784353 |
| चाहे सुख | राजेश पायल राई | 0140001698 | 60270 | 7784354 |
| मन पर्यो | राजेश पायल राई | 0140001699 | 60271 | 7784355 |
| तुँवालो | राजेश पायल राई | 0140001700 | 60272 | 7784356 |
| तिम्रो र मेरो | राजेश पायल राई | 0140001701 | 60273 | 7784357 |
| किन छाड्यौ | राजेश पायल राई | 0140001702 | 60276 | 7784360 |

Recommended Hellotunes

| Song | Singer | NT | Mero Mobile | UTL |
|---|---|---|---|---|
| घटना घट्यो | सुनिल सिंह ठकुरी | 0140002762 | 6021478 | 7785608 |
| छुँदैन | Nepsydaz feat.1974 AD | 0140002786 | 6021510 | 7785639 |
| हिउँ भन्दा चिसो | द युनिटि | 0140002805 | 6021529 | 7785657 |
| मधुर मधुर | मिगंमा शेर्पा | 0140002771 | 6021486 | 7785616 |
| झम झम इस्तकोट | रोज मोक्तान | 0140002239 | 602890 | 7785109 |
| कहिले कस्तो | बुद्ध शाक्य | 0140002623 | 6021357 | 7785480 |
| मुसु मुसु (रिमिक्स्) | संजय श्रेष्ठ | 0140002571 | 6021317 | 7785443 |
| गए मेरा सुनौला दिन | ओखर्ज | 0140001773 | 602364 | 7784683 |

Christmas Hellotunes

| Song | NT | Mero Mobile | UTL |
|---|---|---|---|
| Silent Night (Slow) | 0140002966 | 6021689 | 7785823 |
| Sunya Raat Nepali Version | 0140002967 | 6021690 | 7785824 |
| Jingle Bells Children s Choir | 0140002962 | 6021685 | 7785819 |
| O Come All Ye Faithful Choir | 0140002965 | 6021688 | 7785822 |
| We Wish You A Merry Christmas | 0140002706 | 6021439 | 7785566 |
| Jingle Bells | 0140002707 | 6021440 | 7785567 |
| Joy To The World | 0140002708 | 6021441 | 7785568 |

DIGITAINMENT PVT. LTD.
Chakupat, Patan Dhoka
Ph: 5005530, 2237395
Prismark '09
Audio CD बिजेताहरुको नाम www.digitainment.com.np मा हेर्नुहोला ।



# पढ्ने शैली सफलता प्राप्तिमा प्रभाव

● सागर शर्मा

कलेजमा प्रवेश गरेको दुई-तीन महिनासम्म विद्यार्थीहरू कसरी पढ्ने भन्ने उपयुक्त 'गाइडलाइन' को अभावका कारण दोधारे स्थितिमा रहन सक्छन् । कलेजमा भर्खर-भर्खर छिर्दा विशेषतः सरकारी स्कुलबाट आएका विद्यार्थीहरू आत्तिने तथा एउटा 'फ्याकल्टी' छाडेर अर्कोमा जाने कुरा पनि नयाँ होइन । रजिस्ट्रेसन फर्म बुझाइसकेको स्थितिमा विद्यार्थीहरू रोजेको फ्याकल्टीमै दृढ भएर पढ्नुपर्ने स्थिति उत्पन्न हुन्छ । रजिस्ट्रेसन फर्ममा भरेकै विषय नै विद्यार्थीहरूले अध्ययन गर्नुपर्छ र त्यही विषयको परीक्षामा सामेल हुनुपर्छ ।

सबैको मन साइन्सतर्फ आकर्षित भएको समयमा नेपाली मिडियमबाट आएका विद्यार्थीहरूको पनि यसमा मोह बढेको तथा कलेजको सुरुवातमा आत्तिएका विद्यार्थी धेरै कलेजमा देखिन्छन् । अर्कातर्फ बोर्डिङ स्कुलबाट आएका विद्यार्थीहरू पनि एसएलसी परीक्षामा विशिष्ट श्रेणी आयो भन्दै फुरुङ्ग पर्दैमा व्यस्त भै वर्तमानलाई राम्रोसँग बुझ्न नसक्दा प्लस टुको पढाइले धेरै सताएको पनि यत्रतत्र देख्न पाइन्छ । त्यसैले सफलता प्राप्तिका लागि राम्रो शैली अपनाएर तथा समय-तालिकालाई 'फलो' गरेर नियमित रूपमा पढ्नुपर्छ ।

## विषयलाई सकरात्मक रूपमा लिने

कुनै पनि विषयलाई गाह्रो रूपमा लिइयो भने त्यो सधैं गाह्रै रहन्छ । कुनै पनि साथी वा वस्तुलाई नकारात्मक रूपमा लिन थालियो भने त्यो साथी वा वस्तु आफ्नो नजरमा सधैं नकारात्मक रूपमै रहन्छ । आफ्नो पढाइको विषयलाई पनि सहज रूपमा लिन सकियो भने त्यो कुरा बुझ्न सहज हुन्छ जसलाई पहिलेदेखि नै गाह्रो रूपमा लिन थालियो भने त्यो कुरा सधैं गाह्रो भैरहन्छ, बुझ्न कठिन हुन्छ । ११ कक्षामा भर्ना भएपछि सुरुका केही दिन साह्रै लामा र दिक्क हुने खालका लाग्छन् । स्कुलमा जस्तो न त लामो 'ब्रेक' नै हुन्छ न त साथीहरूसँग रमाइलो नै । पढाएको कुरा पनि नयाँ हुँदा कताकता गाह्रो महसुस हुन्छ । गणित विषयका शिक्षक श्याम अधिकारी आफ्नो पहिलो क्लासमै रमाइलो रूपमा प्रस्तुत हुनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'हेर भाइबहिनीहरू, तिमीहरूलाई पक्कै पनि साइन्स विषयमा सबैजसो कुरा नयाँ देख्दा कसरी पढ्ने होला भनेर चिन्ता लागिरहेको होला । वास्तवमा केही चिन्ता लिनुपर्दैन । सबै कुरालाई पोजिटिभ रूपमा लिन सके सबै सजिलो हुन्छ तर राम्रोसँग पढ्नु भने पर्छ ।' भोलि तिमीलाई एक जना साथीले तिम्रो गालामा झ्याम्म हान्ला, त्यो बेलामा तिमीले नेगेटिभ रूपमा लियौ भने साथीले तिम्रो 'इनसल्ट' गरेको बुझौला तर त्यही कुरालाई तिमीले पोजिटिभ रूपमा लियौ भने साथी आफूसँग धेरै नजिक भएको रहेछ भन्ने लाग्नेछ । त्यसैले म भन्छु 'बी पोजिटिभ' ।' आफ्नो पढाइमा मनोविज्ञानको महत्त्वपूर्ण भूमिका रहने हुँदा सधैं मनोभावलाई सकारात्मक राख्नुपर्छ, नकारात्मक कुराबाट टाढा हुनुपर्छ ।

## अनुशासन र लगनशीलता

गाउँघरका विद्यालयमा बानी परेको अनुशासन आचरण कलेजमा भिन्दै हुन सक्छ । विद्यार्थीहरूले कलेजमा साथिहरूसँग सौहार्द्रतापूर्ण व्यवहार गर्नु आवश्यक हुन्छ । फलस्वरूप अहिले विद्यमान कलेजमा हुने झै-झगडाबाट पनि मुक्त रहन सहयोग पुग्छ । त्यस्तै कलेजको समयमा शिक्षकहरूमा मात्र आफ्नो ध्यान केन्द्रित गर्नुपर्छ जसले गर्दा उक्त दिन पढेको कुरा बुझ्न गाह्रो नपरोस् ।

अर्कातर्फ कलेजमा सबै विद्यार्थी लगनशील एवं मेहनती हुनु आवश्यक हुन्छ । आफूले नबुझेको कुरामा तत्काल शिक्षकसँग समय मागेर सोध्ने बानी बसाल्नुपर्छ । त्यसो नगरिए आफूले नबुझेका कुरा बढ्दै जान्छन् र झन् सोध्न पनि झन्झट लाग्ने स्थिति आउन सक्छ । सानातिना कुरामा आफूभन्दा अलि जान्ने साथीसँग पनि सहयोग लिन सकिन्छ ।

## नियमित पढाइ र गृहकार्य

नियमित पढाइ तथा गृहकार्य विद्यार्थीहरूका लागि एकदम महत्त्वपूर्ण कुरा हो । नियमित रूपमा नपढ्नाले कुनै दिन आफ्नै हातले लेखेको कुरा आफैले बुझ्न नसकेर साह्रै अप्ठ्यारो पर्न सक्छ । कलेज जीवनमा आफ्नो नियमित पढाइलाई पनि महत्त्वपूर्ण गृहकार्यका रूपमा लिनु आवश्यक हुन्छ जसले गर्दा परीक्षामा मात्र किताब-कापी पल्टाउँदा आत्तिनुपर्ने स्थिति रहँदैन । नियमित रूपमा नपढ्नाले परीक्षाको समयमा हतोत्साहित हुने स्थिति आउन सक्छ । त्यसैले नियमित रूपमा पढेर परीक्षाको समयमा 'रिभाइज' मात्र गर्नुपर्छ ।

## सौहार्द्रपूर्ण व्यवहार

साथीहरूसँग प्रगाढ सम्बन्ध बनाउनु एक अर्को महत्त्वपूर्ण पाटो हो, जसले आफ्नो पढाइमा महत्त्वपूर्ण भूमिका खेल्छ । मिलनसार हुँदै साथीहरूसँग राम्रो सम्बन्ध स्थापना गर्न सकियो भने अप्ठ्यारो विषयमा ठूलै सहयोग पुग्न सक्छ । अर्कातर्फ मिल्ने साथीसँग पढाइका बारेमा छलफल गरियो भने उक्त विषयमा कुनै पनि कसर बाँकी रहँदैन र सबै कुरा छर्लङ्ग रूपमा बुझ्न सकिन्छ । शिक्षकले कुनै पनि 'प्रोब्लम' हल गर्नु पहिले आफ्नो दिमाग प्रयोग गरियो भने उक्त विषय लामो समयसम्म सम्झनामा रहन्छ ।

## प्राक्टिकलमा नियमित उपस्थिति

अहिलेको वैज्ञानिक युगमा 'थ्योरिटिकल' कुरासँगै 'प्राक्टिकल' कुरामा ध्यान नदिए कुनै पनि कुरा बुझ्न गाह्रो हुन्छ । त्यसैले कलेज जीवनमा विद्यार्थीहरूले समय-तालिकाअनुरूप धेरै प्राक्टिकल गर्नुपर्ने हुन्छ । प्राक्टिकलसम्बन्धी कार्य गर्ने समयको राम्रो व्यवस्थापन नगरे अध्ययनमा बाधा उत्पन्न हुनसक्छ । प्राक्टिकलको अंकभार पनि धेरै भएकाले आफ्नो नतिजामा प्रत्यक्ष असर पार्ने हुँदा अनुशासित रूपमा प्राक्टिकल कक्षामा एटेन्ड हुनुका साथै सचेत रही दिइएको प्राक्टिकल गर्नुपर्छ । त्यसैले 'प्राक्टिकल वर्क' मा पनि उत्तिकै सक्रिय हुनु आवश्यक छ ।

कलेजको प्रवेश गरेको केही समयसम्म कतिपय विद्यार्थीलाई विभिन्न समस्या आउन सक्छन् । कलेजका साथीहरूसँग घुलमिल हुन पनि गाह्रो पर्न सक्छ तर विद्यार्थीहरू हतोत्साही नभै आफ्नो पढाइमा अग्रसर हुनुपर्छ । यस्ता कुरालाई समयसँगै समाधान गर्दै लानुपर्छ । सफलता प्राप्तिका लागि पढ्ने शैली राम्रो हुनुपर्ने हुँदा उल्लेखित कुरामा सजग रहँदै अघि बढ्नुपर्छ अनि मात्र आफूले सफलता खोज्ने होइन, सफलता आफूलाई खोज्दै आउनेछ ।

# विज्ञान मेलामा विद्यार्थी झुम्मिए

पोखरा- 'सामान टिप्ने र उठाउने रोबोट नै गजब लाग्यो, वेस्ट प्वाइन्ट स्कुलका सुजन सापकोटाले पोखरामा जारी विज्ञान मेला हेरेपछि भने, विद्युत्‌बाट चल्ने यो रोबोटले मनै लोभ्यायो ।' प्रदर्शनी केन्द्रमा बिहीबार सुरु भएको विज्ञान मेलामा उनीजस्तै धेरै विद्यार्थीलाई प्रदर्शनमा राखिएका विज्ञानका सामग्रीले आकर्षित गरेको छ । तीन दिनभित्र ५० हजारभन्दा बढी विद्यार्थीले मेला अवलोकन गरेको आयोजकहरूले बताए ।

तीमध्ये पनि धेरै विद्यार्थीको आकर्षण भने रोबोटमै देखियो । सोलार, ब्याट्री तथा रिमोर्टबाट चल्ने रोबोटले सृष्टि तिमिल्सनालाई पनि भुतुक्कै बनायो । 'उपयोगमा नआएका सामग्रीबाट कस्ता अनौठा रोबोट बन्दा रहेछन्', उनले भनिन्- 'मलाई पनि प्रदर्शनी हेरेपछि रोबोट बनाउने इच्छा जागेको छ ।' प्याब्सन कास्कीले विद्यार्थीको अन्तर्निहित प्रतिभा प्रस्फुटनसँगै सिकाइ प्रभावकारी बनाउन १० वर्षपछि दोस्रो पटक यो मेलाको आयोजना गरेको हो ।

शिक्षण सिकाइमा प्रयोग हुने विज्ञानका नमुना सामग्रीदेखि काठ, धागो, ढुङ्गा आदि विविध सामग्री प्रयोग गरी बनाइएका उपकरणहरू रहेको मेलामा सिद्धान्त र नियमका आधारित वैज्ञानिक खोजहरू पनि छन् । मेलामा धेरै मात्रामा भौतिक शास्त्रसँग सम्बन्धित उपकरण छन् भने जीव, रसायन, भौगर्भिक तथा ज्योतिष शास्त्रसँग सम्बन्धित ३ सयभन्दा बढी सामग्री रहेको मेला संयोजक नन्दलाल त्रिपाठीले जानकारी दिए ।

मेलामा ५३ वटा विद्यालयका विद्यार्थीका सामग्रीलाई उत्कृष्टताका आधारमा पुरस्कृत गरिएको छ । प्रतियोगितामा ग्लोबल कलेजियट स्कुल उत्कृष्ट ठहरिएको छ । त्यस्तै टप्स उच्च मा.वि. द्वितीय र विद्यानिकेतन उच्च मा.वि. विरौटा तृतीय भएका छन् । अप्रतियोगीका रूपमा पश्चिमाञ्चल इन्जिनियरिङ कलेज लामाचौरका विद्यार्थीहरूले तयार पारेका विभिन्न थरी रोबोटदेखि कसरी सवारी साधन गुड्छ भनेर जानकारीका लागि राखिएका इन्जिनको प्रदर्शनी पनि थियो । सोलार सिस्टमबाट चल्ने कारदेखि गाडीका इन्जिनहरूको पार्ट राम्रो लाग्यो, फिस्टेल एकेडेमीका विद्यार्थी सन्तोष बरालले बताए ।

मेलामा रोबोट मात्र होइन, स-साना थर्मोमिटरदेखि रसायन प्रयोग गरेर साबुन बनाउने प्रविधि, भू-उपग्रह, घुम्तीबाटोमा दुर्घटना कम गराउने प्रविधी, पानीबाट चल्ने हाइड्रोलिक डोजर तथा मानव अस्थिपञ्जरमा पनि विद्यार्थीहरूको चासो देखियो । विज्ञान सबैका लागि आज र भोलि भन्ने नाराका साथ आयोजित मेलामा ६ लाख खर्च भएको बताइन्छ ।

– शिव शर्मा

+2/SLC ९ महिना मै
❒ ९ महिना मै +२ पास गर्न चाहानुहुन्छ ?
❒ ८,९,१० पास नगरी SLC दिन चाहानुहुन्छ ?
❒ Maths/Science साथै Sent up नदिई SLC पास गर्न चाहानुहुन्छ ?
❒ SLC/+2 मा ५ विषय पढे पुग्ने ।
❒ जागिरे/गृहिणीहरुले घरमै बसी पढ्न सक्ने ।
❒ TU/HSEB/KU तथा विश्वभर मान्यता प्राप्त ।
❒ Nepali/English भाषामा परीक्षा दिन सकिने ।
पाथ-फाईन्डर ग्लोबल एजुकेशन
पुतलीसडक चोक, काठमाडौं (रिपोटर्स क्लबको अगाडि) 01-2005077

नयाँ! Protein Hair®
अभूतपूर्व अब नेपालमा उपलब्ध




* नयाँ PROTEIN HAIR पुनःस्र्थापन - रू. १८,000/-
* पुरानै प्रविधिको - रू. ११,५00/-
* नयाँ PROTEIN HAIR प्रयोग गर्न चाहनु हुन्छ भने तपाईंको पुरानो प्रविधिको कपाल पुनःस्र्थापन हामी किन्ने छौं । (यो सिनामंगलको ग्राहकलाई लागु हुने छैन ।)
फोन: ४११0७३३ | सम्पर्क सिंह
प्रोटिन हेयर डिजाईन काठमाडौ
प्रोटिन हेयर डिजाईन काठमाडौ प्रा.लि. (सुन्दर सिंहको ब्यवस्थापनमा)
सिनामंगल-९, पो.ब. २0३९७, ब्लु होस्टेल बिल्डिङ्ग, काठमाडौं
मोबाइल : ९८५१0-६७५४0 (सिंह) E-mail: KATHMANDU@EASYHAIRGROUP.COM

होटल तालिम विशेष छुटमा 2003 मा स्थापित
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक
Worldwide valid Certificate
Japan, UK, Australia, Canada, Europen देशमा Working Visa, Student Visa मा जानेलाई Part time & Full time job को लागि SPECIAL CLASS भैरहेछ ।
COOK, WAITER, Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy etc.
ATHTIN बाट स्विकृत प्राप्त
➽ ३ महिने कुकमा FREE ENGLISH LANGUAGE
➽ थप Industrial Training लाई Star Hotel मा पठाइने
➽ आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
➽ जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने ।
➽ Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम
Vissa Processing for Aboard Study U.K. Australia
र्‍याडीसन होटल ट्रेनिङ्ग सेन्टर — बागबजार,पि.के.क्याम्पसपछिको दोस्रो घर रत्नपार्क तर्फ 4247165, 2200889, 9841-891131
साहारा होटल तालिम सेन्टर (Sahara School of Hospitality Mangement and Toursim Nepal) नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, ओखरबोट मार्ग 2040782, 016200757, 98510-93629
र्‍याडीसन होटल तालिम सेन्टर — नयाँ बानेश्वर, BICC को पानी ट्यांकी अगाडी 4464720, 9841-891131, 98510-93629

Learn to Speak English
★2 & 3 Months Packages
★Special & Speaking Course
★Audio & Visual in American & British Tone
★Situational Conversations
★विदेश जाने र जान्दै नजान्नेलाई विशेष कक्षा
Japanese/ Hebrew/ Korean/ Chinese/ French/ Spanish/ German IELTS/ Visa / Job Interview Pre.
OASIS Language Centre
Golkopakha, Thamel
4359170

होटेल तालिम मोडर्नमा
Switzerland & UK बाट अनुभव प्राप्त गरी ३0 अनुभवका प्रशिक्षक द्वारा पनि प्रशिक्षण दिईन्छ
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver, Domestic Helper तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center Pvt. Ltd. महाराजगञ्ज बसुन्धरा पुल· Ktm
Ph:- 4363215, 9721315801

ENGLISH LANGUAGE TRAINING
छिटो अनि राम्रोसँग American Method मा सिकाइने १ मात्र English, Japanese, Spanish, Chinese, German तथा French Language Training संचालन गरिँदैछ ।
३ महिना भित्र राम्रोसँग बोल्न सक्ने बनाउने विश्वास दिलाउछौं ।
BUD LANGUAGE INSTITUTE
जमल रानी पोखरी, विश्वज्योति हलसँगै
Tel :- 4249576

निशुल्क होटलतालिम
वेटर/वेट्रेस
साथमा रु 3000/- भत्ता
☞ उत्कृष्टलाई ७ देखि १० हजार सम्मको जागिरको व्यवस्था
साथै विदेश जानेहरुको लागि स्पेशल कोर्षको व्यवस्था:-
जस्तै ★Cook ★waiter/ss ★Bartender ★Coffee Making ★House Keeping
★साथै अन्य कोर्षहरु विशेष छुटमा धमाधम भर्ना
Wisdom Hotel Training Center
Kalimati Chowk
Phone N.: 01-6223587, 01-4277104, 9841032377


होटल तथा कुकिङ्ग तालिम
प्रत्येक महिनाको पहिलो र तेस्रो हप्तामा नयाँ तालिम शुरु

| | |
|---|---|
| बेकरी | बिहान ९:00 बजे |
| इण्डियन कुकिङ्ग | बिहान १0:00 बजे |
| चाइनिज कुकिङ्ग | दिउँसो ११:00 बजे |
| कन्टिनेन्टल कुकिङ्ग | दिउँसो १२:00 बजे |
| इटालियन कुकिङ्ग | दिउँसो १:00 बजे |
| बेकरी | दिउँसो २:00 बजे |
| स्वादिष्ट अचारहरु | साँझ ३:00 बजे |

कुक, वेटर, हाउसकिपिङ्ग, बारम्यान, बेलब्वाई (स्पेशल कोष सहित)
कुपण्डोल, बस स्टप हनुमानस्थान र कानदेवस्थानको बिचमा
५५३६0५७, ५५२३0८२
९८४१२0८७४९

# कायने भइन् मिस वर्ल्ड




काठमाडौं– दक्षिण अफ्रिकाको जोहान्सबर्गमा गत शनिबार सम्पन्न एक भव्य प्रतियोगितामा युरोपेली मुलुक जिब्राल्टरकी कायने उल्दोरिना वर्ष २००९ का लागि मिस वर्ल्ड छनौट भइन् । उनले विश्वभरिका सुन्दरीले विश्वसुन्दरीको मुकुट पहिरिएको यो पहिलो अवसर हो ।

'अब भने मैले केही गरेर देखाउने अवसर पाएकी छु, २३ वर्षीया एल्दोरीनोले भनिन्– 'मैले पाएको अवसरलाई सदुपयोग गर्नेछु ।' एल्दोरीनोलाई २००८ की





मिस वर्ल्ड सिनिया सुखिनोवाले मुकुट पहिराइदिएकी थिइन् । पेसाले कार्यालय सहायक एल्दोरिनो विजेता घोषित हुँदा उनको आँखा आँसुले रसाएका थिए । विजेता भएपछि उनले पहिलो प्रतिक्रिया दिँदै भनिन्– 'धन्यवाद दक्षिण अफ्रिका, यो मेरो जीवनकै सबैभन्दा महत्त्वपूर्ण क्षण हो ।' मिस वर्ल्डको निर्णायक प्रतिस्पर्धा हुनुभन्दा दुई साताअघि एल्दोरिनो स्विमसुट प्रतियोगितामा 'मिस बिच वेयर' को उपाधि जितेकी थिइन् । उक्त

१ सय ११ जना प्रतियोगीलाई पछि पार्दै विश्वकै सम्मानित सुन्दरी प्रतियोगिताको विजेता बन्ने सौभाग्य पाएकी हुन् ।

मिस मेक्सिको पेरला बेल्ट्रान एकोस्टाले प्रतियोगितामा फस्ट रनर्सअपको उपाधि जितिन् भने आयोजक दक्षिण अफ्रिकाकी तातम किश्वारले सेकेन्ड रनर्सअपको उपाधिमा चित्त बुझाइन् । विश्व सुन्दरीका रूपमा आफ्नो नाम घोषणा भएलगत्तै एल्देरीनाले आफ्नो देशलाई सम्झिएकी थिइन् । जिब्राल्टरबाट कुनै पनि



उपाधि जितेलगत्तै उनी चर्चामा आएकी थिइन् । विजेता भैसकेपछि पनि उनले आफ्नो भावी योजनाका बारेमा भने केही बताएकी छैनन् ।

कायने भन्छिन्– 'अब जे गर्छु त्यो राष्ट्रकै लागि गर्नेछु ।' दक्षिण अफ्रिकाको परम्परागत वाद्यवादन तथा नृत्यमार्फत प्रारम्भ भएको मिस वर्ल्ड प्रतियोगिताको भव्य आयोजनालाई टेलिभिजन च्यानलमार्फत प्रत्यक्ष प्रसारण गरेर विश्वभरिका दर्शकमाझ पुऱ्याइएको थियो ।

जिब्राल्टर बेलायतको अधीनमा रहेको एउटा सानो देश हो । यसको जनसंख्या नै ३० हजारभन्दा कम रहेको बताइन्छ । बेलायतको भूभाग भए पनि सुन्दरी प्रतियोगितामा भने यसलाई अलग्गै प्रतिनिधित्वको सुविधा उपलब्ध गराइएको थियो । प्रतियोगितामा नेपाली सुन्दरी जेनिशा मोक्तानले नेपालको प्रतिनिधित्व गरिन् । भारतीय सुन्दरी पूजा चोपडाले प्रतियोगिताको शीर्षक उपाधि 'ब्युटी विद द पर्पज' जितिन् ।

यसबीच गरिबहरूको आधारभूत आवश्यकता पूरा गर्न नसकिरहेको बेला १ करोड २० लाख अमेरिकी डलर खर्च गरेर मिस वर्ल्ड प्रतियोगिता आयोजना गरेको भन्दै दक्षिण अफ्रिकी सञ्चारमाध्यमहरूले जोहन्सबर्ग प्रशासनको आलोचना गरेका थिए । आगामी वर्षको मिस वर्ल्ड प्रतियोगिता भियतनाममा हुँदैछ ।

for U.K./JAPAN/CANADA goers...
होटल तालिम
कुक ३० दिन | बेकरी १५ दिन | बारम्यान १५ दिन
वेटर/वेट्रेस ३० दिन | कफि मेकिङ्ग १५ दिन
KMDC Koteshwor
(Kamana Manpower Development Center)
4601878/4600335

Language / Computer
English: Elementary, Intermediate & Advanced courses
(Supervised by P. Swoveet, free books, cassettes, audio-visual/ interactive classes..)
Computer: Basic/Advanced/Accnt./Graphic
TOEFL / IELTS / SAT/GRE Pre.
(Free Books/ materials/ Lab & Online practice/ weekly tests)

Study Abroad: USA, UK, Canada, Australia ..
Wide range of courses, Free counselling ..
Language books/Cassettes/CDs/Video DVDs:
Easy Learning Language Book, Cassettes/CDs Basic to Advanced
Eagle Eye UN POL (SAT) prepn. Book with audio CD Price: Rs. 280/-
Upto date Essays for TOEFL/IELTS 201 Essays Rs.188/-
Face to Face Language Videos Price: Rs. 160/-
Interactive English Language Videos Price: Rs. 260/-
Boost Vocabulary Enhance word power Basic to Advanced Price: 50 & 60/-
-OLC's Publications, ph. 4-247897
O'seas Academy (OLC) Head office Bag Bazar, 4-268945
OLC Jamal-Branch, 4-244741
(Institute run by P. Swoveet! Other institutes called OLC don't belong to us!)

आयुर्वेदिक पद्धती द्वारा दिर्घरोगको अचूक उपचार
हाडजोर्नी तथा नसा: सबै किसीमका वाथ, आथ्राइटिस, प्यारालाइसिस, साइटिका हड्डीखिइएको, नसा च्यापिएको, हातखुट्टा झमझमाउने, मुख बाङ्गीने, जोंनीहरु दुख्ने, डिस्क प्रोल्याप्स
पेट संवन्धी: ग्याष्टिक, अम्लपित, जण्डिस कोलाइटिस, अपच, कब्जीयत तथा अन्य रोगहरु
मानसिक: डिप्रेसन अनावश्यक डर, भय, अनिन्द्रा, शारिरीक थकान, रिगंटा, तनाव आदि ।
दिर्घरोगहरु: पिनास, पाइल्स, मधुमेह, उच्च रक्तचाप, यूरिक एसिड, दम, आदि ।
यौन: सबै किसिमका यौन दुर्वलता, धातुरोग, सरुवा रोग नि:सन्तापन, यौनाङ्ग विकास, महिनावारीमा गडवडी आदि (पुर्ण गोप्यताका साथ)
सुन्दरता: अनुहारका सबै किसिमका दाग, डण्डीफोर, कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेतो दुवी, साथै अन्य चर्मरोगहरु ।
धन्वन्तरी आयुर्वेद हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा. लि.
धुम्बाराही चोक, रिङ्गरोड भन्दा उत्तर मण्डिखाटार जाने बाटोमा
काठमाडौं फोन : ४३७९०९६, ४३७०५८६

६ महिना मै +2
तथा Math / Science / Test नदिईकनै
Arts Commerce Science
S.L.C.पास !!
(Nios Delhi Board)
अन्तिम भर्ना !!
American/Nios (+2)
कक्षा ८, ९ फेल भए पनि SLC दिन पाईने, +2, A Level फेल भएता पनि ६ महिनामै +2 पास गर्न सकिने, कुनै ५ विषय मात्र पास गरे पुग्ने, TU, KU तथा विश्व भरी मान्यता प्राप्त, जागीरे तथा गृहिणीले घरमै पढेरै पनि परीक्षा दिन सकिने, नेपाली तथा अंग्रजीमा परीक्षा दिन पाईने ।
8/8 महिना मै IA/ICom Pass !!
SLC पास गरी विविध कारणले College पढ्न नपाएका तथा धेरै चोटी Back लागी असफल भएकाहरूका लागि IA/ICom पास गर्ने सुवर्ण अवसर !!
अंग्रेजी, JAPANESE, फ्रेन्च, जर्मन, Spanish कोरियन, हिब्रु भाषाहरू, साथै Tution for BBS, BA, +2, CBSE, A"Level and Computer Courses.
डिप्लोम्याटिक एकेडेमी कुमारीपाटी, 5549139 9851021665
ओरियन एकेडेमी सामाखुशीपुल, 4388400 9851021071 चावहिल, 2290690 नयाँ बानेश्वर, 2160822

ब्युटीसियन कोर्स नि:शुल्क
- नेपाल सरकारबाट मान्यता प्राप्त ।
- उत्कृष्ट एवं व्यवसायिक कोर्स ।
- रोजगारीको ग्यारेण्टी ।
- अनुभवी एवं दक्ष प्रशिक्षकहरूद्वारा तालिम दिईने ।
- विदेश जानेहरूको लागि Special Class
कोर्स: बेसिक, एड्भान्सड, डिप्लोमा, स्पेसल, हेयर ड्रेसिङ्ग, सर्ट कोर्सेस
ब्रीड अफ ब्युटि ट्रेनिङ्ग सेन्टर
फोन नं.: ०१-६२१८३९३
९८४९१३५०६१ / ९८०८१६२९७१
चाबहिल चोक, काठमाण्डौं

The pioneer Air Hostess Training Institute in Nepal
Be an Air Hostess
Be a Flight Steward

My Dream My AHTI Thank You!
Admission OPEN
After successful training we provide Job Placement Assistant in Domcstic & International Airlines
FREE Facilities
- Swimming
- Airport Familiarization
- Stationery
- Uniform & Scarf
Highly experienced instructors Licence holder from CAAN
Air Hostess Training Institute (P) Ltd.
NECO Complex (Opp. BICC hall, Main Gate) New Baneshwor KTM.
Ph# 4783564, 2042030 E-mail: ahti@wlink.com.np

# मौसम मिस टिनको

रोजिन शाक्य

दस जोड दुईको पढाइ सकेकी सन्ध्या श्रेष्ठले तपाईं सफल मिस टिनका रूपमा चिनिन चाहनुहुन्छ कि चर्चित मिस टिनका रूपमा भन्ने प्रश्नमा सफल मिस टिन हुने चाहना व्यक्त गरेकी थिइन्। उनले भनेकी थिइन्- 'सफलता, आत्मविश्वास, कडा मेहनत, लगनशीलताका साथै निरन्तर प्रयासको परिणाम हो तर चर्चा कमाउन यी सबै कुरा चाहिन्छ भन्ने हुँदैन।' नर्सिङ पेसामा संलग्न अम्रिया खनालले आफू मिस टिनका रूपमा छानिए उपाधिसँगै प्राप्त हुने नगद पुरस्कारको ठूलो हिस्सा पशुपति वृद्धाश्रमको सहयोगमा खर्च गर्ने प्रतिबद्धता व्यक्त गरेकी थिइन्। राजनीतिमा लाग्ने लक्ष्य बोकेकी सुप्रभा चन्द हुन् वा पाइलट बन्ने इच्छा पालेकी अदिती खनाल वा सत्य कुराको पक्षमा वकालत गर्ने वकिल बन्ने चाहना बोकेकी सुनिता गुरुङ, करिब पाँच दर्जन टिनएजरले मुभी हाउसको आयोजनामा पुस २५ गते सम्पन्न हुने ऋषिसिद्धि मिस टिन-२०६६ प्रतिस्पर्धाका लागि अडिसन दिएका छन्। मुभि हाउसका सन्तोष सापकोटाका अनुसार आवेदन दिएका मध्येबाट अन्तिम प्रतिस्पर्धामा २८ जनालाई उतारिनेछ। मिस टिन काठमाडौं शीर्षकमा बितेको दुई वर्षदेखि यो प्रतियोगिता हुँदै आएको छ। यसपटक भने प्रतियोगितालाई राजधानीमा मात्र सीमित मिस टिन-२०६६ को नाममा पोखरा र धरानबाट पनि सहभागिता गराइनेछ।

नृत्यमा दखल राख्ने कुमारीपाटी निवासी प्रमिला थिङ लामा ट्यालेन्ट राउन्डका लागि एउटा आकर्षक नृत्यको तयारीमा जुटेकी छिन्। अर्की प्रतिस्पर्धी मोनिका घिसिङ आफूलाई गितारवादनमा निखार्दै छिन्। गौशाला बस्ने अमृता मोक्तान भने आफ्नो स्वरलाई अझ सुमधुर बनाउने प्रयासमा छिन्। अरू १५ जनालाई पनि ट्यालेन्ट राउन्डको तयारी गर्न भ्याई-नभ्याई छ। यो प्रसंग हो, मिस टिन तामाङको। एभरेस्ट फेसन होमको आयोजनामा यो प्रतियोगिता आगामी पुस १० गते सञ्चारकर्मी रोजिन शाक्यको कोरियोग्राफीमा राष्ट्रिय नाचघरमा सम्पन्न हुँदैछ।

### मिस टिनका आयोजना र विजेताहरू

| आयोजनाको नाम | विजेताहरू |
|---|---|
| मिस टिन नेपाल-२००२ | अमान्डा मानन्धर गुरुङ |
| मिस टिन नेपाल-२००३ | प्रवीणा थापा |
| मिस टिन नेपाल-२००५ | प्रियंका कार्की |
| मिस टिन नेपाल-२००६ | खुस्बु ओली |
| मिस टिन नेपाल-२००७ | आयुशा कार्की |
| मिस टिन नेपाल-२००८ | नामिका गुरुङ |
| मिस टिन शेर्पा-२००४ | ल्हेमी लामा |
| मिस टिन गुरुङ-२००५ | तिर्सना गुरुङ |
| मिस टिन गुरुङ-२००६ | प्राप्ति गुरुङ |
| मिस टिन भ्याली-२००५ | सिभाङ्गी प्रधान |
| मिस टिन तामाङ-२००६ | सपना घिसिङ |
| मिस्टर एन्ड मिस टिन पोखरा-२००४ | विशाल गुरुङ र सरिना गुरुङ |
| मिस टिन पोखरा-२००५ | तृप्ति प्रधान |
| मिस टिन पोखरा-२००७ | अनु ढकाल |
| मिस टिन कोसी-२००७ | समिरा गैरेल |
| मिस टिन काठमाडौं-२००७ | प्रवीणा के.सी. |
| मिस टिन काठमाडौं-२००८ | एलिसा मानन्धर |



तस्बिर : नवराज बाग्ले



अर्कातिर मिस टिन नेपाल प्रतियोगिता सञ्चालन गर्दै आएको काठमाडौं जेसिजले पनि मिस टिन नेपालको सातौं संस्करणको तयारी अघि बढाएको छ। डिसेम्बरको ३१ तारिखमा अन्तिम प्रतिस्पर्धा सञ्चालन गर्ने लक्ष्य बोकेको मिस टिन नेपाल-२००९ मा भने २४ जना प्रतिस्पर्धीबीच उपाधिका लागि प्रभा अमात्यको कोरियोग्राफीमा प्रतिस्पर्धा हुने काठमाडौं जेसिजका सीआर श्रेष्ठले बताएका छन्। श्रेष्ठका अनुसार मिस टिन नेपालको उपाधि विजेता वर्षभरि नै काठमाडौं जेसिजले सञ्चालन गर्ने विभिन्न सामाजिक क्रियाकलापमा संलग्न हुनेछिन्। कार्यक्रम प्रज्ञाभवन कमलादीमा सम्पन्न हुनेछ।

मिस टिन-२०६६ र मिस टिन नेपाल-२००९ एउटै शीर्षकजस्तो भए पनि यी दुई फरक-फरक प्रतिस्पर्धाको तयारी एकैपटक प्रारम्भ भएकाले यस्ता कार्यक्रममा रुचि राख्नेहरूबीच दुवै कार्यक्रम एउटै हो कि भन्ने भ्रम सिर्जना नभएको होइन। जसले गर्दा एउटा प्रतियोगितामा सहभागी हुन इच्छुक किशोरी अर्को आयोजनाको आवेदन फारम भर्न पुगेको स्थिति पनि आएको दुवै मिस टिनका आयोजकहरूले स्वीकारेका छन्। यी दुई आयोजनाको शीर्षक लगभग उस्तै छ। मिस टिन-२००९ शीर्षकअन्तर्गत टिनएजरहरूको प्रतियोगिता गत भदौ २८ गते आयोजना हुने भनिएको थियो। सोहीअनुसार गत साउनको तेस्रो साता अडिसन सम्पन्न गरेर आवेदन दिएकामध्येबाट तीन दर्जन युवती छनौट गरी मिस टिन-२००९ का लागि प्रशिक्षण पनि प्रारम्भ गरिएको थियो।

ब्युटी विथ ब्रेनको नारासहित वाई फोर वाई नामक संस्थाले आयोजना गर्न लागेको उक्त प्रतिस्पर्धा प्रशिक्षणकै अवधिमा आयोजक संस्था र केही सहभागीबीच उत्पन्न विवाद र त्यसपछि उत्पन्न हात हालाहालको स्थितिका कारण स्थगित हुन पुगेको थियो। तिहारलगत्तै यो प्रतियोगिता सम्पन्न हुने भनिए पनि यस विषयमा हालसम्म कुनै औपचारिक जानकारी प्राप्त भएको छैन। तथापि यो आयोजनाले पनि निरन्तरता पाउने हो भने मिस टिनकै शीर्षकअन्तर्गत लगभग उस्तै मिस टिन-२००९, मिस टिन-२०६६ र मिस टिन नेपाल-२००९ गरी तीनवटा प्रतिस्पर्धा सम्पन्न हुनेछन्।

**मिस टिन डायरी**

टिनएज युवतीसम्बन्धी सौन्दर्य एवं प्रतिभा मापनको प्रतियोगिताको श्रीगणेश गर्ने श्रेय काठमाडौं जेसिजलाई जान्छ। सन् १९८९ मा लिटिल लेडी ट्यालेन्ट सो र सन् १९९४ मा मिस नेपालपछि सन् २००२ बाट काठमाडौं जेसिजले १६ देखि १९ वर्ष उमेर समूहका युवतीप्रति लक्षित मिस टिन नेपाल प्रतियोगिता प्रारम्भ गरेको थियो। सन् २००२ को डिसेम्बर ३१ तारिखमा सञ्चालित उक्त प्रतियोगितामा अमान्डा मानन्धर गुरुङले पहिलो मिस टिन नेपालको मुकुट पहिरिएकी थिइन्। त्यसपछिका दिनहरूमा सन् २००३, २००५, २००६, २००७ र २००८ मा गरी काठमाडौं जेसिजले मिस टिन नेपाल प्रतियोगिताको ६ वटा संस्करण प्रस्तुत गरिसकेको छ।

शेर्पा समुदायका किशोरीहरूमा लक्षित मिस टिन शेर्पाको आयोजना सन् २००४ मा भएको थियो। नेप्लिज फेसन होमको व्यवस्थापनमा सम्पन्न उक्त प्रतियोगितामा ल्हेमी लामाले विजेताको मुकुट पहिरिएकी थिइन्। त्यसैगरी ए एन्ड एच बिजनेस हाउसको आयोजना तथा नेप्लिज फेसन होमको व्यवस्थापनमा मिस टिन गुरुङ प्रतियोगिता सन् २००५ मा सम्पन्न भएको थियो। तिर्सना गुरुङले उपाधि जितेकी थिइन्। सन् २००६ मा पनि यो प्रतियोगिताले निरन्तरता पायो। सन् २००६ मै तामाङ समुदायका टिनएजरहरूमा लक्षित मिस तामाङ प्रतियोगिता पनि सम्पन्न भयो। क्रिएसन फेसन फिल्डद्वारा आयोजित उक्त प्रतियोगितामा सपना घिसिङ विजयी भएकी थिइन्। त्यसपछिका दिनमा यी प्रतियोगिताले निरन्तरता पाएको देखिँदैन। हाल मिस टिन तामाङको भने अन्तिम तयारी भैरहेको छ। सन् २००५ मै सम्पन्न मिस टिन भ्याली प्रतियोगिता पनि त्यसपछि निरन्तर रूपमा आयोजना हुन सकेन। क्रिएटिभ लुक्सले आयोजना गरेको उक्त प्रतिस्पर्धामा शिवाङ्गी प्रधानले मिस टिन भ्यालीको मुकुट पहिरिएकी थिइन्।

मिस टिन प्रतियोगिताको महत्त्वका सम्बन्धमा प्रश्न गर्दा मिस टिन शेर्पा, मिस टिन गुरुङजस्ता प्रतियोगिताको अनुभव बोकेको संस्था नेप्लिज फेसन होमका प्रबन्ध निर्देशक फुपु तेन्जिङ शेर्पा भन्छन्-'टिनएज अवस्था मानवजीवनको संवेदनशील अवस्था भएकाले यो उमेरका किशोरीहरूलाई प्रतिस्पर्धाकै माध्यमबाट केही हदसम्म जीवनसम्बन्धी विभिन्न पक्षमा काउन्सिलिङ हुने भएकाले यस्ता प्रतियोगिता महत्त्वपूर्ण सावित भएका छन्।

राजधानीमै मुभी हाउसले सन् २००७ मा मिस टिन काठमाडौं नामक प्रतिस्पर्धा प्रारम्भ गरेको थियो। पहिलो संस्करणमा २३ जना प्रतिस्पर्धीको सहभागिता थियो। जसमध्ये प्रवीणा के.सी.ले उपाधि जितेकी थिइन्। त्यसपछि गत वर्ष दोस्रो संस्करणको मिस टिन काठमाडौं प्रतिस्पर्धा सञ्चालन गरेको मुभी हाउसले यसपटक भने मिस टिन-२००६ शीर्षकमा प्रतियोगिताको तयारी अघि बढाएको छ। राजधानीका अतिरिक्त मोफसलमा पनि मिस टिन प्रतियोगिताको प्रभाव परेको देखिन्छ। पोखरामा भने सन् २००४ मा पहिलोपटक टिनएजसम्बन्धी प्रतिस्पर्धा सञ्चालन भएको थियो। डिलाइट मिडियाले आयोजना गरेको उक्त प्रतियोगिता मिस्टर एन्ड मिस टिन पोखराको शीर्षकमा सञ्चालन भएको थियो। उक्त प्रतियोगितामा विशाल गुरुङ र सरिना गुरुङले मिस्टर एन्ड मिस टिन पोखराको उपाधि हात पारेका थिए। त्यसपछि यो शीर्षकमा प्रतियोगिता नदोहोरिए पनि सन् २००५ र सन् २००७ मा मिस टिन पोखरा शीर्षकमा प्रतिस्पर्धा सञ्चालन भैसकेको छ। पूर्वाञ्चल क्षेत्रमा भने सन् २००७ मा मिस टिन कोसी नामक प्रतिस्पर्धा सम्पन्न भएको थियो। १६ जना सहभागीबीचको उक्त प्रतिस्पर्धामा समिरा गैरेलले मिस टिन कोशीको उपाधि जितेकी थिइन्।

सञ्चार एवं मोडलिङ क्षेत्रमा लाग्न चाहनेहरूका लागि यस्ता प्रतियोगिता राम्रो प्लेटफर्म सावित भएका छन्। सफल र चर्चित मोडलका रूपमा स्थापित प्रियंका कार्की, खुस्बु ओली, आयुशा कार्की आदि पूर्व-मिस टिनहरू यसका राम्रा उदाहरण हुन्। कुन्छाङ मोक्तानले मिस नेपाल प्रतिस्पर्धामा समेत राम्रो सफलता हासिल गर्नु अर्को उल्लेखनीय पक्ष हो। ऋचा थापाले मिस टिनको प्रतिस्पर्धी हुँदै सन् २००९ को पर्यटन सुन्दरीको उपाधि र यो वर्षको मिस नेपालमा फर्स्ट रनर्सअपको उपाधिसँगै मिस अर्थ र इन्टरनेसनलमा नेपालको प्रतिनिधित्व गरिन्।

कुन्छाङ मोक्तानले पनि मिस टिनको प्रतिस्पर्धी हुँदै पर्यटन सुन्दरीको उपाधिसँगै यो वर्ष मिस नेपालको सेकेन्ड रनर्सअप उपाधि हासिल गरिन्। पूर्व-मिस टिन आयुशा कार्कीले आफू मिस टिन भएकै वर्ष वर्ल्ड मिस युनिभर्सिटी नेपालको पनि मुकुट पहिरिनुका साथै उक्त प्रतिस्पर्धाको अन्तर्राष्ट्रिय संस्करणमा नेपालको प्रतिनिधित्व पनि गरेकी थिइन्। विभिन्न मिस टिन शीर्षकअन्तर्गतका प्रतिस्पर्धी र केही उपाधि विजेताहरू आजभोलि मोडलिङ, सञ्चार तथा विमान परिचारिकाका रूपमा परिचित छन्।

## भानुमार्ग साँझमा रम्यो धरान

धरान- धराने जनता संगीतप्रेमी छन्, त्यसमाथि युवा पुस्ता यो कुरामा एक छन्। यसलाई धरानमा हुने जुनसुकै सांगीतिक कार्यक्रममा उनीहरूको भीडले स्पष्ट गर्छ। धरानका प्रत्येक टोलमा हुने सांगीतिक कार्यक्रममा उनीहरूको उपस्थित छुट्दैन। गत शुक्रबार सत्कार युवा क्लब, धरानको आयोजनामा सञ्चालित भानु मार्ग साँझमा पनि उनीहरू रमाए। लाइभ कन्सर्टले धरानेहरूलाई उफार्न सफल भएको थियो।

युवायुवतीको उल्लेखनीय उपस्थिति रहेको उक्त कन्सर्टको वातावरण रमाइलो थियो। सुरुमा युवायुवतीहरूको भीड केही पातलो देखिए पनि कार्यक्रम सुरु भएपछि भने भीड थामिनसक्नु भयो। मंसिरको जाडोमा शरीर तताउन कन्सर्टले उनीहरूलाई पूरै साथ



दिएको थियो। उज्ज्वल क्लबले प्रस्तुत गरेको 'पश्चिम कोही पूर्व घर' नृत्यबाट सुरु भएको सांगीतिक कार्यक्रमपछि भने विशन श्रेष्ठले 'यो मन त मेरो नेपाली हो' गीत प्रस्तुत गरिरहँदा उपस्थित भीड पूरै लठ्ठ परेको थियो। कन्सर्टमा प्रतिविम्ब ब्यान्ड, केभ ब्यान्ड तथा देउराली क्लबको ब्रदर्श ब्यान्डले पनि गीत प्रस्तुत गरेका थिए। त्यस दिन उनीहरूले प्रस्तुत गरेका विभिन्न संगीतका धुनले दर्शक-श्रोताहरूलाई फरक चखायो।

-भीषण राई



# एक-दुई होइन चौध प्रेमिका










घर अगाडि भएको कार दुर्घटनाबाट सामान्य चोट लागेका गल्फ खेलाडी टाइगर उडको वैवाहिक जीवन सोही दुर्घटनाका कारण नराम्रोसँग घाइते भएको छ । गत नोभेम्बर २७ तारिख राति आफ्नै निवासबाहिर भएको दुर्घटनालाई प्रहरीले सामान्य दुर्घटना ठहर गर्दै उडले मदिरा सेवन नगरेको र अरू कसैको मानवीय क्षति पनि नपुऱ्याएको ठहर गर्दै कुनै कानुनी कारवाही अघि बढाएन । यद्यपि दुर्घटनाको कारण मदिरा सेवन नभएर उडकी प्रेमिकाको विषयलाई लिएर श्रीमतीसँग भएको झगडाको झोक भएको समाचार प्रकाशमा आएपछि उडको वैवाहिक जीवनमा दुर्घटना मच्चिने क्रम रोकिएको छैन ।

प्रेमिकाहरूको विषयलाई लिएर उड र श्रीमती एलिन नोरडेग्रेनका बीच झगडा हुने गरेको तथा दुर्घटनाको राति पनि सोही विषयलाई लिएर उड दम्पतीबीच चर्काचर्की भएको बताइन्छ । चर्चित व्यक्तिहरूको गोप्यता भंग गर्ने बेवसाइट टिएनजेड डटकमले उडको कार दुर्घटना हुनुअघि एलिन र टाइगरबीच न्युयोर्कको नाइट क्लबकी रसेल उचिटेल नामक भीआईपी होस्टेसको विषयलाई लिएर विवाद भएको समाचार प्रकाशमा ल्यायो । उक्त वेबसाइटमा समाचार प्रकाशन भएलगत्तै उडले गोप्य रूपमा सम्बन्ध राखेका महिलाहरूको बाढी नै आउन थाल्यो । यो क्रम गत साता यसरी बढ्यो कि २४ घन्टाको अवधिमा उडले आफूसँग गोप्य शारीरिक सम्बन्ध राखेको तथा आफूलाई एलिनपछिको प्रेमिकाको दर्जा दिएको बताउने महिलाहरू नै ६ जना भए । उडको जीवनमा आएका महिलाहरूको संख्या दिन-प्रतिदिन यसरी बढ्दैछ कि अहिले उडसँग शारीरिक सम्बन्ध राखेको बताउने महिलाहरूको संख्या बढेर १४ नाघ्ने अवस्था छ ।

गल्फको शीर्ष स्थानमा रहेका टाइगर उड विश्वका समकालीन खेलाडीहरूमध्ये सर्वाधिक शालीन देखिन्छन् । विश्वका गल्फ खेलाडीहरूको सँचीमा आफूलाई शीर्ष स्थानमा उभ्याउन सफल उडको चर्चा महान् खेलाडीका रूपमा हुन्थ्यो । श्याम वर्णका उड सधैं शालीन देखिन्थे । मुस्कुराउँदा अत्यन्त भद्र देखिने उडको भित्री रूप यस्तो छ भन्ने कल्पनासमेत कसैले गरेका थिएनन् । विवाहअघि कुनै पनि सेक्स स्क्यान्डलमा नमुछिएका साथै प्रेमिकाहरूका कारण पनि चर्चामा नआएकाले उडलाई महान् खेलाडीहरूको सँचीमा राखिन्थ्यो । सन् २००४ मा एलिनसँग विवाह गरेपछि आफूलाई असल श्रीमान्का रूपमा प्रस्तुत गरेका उडले घर र गल्फ कोर्सलाई उत्तिकै माया गरेको सार्वजनिक छवि प्रस्तुत गर्दै आएका थिए । यो बाहिरी छवि विपरीत एकपछि अर्को गर्दै गोप्य सम्बन्धहरू सार्वजनिक हुन थालेपछि उड अहिले आफ्नो जीवनको कठिन मोडबाट गुज्रिरहेका छन् । हाल एकपछि अर्को गर्दै देखा परिरहेका सेक्स स्याक्यान्डललाई उडले सही निकास दिन सकेनन् भने उनी विश्व खेलकुदको इतिहासमै सर्वाधिक कलंकित खेलाडी ठहरिनेछन् ।

न्युयोर्कको नाइट क्लबमा भीआईपीहरूका लागि वेट्रेसको काम गर्ने रसेल उचिटेलसँग उडको प्रेम रहेको र तिनै महिलाको विषयलाई लिएर उड र एलिनबीच विवाद भएको घटनाबाट टाइगर उडको सेक्स स्याक्यान्डल प्रारम्भ भएको थियो । रसेलसँगको प्रेम सार्वजनिक भए पनि उडले रसेललाई उनीहरूको प्रेमलाई गोप्य राख्न अनुरोध गरेका थिए । उडको आग्रहअनुसार रसेलले तत्काल कुनै प्रतिक्रिया दिइनन् । उडले आफ्नो वैवाहिक जीवनमा कुनै किसिमको आँच नआओस् र आफ्नो छवि नबिग्रियोस् भनेर गरेको आग्रहलाई रसेलले तत्काल रोके पनि उडले उनीपछिका प्रेमिकाहरूलाई भने रोक्न सकेनन् । रसेलको नाम सबैभन्दा अगाडि आउँदा उनले आफू उडकी प्रेमिका भएको कुरा अस्वीकार गरेकी थिइन् तर लगत्तै अर्की ककटेल बेट्रेस जेमी ग्रुबले उडसँग विगत तीन वर्षदेखि प्रेम रहेको कुरा सार्वजनिक गरिन् । उक्त प्रेम कैयौं पटक शारीरिक सम्बन्धमा परिणत भैसकेको थियो । ग्रुबले पनि एलिनपछि आफू नै उडकी प्रेमिका भएको महसुस गरेकी थिइन् । उनले पनि उडले आफूलाई धोका दिएको महसुस गरिन् । उनलाई पनि उडले तत्काल आफ्नो सम्बन्धका बारेमा नबोल्न आग्रह गरे । रसेल र जेमीको चर्चा नसेलाउँदै उडको जीवनमा अर्की युवती देखा परिन् । रसेल र जेमीलाई रोकेलगत्तै उडको जीवनमा अर्की महिला देखा परिन्- कलिका म्याकिन । लसभेगासस्थित नाइट क्लबमा वेट्रेसका रूपमा कार्यरत कलिकालाई उडले आफ्नी श्रीमतीपछिको प्रेमिकाको दर्जा दिएका थिए तर जब उडका प्रेमिकाहरू देखा परे उनले आफू उडको यौन मायाजालमा फसेको महसुस गरिन् । उनले तत्काल उड र आफूबीचको सम्बन्धका बारेमा कुनै चर्चा गर्न चाहिनन् ।

कलिकाको चर्चा सेलाउन नपाउँदै उडको जीवनमा अर्की महिला देखा परिन् । रेस्टुराँको म्यानेजरका रूपमा कार्यरत मिन्डी लिउटनले आफू र उडबीच भएको यौनसम्पर्कका बारेमा द सन् पत्रिकालाई यसरी बताइन् कि उनको भनाइले उड मानसिक रूपमा यौनरोगी रहेको देखियो । मिन्डीले भनिन्– उड एकान्त स्थलमा यौनसम्पर्क गर्न चाहन्थ्यो । एकपटक उसले मलाई चर्चको कार पार्किङमा यौनसम्पर्कको प्रस्ताव राख्यो र हामीले त्यहीं यौनसम्पर्क राख्यौं । ऊ सधैं असुरक्षित यौनसम्पर्क राख्न चाहन्थ्यो र उसले मलाई रातो रंगको पेन्टी लगाउन आग्रह गर्थ्यो, जसले उसलाई यौनसम्पर्कमा बढी आनन्द दिने कुरा बताउँथ्यो । फ्लोरिडाको एक क्लबकी वेट्रेस जुली पोष्टल उडकी अर्की प्रेमिकाका रूपमा देखा परेपछि उडको वैवाहिक जीवन तहसनहस हुने स्थितिमा पुग्यो । जुली २० वर्षकी हुँदा पहिलो भेट उडसँग भएको थियो । पहिलो भेट भएकै दिन उडले आफूसँग शारीरिक सम्पर्क राखेको बताइन् ।

उडको जीवनमा एकपछि अर्को गर्दै महिलाहरू आउन थालेपछि आफ्ना श्रीमान्को बचाउमा केही समय लागे पनि प्रेमिकाहरूको संख्या दिन-प्रतिदिन बढ्दै गएपछि श्रीमती उड पनि हतास भएकी छिन् । उनले आफ्नो श्रीमान्को परीक्षा लिन गल्फ छोड्न आग्रह गरेकी थिइन् । उडले पनि आफ्नी श्रीमतीको मन जित्न गल्फ प्रतियोगिता खेल्न छोडेको घोषणा गरे, तर महिलाहरूको संख्या बढ्दै गएपछि एलिनले उडसँग पारपाचुके गर्ने घोषणा गरिन् । आगामी क्रिसमस बच्चा र उसको बाबुसँग बिताउने र त्यसको लगत्तै पारपाचुके गर्ने घोषणा श्रीमती एलिनले गरेकी छिन् । स्वीडिस मोडल एलिनले अहिले स्वीडेनको राजधानीबाट ४० किलोमिटर टाढा एउटा घर किनेर त्यहीं बस्ने सोच बनाएकी छिन् ।

## उडसँग प्रेमीकाहरूको सेक्स अनुभव

**जेमी जंगलर** : २६ वर्षीया जेमी लस भेगासस्थित एक बारमा ककटेल बनाउने काम गर्थिन् । अन्डरवेयर मोडलसमेत रहेकी जेमीसँग उडको भेट सन् २००५ मा भएको थियो । भेट भएकै दिन उनीहरूबीच लगातार दुई घन्टा यौनसम्पर्क भएको थियो । उक्त यौनसम्पर्कबाट आनन्दित भएपछि त्यसको केही दिनपछि नै उडले उनलाई सिकागो लगे । जहाँ उडले आफ्नो पिताको देहावसानको खबर आएकै दिन पनि लामो यौनसम्पर्क राखे । जेमी उडकी चौथो प्रेमिकाका रूपमा सार्वजनिक भएकी थिइन् ।

**जुली पोस्टेल** : उडकी एघारौं प्रेमिकाका रूपमा जुलि पोस्टेल देखा परिन् । २० वर्षकी हुँदा उडसँग उनको पहिलो भेट भएको थियो । ओरल्यान्डोको एक नाइट क्लबमा ककटेल वेट्रेसका रूपमा काम गर्ने क्रममा उनको उडसँग भेट भएको थियो । उडले जुलीलाई मन पराएको तर एलिनसँग विवाह गरेर सामाजिक रूपमा दबाब झेल्न मात्र खोजेको बताएका थिए । उडले मोबाइल एसएमएस गरेर यौनप्रस्ताव राख्ने गरेको कुरा जुलीले सार्वजनिक गरेकी छिन् ।

**होली स्यामसन** : अश्लील चलचित्रकी नायिका होली स्यामसन टाइगर उडकी सातौं प्रेमिकाका रूपमा देखा परेकी छिन् । ३६ वर्षीया स्यामसनले उडको जन्मोत्सवमा उनलाई ल्याप डान्स देखाएको र सोही रात यौनसम्पर्क राखेको बताइन् । उनले उडसँगको पहिलो यौनसम्पर्क ४५ मिनेटको भएको र यौनसम्पर्कका बेला उड मुस्कुराइरहेको बताएकी छिन् ।

**मिन्डी लिउटन** : ३३ वर्षीया वेट्रेस मिन्डी उडकी पाँचौं प्रेमिकाका रूपमा देखा परेकी छिन् । मिन्डी भन्छिन्- उड पीडादायी यौनसम्पर्क राख्ने स्वभावको छ । यौनसम्पर्कका बेला उसलाई मेरो केश तान्दा र शरीरमा हिर्काउँदा आनन्द आउँथ्यो । ऊ एकान्त स्थानमा यौनसम्पर्क राख्न चाहन्थ्यो । एकपटक हामीले चर्चको कारपार्किङमै असुरक्षित यौनसम्पर्क राखेका थियौ ।

**जेमी ग्रुब** : टेलिभिजन रियालिटी शोकी प्रस्तोता जेमी उडकी तेस्रो प्रेमिकाका रूपमा प्रस्तुत भएकी थिइन् । उनले उडले आफूलाई निर्वस्त्र फोटो खिचेर एमएमएस गर्न लगाउने गरेको बताएकी छिन् ।

**टाइगर उडका प्रेमिकाहरू**

१. रसेल उचिटेल, ३१ वर्ष, भीआईपी होस्टेस
२. कालिका मोकिन, २७ वर्ष, क्लब एक्जिक्युटिभ
३. जेमी ग्रुब, टिभी रियालिटी स्टार
४. जेमी जंगलर, २६ वर्ष, ककटेल वेट्रेस
५. मिन्डी लिउटन, ३३ वर्ष, वेट्रेस
६. कोरी रिस्ट, ३१ वर्ष, हुटर
७. होलि स्यामसन, ३६ वर्ष, अश्लील चलचित्र नायिका
८. जोस्लिन जेम्स, अश्लील चलचित्र नायिका
९.जुलि पोस्टेल, २५ वर्ष, ककटेल वेट्रेस
१०. लोरेडाना जोली, कल गर्ल
११. थेरेसा रोजर, ४० वर्ष

# पूजना भलिउडमा

'उद्देश्य के लिनु, उडी छुनु चन्द्र एक' महाकवि लक्ष्मीप्रसाद देवकोटाको यो भनाइ हाम्री कामुक नायिका पूजना प्रधानमा दुरुस्तै लागू हुन्छ । चलचित्रमा साइड डान्सर हुँदा भविष्यमा चलचित्रकी नायिका हुन्छु भन्ने कुरा उनका लागि टाढाको घाम थियो । यो क्षेत्रमा लागेको एक दशक पनि नहुँदै उनी करियरको खुड्किलो उक्लँदै गइन् । ऱ्याम्प मोडलिङ, म्युजिक भिडियो, स्टेज कार्यक्रमबाट बामे सर्दै उनले बिस्तारै चलचित्रमा सहनायिका हुने अवसर पाइन् । त्यसपछि लोकदोहोरीकी सर्वाधिक व्यस्त मोडल भएकी पूजना चलचित्रमा नायिकाका रुपमा पनि देखा परिरहिन् । रोजेजस्तो भूमिका छान्ने चक्करमा पूजना केही समय ता राजधानीको एउटा आश्रममा थर फेरेर पूजना स्त्री भै आध्यात्ममा लीन हुन पुगेकी थिइन् । अनायास उनी बलिउड छिरेको खबर सुनियो । पूजना बलिउडका नायक गोविन्दाका भान्जा विनय आनन्दकी नायिका भएर भोजपुरी चलचित्र 'जवाँ जीगरवाले'मा अभिनय गरिरहेकी छिन् । पूजनाको फिगर पनि छ, जिगर (आँट) पनि छ । पुजनाको यो फड्कोले भलिउडमा के हुन्छ थाहा छैन, कलिउडमा भने भलिउड (भोजपुरी चलचित्र उद्योग ) को सपना देख्नेहरूचाहिँ ईर्ष्याले मर्ने भए ।



# लाटी झरना



नायिका झरना थापा बोल्नै सक्दिनन् । कुरा गर्नुपऱ्यो भने उनी सांकेतिक भाषा प्रयोग गर्छिन् । यो वास्तविकता होइन, चलचित्रको कुरा हो । चलचित्र 'तिमी मात्र तिमी'मा नायिका झरना थापाको भागमा एउटा पनि संवाद परेन । संवाद लेखकले उनका लागि संवाद लेख्ने काम नै गरेनन् । योगेश घिमिरेले निर्देशन गरेको उक्त चलचित्रमा झरनालाई आवाजविहीन लाटी युवतीका रुपमा प्रस्तुत गरिँदैछ । उक्त भूमिका निर्वाहका लागि झरनाले लाटालाटीले प्रयोग गर्ने सांकेतिक भाषाको प्रशिक्षण लिएको बताइन्छ । चारकुने प्रेमकथा अर्थात् चलचित्रका चार चरित्र झरना, राजबल्लभ कोइराला, मुकेश आचार्य र नन्दिता केसीले एक-अर्कालाई मन पराउने प्रेमकथा उनिएको यो चलचित्रमा झरनाले सांकेतिक भाषा प्रयोग गरेको स्थानमा निर्देशकले सबटाइटल पनि प्रयोग गरेका छैनन् । किन त ? निर्माणपक्ष भन्छ- 'अभिनय यति सशक्त छ कि उनले भन्न खोजेको कुरा दर्शकले सहजै बुझ्छन् ।'

# मनीषाको राजनीति फेरियो



दुई दशक लामो अन्तरालपछि बल्लतल्ल मनीषा कोइरालाले अभिनय गर्ने भनिएको नेपाली चलचित्रको शीर्षक अन्तिम समयमा फेरियो । बलिउडका नायक गोविन्दा आएर चलचित्र 'राजनीति' को मुहूर्त गरिसकेपछि छायांकन हुने अन्तिम सन्ध्यामा किन फेरियो त शीर्षक ? राजनीतिले च्यापेको मुलुकमा बन्ने यो चलचित्रको शीर्षक समय-परिस्थितिअनुरूप दुरुस्तै थियो भने शीर्षक तार्किक पनि थियो । यद्यपि देशको राजनीतिबाट वाक्क भएका जनताले राजनीति शीर्षकको चलचित्र हेर्न उत्सुकता देखाएनन् भने के गर्ने ? भन्ने शंका निर्माणपक्षलाई भएछ । त्यसमाथि नायिका मनीषाको घरेलु पृष्ठभूमि राजनीति, चलचित्रकी निर्मात्री डा. दुर्गा पोखरेल पनि पूर्वमन्त्री भैसकेकीले राजनीतिबाट दुवै जना वाक्क भएको पनि सुनियो । माघ ७ गतेदेखि पोखराबाट छायांकन थालिने चलचित्रको नयाँ शीर्षक निर्देशक दीपेन्द्र के. खनालले जुराए 'धर्मा' । फेरि हिन्दी चलचित्रसँग मिल्दो शीर्षकचाहिँ किन ? दीपेन्द्रले भने- 'चलचित्रको शीर्ष चरित्रको नाम भएकाले ।' कसले निर्वाह गर्दैछ त्यो चरित्र ? उनले भने- 'दुई जना नायक छन् राजेश हमाल र विराज भट्ट । चलचित्रमा यी दुईमध्ये एक जनाको नाम धर्मा हो ।' २०१० को मे २८ मा बलिउडबाट यही शीर्षकमा एउटा चलचित्र सार्वजनिक हुँदैछ, नेपाली 'राजनीति'लाई 'धर्मा' बनाउनुका पछाडि यो पनि एउटा कारण हुनसक्छ ।





तस्विरहरु : सुन्दर श्रेष्ठ

# बच्चा भन्ठानिन् कि क्या हो ?

अठार वर्ष पुगेपछि मानिस वयस्क हुन्छ । प्रेम गर्ने र भविष्यका लागि सोच्ने समय पनि यही हो । शारीरिक संरचना पूर्ण रूपमा विकसित हुन नसक्दा अठार वर्ष पुगेका खगेन्द्र थापा मगर चारवर्षे बालकजस्ता देखिन्छन् । गिनिज बुक अफ वर्ल्ड रेकर्डमा नाम दर्ता गराउन पहल गरिरहेका मगरको यसै साता कलिउडकी बिन्दास नायिका रेखा थापासँग भेट भयो । रेखा उनलाई भेटेर यति खुसी भइन् कि भनेर साध्य छैन । उनले खगेन्द्रलाई बोक्ने, काखमा राख्नेदेखि चुम्मा खानेसम्म सबै कार्य गरिन् । उनको त्यो व्यवहारले देख्नेहरूलाई खुल्दुली भएछ, उनीहरू भन्दै थिए- 'उनले खगेन्द्रलाई बच्चै भन्ठानिछन् कि क्या हो ? सामान्य अठारवर्षे ठिटोसँग त्यसो गरेको भए के हुन्थ्यो ?' तर खगेन्द्र पनि के कम, उनले पनि मौका छोपेर रेखासँग विवाहको प्रस्ताव राखिहाले । प्रस्तावकै क्रममा खगेन्द्रले भने- 'म पनि कम छैन, तिमीलाई विवाहमा तीनवटा औंठी किनिदिन्छु ।'



# आदित्य श्रापित भए



गायक बाबु उदितनारायण झाले एकपटक एउटा चलचित्रमा नायक हुने अवसर पाएका थिए । त्यो चलचित्रले नेपाली चलचित्रको इतिहासमा प्रदर्शनको २५ साता पूरा गरेर रजत उत्सव मनायो । गायनमा रस बसेका उदितले त्यसपछि भने चलचित्रमा अभिनय गर्न भ्याएनन् । अब उनका छोरा बलिउड नायक भएर आउँदैछन् । बलिउडका चर्चित निर्माता विक्रम भट्टले निर्माण गरिरहेको चलचित्र 'श्रापित'बाट आदित्य नायकका रूपमा स्थापित हुन खोज्दैछन् । छायांकन भैरहेको उक्त चलचित्रलाई सस्पेन्स तथा हररको श्रेणीमा राखिएको छ । मुम्बई, राजस्थान तथा स्कटल्यान्डमा छायांकन भैरहेको उक्त चलचित्रमा आदित्यकी नायिका भएर नवनायिका श्वेता अग्रवालले अभिनय गरिरहेकी छिन् ।



## ● लभगुरु ●

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

**म १८ वर्षीय युवक हुँ । विगत दुई वर्षदेखि मेरो एक युवतीसँग प्रेम सम्बन्ध रहँदै आएको छ । हामी एक-अर्कालाई एकदमै माया गर्छौं तर केही महिनायता उनलाई एकजना अर्को युवकले मन पराउँदो रहेछ । ऊ मेरी प्रेमिकाको मिल्ने साथी पनि हो । उसले मेरी प्रेमिकाका लागि जे पनि गर्दोरहेछ र म पनि गर्छु । उसलाई म उनको प्रेमी हो भन्ने थाहा हुँदाहुँदै पनि प्रेमिकाको घरमा गएर सघाउने, उनीसँगै बस्ने गरेर परिवारसँग पनि नजिकिएको रहेछ । उक्त युवकलाई उसकी पूर्व-प्रेमिकाले केही व्यक्तिगत कारणले छाडेकी हुन् । त्यसैले उनी उक्त युवकप्रति दयालु भाव राख्छिन् । म आफ्नी प्रेमिकाभन्दा टाढा छु । समय-समयमा भेटिरहन पाउँदिनँ । हाम्रो सम्बन्धका बारेमा मेरी प्रेमिकाकी मम्मीलाई पनि थाहा छ । समस्या के हो भने मेरी प्रेमिका सहयोगी भावनाकी छिन् । उनी अरूलाई दुःख दिन चाहँदिनन् । उनी मलाई पनि छाड्न सक्दिनन् र म पनि उनलाई छाड्न सक्दिनँ । यस्तो अवस्थामा म के गरूँ ?**

**– टु इन वान**

तपाईं आफ्नी प्रेमिकाप्रति शंकालु र प्रेमिकाको साथीप्रति इर्स्यालु हुनुहुँदो रहेछ। प्रेममा परेपछि जहाँ पनि र जहिले पनि तेस्रो पक्षको सामना गर्नुपर्ने हुनसक्छ। हाम्रो समाजमा प्रचलित मान्यता र विभिन्न कालखण्डमा रचना गरिएका विभिन्न साहित्यहरू पनि तेस्रो पक्षको अनुपस्थितिमा अधुरो नै मानिएका छन्। तपाईंको हकमा, तपाईंहरूको प्रेममा देखापरेको तेस्रो पक्षले तपाईंले सोंचेजस्तो तपाईंकी प्रेमिकाको मन जित्ने प्रयास गरिरहेको नहुन सक्छ। दुई असल मित्रको सम्बन्ध प्रेमी-प्रेमिकाको सम्बन्धको तुलनामा बढी टिकाउ र विश्वसनीय हुन्छ। जहाँसम्म तपाईंकी प्रेमिका सहयोगी भावनाकी छिन् भन्ने कुरा छ, त्यो उनको गुण हो। आफ्नी प्रेमिकाको यस्तो गुणको कदर गर्दै प्रेमिकाको साथीप्रति तपाईंको मनमा रहेको इर्स्याको भावनालाई त्याग्नुहोस् र उदार मनले प्रेमिकाले उनलाई गरिरहेको सहयोगमा तपाईं पनि साथ दिनुहोस्। तपाईंको साथ पाएपछि तपाईंकी प्रेमिकाको तपाईंप्रतिको विश्वास अझ दृढ हुन्छ र आफ्नो साथीलाई सहयोग गर्ने उनको भावनाको सबैले कदर गर्नेछन्। त्यो स्थितिमा तपाईंको प्रेम अझ प्रगाढ हुनेछ।

## ● फिल्मी खबर ●

### कुकर्म प्रदर्शन हुने

हेमा फिल्म्सको ब्यानरमा यादव पुडासैनीले निर्माण गरेको चलचित्र 'कुकर्म' प्रदर्शनका लागि तयार छ। इँटाभट्टामा काम गर्ने मजदुरको दैनिकीमा आधारित यो चलचित्रको निर्देशन सुरेश बज्राचार्यले गरेका हुन्। चलचित्रमा रामचन्द्र अधिकारी, यादव पुडासैनी, सेरिना कोइराला, हिउँवाला गौतम, मित्लेश श्रेष्ठ, विशाल शर्मा आदि कलाकारले अभिनय गरेका छन्।

### वनझाँक्री बन्दै

सेलिना फिल्म्सको ब्यानरमा परम्परागत चिकित्सक मानिएका वनझाँक्रीका बारेमा चलचित्र 'वनझाँक्री' निर्माण हुँदैछ। झन्डै चार वर्षको अनुसन्धानपछि निर्माण गर्न लागिएको यो चलचित्रको निर्देशन देव नेपालले गर्दैछन्। आनन्द सुवेदीले लगानी गर्ने वनझाँक्रीमा आनन्द सुवेदी, प्रिया बस्नेत, दीपक ताम्राकार, रमेश गिरी, उदय सुब्बा आदि कलाकारको अभिनय रहनेछ।

### पत्रकार डकुड्रामातिर

महिला सशक्तीकरणको विषयलाई समेटेर झापाका पत्रकार भूपेन्द्र तिम्सिनाले डकुड्रामा तयार गरेका छन्। 'जीवन जिउनेहरूका लागि' शीर्षकको उक्त डकुड्रामा पिछडिएका महिलाले तालिम र ज्ञान पाएपछि सामाजीक रूपान्तरणमा कसरी भूमिका खेल्न सक्छन् भन्ने कुरा प्रस्तुत गरिने तिम्सिनाले बताए। यो डकुड्रामाका दृश्यहरू झापा तथा मोरङका विभिन्न क्षेत्रमा छायाङ्कन गरिएको हो। करिब एक घण्टा लामो यो डकुड्रामामा ममता बुढाथोकी, एनुका थापा, कमलराज भुजेल, प्रेमा श्रेष्ठ आदि झापाको गन्तव्य थिएटर तथा मोरङको कञ्चनजंघा नाट्यसमूहका कलाकारले अभिनय गरेका छन्।

### महादेवको जादुगर

हास्यकलाकार तथा जादुगर महादेव त्रिपाठीले चलचित्र 'जादुगर'को छायांकन आरम्भ गरेका छन्। हालै काठमाडौंको खुलामञ्चमा शुभमुहूर्त गरिएको यो चलचित्रमा महादेव त्रिपाठीकै अभिनय रहनेछ। जादुगरमा ४० जना बालबालिकाको मुख्य भूमिका रहने त्रिपाठीले बताएका छन्। चलचित्र 'जादुगर'मा विनोद खुम्बुको संगीत, रामनारायण चौधरीको छायांकन, खेम गुरुङको सम्पादन, योगेन्द्र श्रेष्ठको द्वन्द्व तथा शंकर बिसीको नृत्य निर्देशन हेर्न पाइनेछ।






रणवीरसित काम गर्न

## दीपिकालाई नो प्रोब्लम

आफ्नो लभ लाइफले लामो यात्रा तय गर्न नसकेको जोडीका रूपमा रणवीर कपुर र दीपिका पादुकोण पनि पर्छन् । प्रेम यात्रालाई गति दिनुपूर्व नै ब्रेकअप भएका रणवीर–दीपिकाको जोडीलाई 'बचना ए हसिनो' मा पहिलो पटक देखिएको थियो, तर यो जोडी अभिनीत अर्को चलचित्र बन्न नपाउँदै यी दुईबीचको प्रेम–सम्बन्धमा पूर्णविराम लागेको लागेको छ । तथापि दीपिकाले भविष्यमा रणवीरसित चलचित्रमा काम गर्न सकिने राय व्यक्त गरेकी छिन् । उनको विचारमा रणवीरसितको आफ्नो पर्सनल र रोमान्टिक सम्बन्ध टुटिसकेको छ, तर यसको अर्थ आफूले रणवीरसित चलचित्र खेल्नै नहुने वा नखेल्ने पक्कै होइन । पर्सनल र प्रोफेसनल लाइफलाई मिक्स गर्नुहुँदैन भन्ने कुरा त दीपिकाले राम्रैसँग बुझेकी छिन् नि होइन र ?



## रिचर्डलाई जरिवाना ?

हलिउड अभिनेता रिचर्ड गेरे अहिले चर्चामा छन् । आफ्नो नयाँ घरमा सर्नेबित्तिकै त्यहाँ रहेका १ सय ५० भन्दा बढी रूख काट्न लगाएपछि उनी एकपटक पुनः चर्चामा आएका हुन् । रूख काट्ने कदमले उनका छिमेकीहरू रुष्ट त छन् नै, साथै रूख काटेकै कारण उनले जरिवानासमेत तिर्नुपर्ने भएको छ । एउटा समाचारमा जनाइएअनुसार रिचर्डलाई करिब ५० हजार डलरको जरिवाना हुन सक्छ । रिचर्डका छिमेकीहरूमा विश्वास गर्ने हो भने रिचर्ड एउटा प्रख्यात अभिनेता भए पनि समाजमा बसोबास गर्न केही नियम-कानुन पनि पालना गर्नुपर्छ । रिचर्डले हालै मात्र न्युयोर्कको पोण्ड रिज क्षेत्रमा एउटा घर किनेका हुन् । यसबीच रिचर्डले आफूले रूख काट्न लगाएर गल्ती गरेको तथा चाँडै नै एक सय पचास वटै रूखका बिरुवा रोप्नेसमेत वचन दिएका छन् ।

## सलमान अब मोग्याम्बो बन्ने



मोग्याम्बो खुस हुवा....चलचित्र 'मिस्टर इन्डिया' को यो संवाद आज पनि उत्तिकै लोकप्रिय छ । अभिनेता अमरिश पुरीले बोलेको यो संवादलाई सम्भवतः सलमान खानले दोहोऱ्याउने त छैनन्, तर उस्तै नकारात्मक भूमिकामा भने प्रस्तुत हुने भएका छन् । प्रसंग हो सुपरहिट चलचित्र 'मिस्टर इन्डिया' को सिक्वेलको । बोनी कपुरले मिस्टर इन्डियाको दोस्रो भाग बनाउने भएका छन् । उक्त चलचित्रमा भारतमा आतंक फैलाएर आफ्नो राज्य स्थापित गर्न चाहने आतंकवादीको चरित्रमा अभिनेता सलमान खान देखिने भएका छन् । चलचित्रमा मिस्टर इन्डियाकै जोडी अनिल कपुर र श्रीदेवीको मुख्य भूमिका रहनेछ । पहिलो भागमा जस्तै यो चलचित्रमा पनि रामोञ्चकता रहनेछ । चलचित्रको निर्देशन भने अनिस बाज्मीले गर्नेछन् ।



प्रसंग

## विवाहकै

हलिउडका लोकप्रिय अभिनेता जिम केरी ससुरा बनेका छन् । उनकी २२ वर्षीया छोरी जेनले जासुसी शैलीमा विवाह गरेपछि केरी सोच्दै नसोचेको सम्बन्धमा गाँसिएका हुन् । चलचित्र 'मास्क' बाट चर्चित केरीले ट्वीटर पेजमा लेखेका छन्, 'मेरी छोरीले नोभेम्बर महिनाको पहिलो साता नै आफ्नो प्रेमीसँग विवाह गरेकी हुन् ।' केरीले लेखेका छन्– 'मेरी छोरी अब विवाहित भइन् । केही दिनअघि मात्र उनले एलेक्ससँग वैवाहिक जीवन प्रारम्भ गरेकी हुन् ।' केरीले यसै वर्षको जुलाईमा आफ्नी छोरी अझै केही वर्ष आफैंसँग बस्ने घोषणा गरेका थिए ।



चार सन्तानको

## समस्या

अचेल चिन्तित छिन् । उनको चिन्ताको कारण अरू कोहि नभएर उनकै छोरा-छोरी हुन् । हेदीका चार सन्तान छन् । चारै जनालाई एकै ठाउँमा राखेर हुर्काउन उनलाई निकै गाह्रो भएको छ । भनिन्छ, ३६ वर्षीया जर्मनी मोडल हेदीले गत महिनामात्र आफ्नो चौथो सन्तानलाई जन्म दिएकी छिन् । हेदी भन्छिन्– 'यी चार जना बच्चालाई एकसाथ हुर्काउने कार्य निकै गाह्रो छ, चारै जना साह्रै साना भएकाले उनीहरूलाई दिनभरि हेरिरहनुपर्छ ।' त्यसो त उनले चारवटै सन्तानबाट भूतपूर्व खुसी पनि हासिल गरेको समेत बताएकी छिन् । हेदी नुकूलता हेरेर उनीहरूलाई पार्क, रेस्टुराँ तथा डिज्नी ल्यान्ड लान पनि पछि पर्दिनन् ।



## क्याटरिना र आमिर एकसाथ

मिस्टर पर्फेक्सनिस्ट, अभिनेता आमिर खान र सेक्सी अभिनेत्री क्याटरिना कैफको जोडीका बारेमा तपाईं के भन्नुहुन्छ ? सायद सुहाउँछ कि सुहाउँदैन ? कुरा यी दुवै जना अभिनीत कुनै चलचित्रको होइन । कुरा 'सिनेब्लिज' नामक पत्रिकाको गोल्डेन जुब्ली अंकको कभर पेजको हो । कभर पेजमा आमिर बलिउड चलचित्रको लिजेन्डका रूपमा परिचय बनाएका अभिनेता गुरुदत्तका रूपमा र क्याटरिना अभिनेत्री वहिदा रहमानको गेटअपमा प्रस्तुत भएका छन् । आमिर र क्याटरिनाको जोडी नयाँ टेस्ट हुन सक्छ । सम्भवतः यसैबाट यी दुवैलाई भविष्यमा कुनै चलचित्रमा जोडीका रूपमा काम गर्ने बाटो खुल्ने हो कि ?

## केवल एक प्रश्न

# कम्प्युटरमा के गर्न मज्जा लाग्छ र किन ?

इन्टरनेटमा गुगलमार्फत् सर्च गरिरहन्छु। मलाई त्यसमै मज्जा लाग्छ। मनमा कुनै कौतूहलता हुनेबित्तिकै गुगलमा सर्च गर्‍यो, तुरुन्तै जवाफ पाइन्छ। संसारका हरेक कुराको जानकारी गुगलबाटै पाएको छु। मेरा लागि त यो सर्च इन्जिन गुगल डटकम नभएर गुगलेश्वर भगवान् नै हो।

**दीपक बज्राचार्य (गायक)**

कम्प्युटरमा के गर्ने भन्ने कुरा समयमा भर पर्छ। कुनै बेला साथीभाइसँग च्याट गर्ने, इमेल चेक गर्ने काम गर्छु। धेरैजसो गुगलमा स्वास्थ्य, फिटनेस आदि कुरा सर्च गर्छु। फेसबुक पनि चलाउँछु, तर धेरै कम। फेसबुकमा मैले धेरै साथी बनाएकी छैन। म कहिलेकाहीं मात्र फेसबुक चलाउँछु।

**गरिमा पन्त (नायिका)**

फुर्सदमा इन्टरनेट चलाएर बस्छु। मलाई त्यसमै मज्जा लाग्छ। विश्वमा कहाँ के भैरहेको छ भनेर खोज्नुका साथै हास्यकन्सेप्टहरू पनि खोज्न मलाई कम्प्युटरले मद्दत गरिरहेको छ।

**केदार घिमिरे 'माग्नेबूढा' (हास्यकलाकार)**

सबै काम कम्प्युटरबाटै हुन्छ, तर फुर्सदमा फेसबुक चलाएर बस्छु। विदेशमा रहेका बहिनी, आफन्त, वीरगन्जमा रहनुभएका बुबाआमा सबैका कुरा फेसबुकले अपडेट गराइरहन्छ। साथी सर्कलका बारेमा जानकारी भैरहन्छ। सबैसँग 'किप इन टच' भैरहने भएकाले फेसबुक चलाएर बस्न मज्जा लाग्छ।

**उषा खड्गी (पूर्व मिस नेपाल)**

के मात्र गरिन्नँ कम्प्युटरमा ? पेसा नै कम्प्युटर चलाउने भएपछि कम्प्युटर चलाएरै दिन बिताउँछु। वेबसाइट अपलोड, डिजाइनदेखि मेरो अफिसको म्यानेजमेन्ट पनि कम्प्युटर र इन्टरनेटबाट चलेको छ। क्लाइन्टलाई मेल पठाउनेदेखि मेल चेक गर्न, बैंक एकाउन्ट ट्रान्सफर गर्न, सफ्टवेयर अपडेट गर्न र डाउनलोडसम्म जे पनि गरिन्छ। अहिलेको संसारमा कम्प्युटरमार्फत के मात्र गर्न सकिन्न होला र ?

**दीपंकर कसजू (सञ्चालक, साइबरसंसार डटकम)**





दीपाश्री निरौला
(अभिनेत्री)

● मेरो अनुभव ●

# न्यानोपन

ओहो, यस्तो चिसो मौसममा न्यानोपनको कुरा गरे त झनै न्यानो हुने भैगयो नि। यति बेलै हो, मानिसहरूले न्यानो खोज्दै हिंड्ने। न्यानो भन्ने शब्द आफैंमा मजेदार छ। म न्यानोपनको आफ्नो अनुभवलाई दुई भागमा बाँड्छु। पहिले अप्रत्यक्ष न्यानोपनको कुरा गर्छु। माया र सद्भावबाट पाइने न्यानोपन, आत्मीय सम्बन्धको न्यानोपनजस्ता न्यानोपनले सम्बन्ध बढाउँदै मानिसलाई सामाजिक प्राणी बनाउँछ, तर अहिलेको समाजमा मन परेको मानिसको बनावटी न्यानोपनले रणभुल्लमा पनि पर्न सकिन्छ। व्यवहारमा न्यानोपन देखाउँदै खुट्टा तान्ने प्रवृत्ति पनि मानिसले देखाउन थालेका छन्। त्यस्तो स्वार्थी न्यानोपनबाट म सकेसम्म टाढा हुन खोज्छु। अब दोस्रो न्यानोपनको कुरा गरौं। आगो ताप्दा पाइने न्यानोपनका फाइदा र बेफाइदा दुवै छन्। आगो तापुन्जेल तातो भैरहन्छ, आगोबाट टाढा जानेबित्तिकै ताप्नुभन्दा अघिको जाडोभन्दा बढी जाडो हुन्छ। अचेल सहरतिर दाउरा बालेर आगो ताप्नेभन्दा रुम हिटरबाट न्यानोपन खोजिन्छ। जाडोमा टाउकै ढाक्ने गरी सिरक ओढेर सुत्दाको न्यानोपनको मज्जा बेग्लै हुन्छ। सिरकमा घुस्नेबित्तिकै चिसो अनुभव हुन्छ, अनि बिस्तारै तात्न थालेपछि न्यानो हुँदै जान्छ।

अहिले त इलेक्ट्रोनिक सिरकले गर्दा पहिल्यै न्यानो हुने गरेको छ, मैले पनि त्यस्तो सिरक किनेकी छु। जाडोमा मेरो कमाइ सबैभन्दा बढी न्याना लुगाहरू किन्नमै सकिन्छ। तराईकी भएकीले पनि होला, मलाई ज्यादै जाडो लाग्छ अनि ज्याकेट, स्वेटर पनि किन्नुपर्‍यो, फेसन पनि गर्नुपर्‍यो। रक्सीले पनि न्यानो बनाउँछ। जाडोमा म पनि मौका मिले वाइन पिएर क्षणिक न्यानोपनको अनुभूति सँगाल्ने प्रयत्न गर्छु। अर्को न्यानोपन कसैको अँगालोमा बाँधिएर पनि पाइन्छ। त्यसमा पनि प्रेमीको अँगालोमा बाँधिँदा पाइने मीठो न्यानोपनले अरू न्यानोपनलाई पछाडि पार्छ। त्यो अनुभव मैले सँगालेकी छु। श्रीमान्सँग रातभरि अँगालोमा बाँधिएर सुत्दाको मिठासयुक्त न्यानोपनको अनुभव भने सँगाल्ने अवसर जुटेको छैन। दुई-तीन वर्षभित्र त्यो अनुभव पनि सँगाल्नेछु।





## ● तीन प्रश्न ●

नारायण त्रिपाठीलाई सानो पर्दाका दर्शकहरू लभ बर्ड अर्थात् प्रेम चरोका रूपमा पनि चिन्छन्। झन्डै एक दशकअघि हास्य कार्यक्रम 'ट्वाक्क-टुक्क' मार्फत दर्शक हँसाउन थालेका त्रिपाठीले उक्त श्रृंखलामा प्रेम चरोका रूपमा लामो समय अभिनय गरे, तर अभिनयमा जमिरहेका बेला दुई वर्षअघि उनी अमेरिका प्रस्थान गरे। कलाकारका रूपमा अमेरिका गएका त्रिपाठीले त्यहाँ पनि दर्शक हँसाउन भने छाडेनन्। महिनैपिच्छे आयोजना हुने नेपाली सांस्कृतिक कार्यक्रममा त्रिपाठीको उपस्थिति अनिवार्यजस्तै भयो। यतिबेला उनी काठमाडौंमा छन्। झन्डै दुई महिना भयो, उनी अमेरिकाबाट काठमाडौं फर्किएको। त्रिपाठी आएर पुनः अभिनयकर्ममै व्यस्त भएका छन्। उनले हास्यश्रृंखला 'झ्याइँकुटी झ्याइँ' मा मुख्य भूमिका निर्वाह गर्न थालेका छन्। 'अहिले त नाप्या मात्रै हो, कटिङ गर्न बाँकी छ' भन्दै दर्शक हँसाइरहेका त्रिपाठीसँग *साप्ताहिक*को तीन प्रश्नः

**स्वदेशमै व्यस्त भैरहेको बेला अमेरिका जानुपर्ने कारण के थियो ?**

कलाकारिता क्षेत्रमा लागेको धेरै वर्ष भैसकेको थियो । यहाँ खासगरी त नाम र कर्मअनुसारको दाम कमाउन सकिएन । आर्थिक रूपमा समस्या परेपछि बिदेसिन बाध्य भएँ ।

**अमेरिकामा त्यस्तो के रहेछ ?**

त्यहाँ गर्नका लागि काम छ, स्वतन्त्र शैलीमा जीवन जिउने वातावरण छ । मानवअधिकार छ अनि कामअनुसारको दाम पनि छ ।

**पुनः अभिनयमा फर्कनुभयो, दर्शकबाट कस्तो प्रतिक्रिया पाउनुभएको छ ?**

दमन रूपाखेतीले पुनः अभिनयमा आउने वातावरण मिलाइदिनुभयो । 'झ्याइँकुटी झ्याइँ' मा राम्रो भूमिका पाएको छु । राम्रो भूमिका भएकैले होला, दर्शकले पनि मेरो 'कमब्याक' लाई मन पराउनुभएको छ ।

## जम्का भेट



तस्बिर : फिल्मी खबर डटकम

चलचित्र निर्माता-निर्देशक शंकर घिमिरे यो साताभरि सञ्चार-माध्यममा छाए। गत शनिबार नायिका ऋचा घिमिरेसँग वैवाहिक जीवनमा बाँधिएका कारण पनि शंकर-ऋचाको वैवाहिक समारोहका तस्बिरहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भैरहे। मेहन्दी लगाउने प्रसंगदेखि ह्यात होटलको प्रीतिभोज कार्यक्रमसम्म आइपुग्दा उनीहरूको वैवाहिक समारोह करिब एक सातासम्म जारी रह्यो। कुनै नेपाली चलचित्रकर्मीले यति लामो समय लगाएर विवाह गरेको यो पहिलो अवसर हो। १५ वर्षअघिदेखि जन्मस्थल चितवनमा सडक नाटक एवं रंगमञ्चमा अभिनय गर्दै कलाकारिता क्षेत्रमा प्रवेश गरेका शंकर पछिल्लो समयमा सफल चलचित्र निर्देशकका रूपमा स्थापित छन्। उनले निर्देशन गरेको पहिलो चलचित्र 'विष' व्यावसायिक रूपले सफल भैसकेको छ भने नयाँ चलचित्र 'वीरताको चिनो' बाट पनि उनी उत्तिकै आशावादी छन्। 'तुलसी' उनले निर्देशन गर्ने तेस्रो चलचित्र हो। संयोग नै मान्नुपर्छ, चलचित्र 'विष' तथा 'वीरताको चिनो' मा ऋचा घिमिरेले नै नायिकाको भूमिका निर्वाह गरेकी छिन्। 'तुलसी' मा भने ऋचा निर्मात्रीका रूपमा सहभागि छिन्। चलचित्र 'विष' को छायांकनभन्दा धेरै अघिदेखि नै शंकरले ऋचालाई मन पराएका थिए तर 'विष' को निर्माणक्रमसँगै दुवै नजिकिए। शंकरले त उनलाई पहिलेदेखि नै मन पराउँथे, ऋचाले पनि शंकरमा खासै खराबी देखिनन्। अन्ततः शंकरले ऋचाकी आमासँगको उनको हात मागे। पारिवारिक सहमतिपछि दुवैको गत शनिबार राजधानीमा विवाह सम्पन्न भयो। यसबीच निर्देशक घिमिरेसँग *साप्ताहिक*का कृष्ण भट्टराईको जम्काभेट भयो :

**नायिकाको श्रीमान् बन्न पाउँदा कस्तो अनुभव गरिरहनुभएको छ ?**

पहिलेदेखि नै चिनिरहेको युवतीसँग विवाह गर्न पाउनु सबैभन्दा सुखद पक्ष हो । चलचित्र निर्देशकले आफ्नै क्षेत्रकी नायिकासँग विवाह गर्न पाउनु अर्को रमाइलो पक्ष हो ।

**एक साता लामो वैवाहिक समारोह कस्तो रह्यो त ?**

हामीले सोचेभन्दा रमाइलो भयो । नेपाली चलचित्र क्षेत्रमै पहिलो पटक भव्य रूपमा वैवाहिक समारोह सम्पन्न गर्न पाएकोमा म र ऋचा दुवै खुसी छौं ।

**विवाहको पहिलो रात (सुहागरात) चाहिं कस्तो रह्यो नि ?**

(लामो हाँसो...) सुहागरात ! त्यो पनि रमाइलै भयो । पहिले त हामीले एक-अर्कालाई बधाई दियौं । वैवाहिक जीवनको दीर्घायुको कामना गर्‍यौं । त्यसपछि अन्य नवविवाहित जोडीले जसरी सुहागरात मनाउँछन्, त्यसरी नै मनायौं ।

**चलचित्र क्षेत्रका कलाकारको वैवाहिक जीवन दीर्घकालीन हुँदैन नि ?**

हामीले चलचित्र क्षेत्र भित्रका धेरै कलाकारको सम्बन्ध-विच्छेद देखे-सुनेका छौं तर हाम्रो वैवाहिक जीवन हामी जीवित रहुञ्जेल कायम रहन्छ भन्ने कुरामा विश्वस्त छौ ।

**आमदर्शकहरू घिमिरे-घिमिरेबीच कसरी वैवाहिक सम्बन्ध सम्भव भयो भन्दैछन् नि ?**

हामीसँग पनि धेरैले यो जिज्ञासा राखेका छन् । सात पुस्तासम्म पनि कुनै पारिवारिक सम्बन्ध नभएको स्पष्ट भएपछि नै हामीले विवाह गर्ने निर्णय गरेका हौं ।

## ● सानो पर्दा ●

### मागनेबूढाको अठोट

हास्यश्रृंखला 'मेरी बास्सै' का निर्देशक तथा कलाकार केदार घिमिरे (माग्नेबूढा) ले एउटा नयाँ अठोट गरेका छन् । नयाँ संविधान नबनेसम्म आफ्नो दाह्री-जुँगा तथा केश नकाट्ने घोषणा गरेर उनले राजनैतिक दलका नेताहरूलाई चुनौती दिएका छन्। माग्नेबूढाले देशमा जारी राजनैतिक किचलो तथा भद्रगोलका कारण निर्धारित समयमा संविधान बन्ने छाँट नदेखेपछि नेताहरूलाई सचेत गराउन यो प्रण गरेको बताएका छन् । 'नयाँ संविधान बन्न छ महिनामात्र बाँकी छ,' माग्नेबूढा भन्छन्– 'छ महिनामै लेखिने संविधानका लागि दुई वर्षको समय किन चाहियो ?'

### हाँसिदेऊ दुई फेर

तराई टेलिभिजनबाट नयाँ हास्य कार्यक्रमको प्रसारण प्रारम्भ भएको छ । हास्यकलाकार प्रकाश ओझाको निर्देशनमा तयार पारिएको यो कार्यक्रमको शीर्षक 'हाँसिदेऊ दुई फेर' राखिएको छ । निर्देशक ओझाका अनुसार यो कार्यक्रम हरेक एक-एक घण्टामा प्रसारण भैरहनेछ । जम्मा २ मिनेट लामो ठट्यौलीका रूपमा तयार पारिएको यो कार्यक्रममा विभिन्न हास्यकलाकारले अभिनय गरिरहेका छन् । 'यो कार्यक्रम हेर्ने दर्शकहरू कार्यक्रम हेर्दा-हेर्दै पहिलो पटक हाँस्छन्, निर्देशक ओझा थप्छन्– 'त्यसपछि केही समयपछि त्यही हेरेको दृश्य सम्झिएर हाँस्छन् । त्यसैले कार्यक्रमको शीर्षक नै हाँसिदेऊ दुई फेर राखिएको हो ।'

### मुन्द्रे सम्मानित

लोकप्रिय हास्यश्रृंखला 'जीरे खुर्सानी' का निर्देशक तथा हास्यकलाकार जितु नेपाल सिन्धुपाल्चोकमा सम्मानित भएका छन् । श्रृंखलामा 'मुन्द्रे' को उपनामले चर्चित जितुलाई जनजागृति युवा क्लबले आफ्नो १३ औं वार्षिकोत्सवका अवसरमा सम्मानित गरेको हो । जीरे खुर्सानीमा मुन्द्रे यातायातका रूपमा मोटरसाइकलको उपयोग गर्ने मुन्द्रेको उक्त कार्यको वास्तविक जीवनमै अनुकरण गर्न थालिएको चर्चा उक्त समारोहमा गरिएको थियो ।

### पोखरामा धारावाहिकको छायांकन

जिटिभीबाट प्रसारण भैरहेको पारिवारिक विषयवस्तुमा आधारित धारावाहिक 'अगले जनम मोहे बेटिया हि किजो' को छायांकन युनिट यतिबेला नेपालमा छ । धारावाहिकका दुई मुख्य पात्र आफ्नो घरबाट भागेर पोखरा पुगेको दृश्य छायांकन गर्न उक्त युनिट पोखरा पुगेको हो । एक सातासम्म पोखराका विभिन्न रमणीय स्थल उक्त धारावाहिकका थुप्रै दृश्य छायांकन गरिएको बताइन्छ । जिटिभीबाट सोमबारदेखि बिहिबारसम्म राति ९:४५ बजे प्रसारण भैरहेको उक्त धारावाहिकका केही दृश्य काठमाडौंमा समेत छायांकन गरिंदैछ । निर्देशक किरण वेदीका अनुसार श्रृंखलाको कथाअनुसार यसका दुई मुख्य पात्र घरबाट भाग्दाभाग्दै भारतको सीमा पार गर्दै नेपाल आइपुग्छन् । नेपाल प्रवेश गरेपछि उनीहरू पोखरा पुग्छन् ।

### म्युजिक इन्फोका कुरा

नेसनल टेलिभिजन च्यानलमा सांगीतिक कार्यक्रम 'म्युजिक इन्फो' को प्रसारण प्रारम्भ भएको छ। हरेक मंगलबार राति ७:३० बजेदेखि प्रसारण हुने यो कार्यक्रम नेपाली सांगीतिक क्षेत्रसँग सम्बन्धित छ । विशाल भण्डारीले सञ्चालन गर्ने यो कार्यक्रममा साताभरिमा सांगीतिक क्षेत्रका गतिविधि तथा संगीतकर्मीहरूका बारेमा चर्चा-परिचर्चा गरिन्छ ।



## ● विदेशबाट ●



### विवादमा राखी सावन्त

रियालिटी शो पर्फेक्ट ब्राइडको फाइनल इपिसोडमा राखी सावन्त निर्णायकको भूमिकामा प्रस्तुत भए पनि विवादमुक्त हुन सकिनन् । त्यसो त उनी कार्यक्रममा सहभागी हुनुअघि नै विवादमा आएकी हुन् । अघिल्लो शनिबार स्टार प्लसबाट 'पर्फेक्ट ब्राइड' को अन्तिम श्रृंखला प्रसारण भएको थियो । अन्तिम श्रृंखला भएकाले उक्त कार्यक्रममा राखीले एउटा गीतमा आइटम नृत्यसमेत गरेकी थिइन् । राखीले आफ्नै लागि 'वर' खोज्न नसकिरहेको अवस्थामा अरूका लागि उनले कस्तो 'वर' खोज्लिन् भन्ने कुराकै कारण उनी विवादमा परेकी हुन् । यसअघि 'राखीका स्वयंवर' शीर्षकको कार्यक्रममार्फत दर्शकमाझ आइसकेकी राखीले उक्त कार्यक्रमबाट पनि आफ्ना लागि श्रीमान् खोज्न सकिनन् ।

### डिस्कभरी च्यानलमा नयाँ कार्यक्रम

डिस्कभरी च्यानलबाट नयाँ श्रृंखला 'डिस्कभर मोर एट ८ पीएम' को प्रसारण प्रारम्भ भएको छ । यो कार्यक्रममा कल्पनाभन्दा टाढा संसारका अद्भुत चमत्कारहरू प्रसारण गरिन्छ । प्रत्येक दिन एक घण्टा प्रसारण हुने यो कार्यक्रममा प्राकृतिक घटना, चिकित्सा विज्ञान, भविष्यका प्रविधि तथा आधुनिक इन्जिनियरिङका परियोजना एवं पृथ्वीका आश्चर्यजनक रहस्यहरूलाई समावेश गरिएको छ । डिस्कभर मोरअन्तर्गत राति ८:१५ बजे प्रसारण हुने यो भिन्न शैलीको कार्यक्रमबाट दर्शक रोमाञ्चक मात्र हुने होइन कि सम्भावनाहरूको संसारको त्यस्तो जानकारी प्रदान गरिन्छ जुन अकल्पनीय हुन्छ ।


● चलचित्र ●

# नेपाली वीर



सामान्यतः नेपाली चलचित्रको छायांकन काठमाडौं तथा पोखरामा गरिन्छ, तर निर्माता कलाधर आचार्य तथा निर्देशक रीम विश्वकर्माले आफ्नो नयाँ चलचित्र 'नेपाली वीर' का लागि बिल्कुलै पृथक् लोकेसन छनौट गरेका छन् । उनीहरूले पहिलो पटक म्याग्दी जिल्लाका रमणीय लोकसनलाई यो चलचित्रमा कैद गरेका छन् । आज शुक्रबार सार्वजनिक हुन लागेको 'नेपाली वीर'को छायांकन यसअघि प्रयोग नगरिएका लोकसनमा गरिएको निर्देशक विश्वकर्मा बताउँछन् । मौलिकतामा आधारित भएको दाबी गरिएको यो चलचित्रमा नेपालको अस्तित्व जोगाउन वीर सहिदहरूले पुऱ्याएको योगदानलाई मुख्य विषय बनाइएको छ । यो चलचित्रमा रमित ढुंगाना, उषा पौडेल, रामचन्द्र अधिकारी आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन् । कुनै बेला नेपालको अस्तित्व हराए पनि नेपालीको पहिचान कहिल्यै नमेटिने कुरामा जोड दिँदै राष्ट्रहितमा समर्पित हुन सबैलाई आग्रह गरिएको यो चलचित्रले आमदर्शकको राष्ट्रप्रतिको भावनालाई अझ बढाउने कुरामा चलचित्र निर्माण पक्ष ढुक्क छ । निर्देशक विश्वकर्माकै संगीत निर्देशन रहेको तथा गायक राजेशपायल राईको स्वरमा रेकर्ड गरिएको यो चलचित्रको शीर्ष गीत लोकप्रिय भैरहेको छ ।

# अ टाउन कल्ड पेनिक




यसै साता प्रदर्शन हुने हलिउड चलचित्र 'अ टाउन कल्ड पेनिक' एनिमेसन प्रविधिद्वारा तयार पारिएको छ । एक्सन, एड्भेन्चर तथा एनिमसन श्रेणीमा राखिएको यो चलचित्र जिटजेस्ट फिल्म्सको ब्यानरमा तयार पारिएको हो । फिलिप पाटरद्वारा निर्मित यो चलचित्रको निर्देशन दुई जना निर्देशक भिन्सेन्ट पाटर तथा स्टेफन ओबियरले संयुक्त रूपमा गरेका हुन् । चलचित्रमा भेरोनिक डुमोन्ट, बोली लार्नर, स्टेफन औबियर, जेन्नी बालिबार आदि कलाकारले विभिन्न कार्टुन पात्रका लागि स्वर प्रदान गरेका छन् । १ घण्टा १५ मिनेट लामो यो चलचित्र बालबालिकाका लागि तयार पारिएको हो । यो कार्टुन चलचित्रका मुख्य पात्रहरूलाई साहसिक यात्रा गरिरहेको देखाइएको छ । यात्राका क्रममा चलचित्रका मुख्य पात्र काउब्वाइ, इन्डियन तथा होर्स पानीमुनिको संसारमा पुग्छन् । पानीमुनिको उक्त विचित्र संसार फेला पारेपछि उनीहरूको अत्यन्त खुसी हुन्छन् । आफूले कल्पना गरेको भन्दा सुन्दर संसारमा खुसी भैरहेका बेला पानीभित्रका विभिन्न जीवसँग उनीहरूको जम्काभेट हुन्छ । त्यसपछि उत्पन्न हुने रमाइला प्रसंगलाई चलचित्रमा रोमाञ्चक ढंगले चित्रण गरिएको छ ।

# रात गई बात गई




प्रितिश नन्दी कम्युनिकेसन्सको ब्यानरमा तयार पारिएको हिन्दी चलचित्र 'रात गई बात गई' को सार्वजनिक प्रदर्शन आज शुक्रबारदेखि हुँदैछ । रोमान्स श्रेणीमा राखिएको यो चलचित्रमा रजत कपुर, विनय पाठक, नेहा धुपिया, इराभाती हर्ष, नवनीत निशान, दिलीप ताहिल, अनुराधा मेनन, अमिर बासिर आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन् । चलचित्रको निर्देशन हास्यकलाकार सौरभ शुक्लाले गरेका हुन् । अंकुर तिवारीद्वारा संगीतबद्ध यो चलचित्रका गीतहरूमा अंकुर तिवारी, अनुश्का मनचन्दा, सिद्धार्थ आदि गायक-गायिकाले स्वर प्रदान गरेका छन् । चलचित्रको कथाअनुसार राहुल (रजत कपुर) विज्ञापन निर्माता हुन् । उनको विवाह भएको आठ वर्ष भैसकेको छ र उनी आफ्नी श्रीमती मिताली (इरावती हर्षे) सँग खुसी छन् । उनीहरूकी एउटी छोरी पनि छिन् । मितालीले परिवारका लागि आफ्नो काम छाडेकी छिन् । उनी आफ्ना श्रीमान् तथा छोरीकै हेरचाहमा व्यस्त छिन् । एक दिन बिहानै ओछ्यानबाट उठ्दा उनलाई रातिको पार्टीको ह्याङओभरले छाडेको हुँदैन । पार्टीमा उनी एउटी कामुक तथा जवान महिला सोफिया (नेहा धुपिया) सँगको भेट स्मरण गर्छन् । सोफिया नवोदित नायिका हुन् र पार्टीमा उनले सबैको ध्यान आकर्षित गरिरहेकी हुन्छिन् । राहुललाई सोफिया तथा उनीसँग मदिरापान गरेको मात्र स्मरण छ, बाँकी केही सम्झना छैन । मदिरापान गरेर मात्तिएपछि के-के भयो भन्ने कुराबाट उनी अनभिज्ञ छन् । आफ्नी श्रीमतीले आफूप्रति शंका गरेको अनुमान गरेपछि राहुल पार्टीको राति आफूबाट के-कस्ता कार्य भए भन्ने कुराको अध्ययन गर्न थाल्छन् । यसका लागि उनले आफ्ना साथी सक्सेना (दिलीप ताहिल) तथा अमित (विनय पाठक)सँग सहयोग माग्छन् । सक्सेना तथा अमितका आ-आफ्नै समस्या छन् । यो चलचित्रमा तीन वैवाहिक जोडीमार्फत आजको युगमा विवाहको मूल्य तथा मान्यताको महत्त्व दर्साउन खोजिएको छ । यो चलचित्रलाई हलिउडको चलचित्र 'द ह्याङ्ओभर' को हिन्दी संस्करणसमेत भनिएको छ ।



## ● साताको स्वर ●



**राजेशपायल राई**

**'बल्ल बल्ल भेट भो दर्शन नमस्ते...' लोकप्रिय भएकै हो ?**

यो गीतमात्र होइन, 'दर्शन नमस्ते' गीतिसंग्रह नै लोकप्रिय भएको छ। यसको श्रेय श्रोताहरूलाई जान्छ।

**लोकप्रियताको मापन कसरी गर्नुभएको छ ?**

यो गीत तथा गीतिसंग्रह लोकप्रिय नभएको भए मेरो यो सांगीतिक उचाइ कायम हुने थिएन, मैले यो वर्ष यतिका एवार्ड पाउने थिइनँ।

**गीतको कुन पक्ष श्रोताले मन पराएका छन् ?**

गीतको शब्द, संगीत, संगीत-संयोजन, रेकर्डिङ तथा मेरो गायकी अर्थात् श्रोताले गीतको हरेक पक्ष मन पराउनुभएको छ।

**सांगीतिक कार्यक्रममा यो गीत कत्तिको गाउनुहुन्छ ?**

गीतको शब्दका कारण पनि कार्यक्रमको प्रारम्भमा यही गीत गाउने गरेको छु।

**गीतको म्युजिक भिडियो किन ढिला भएको ?**

सम्भवतः यसै सातादेखि दर्शकले यो गीतको भिडियो हेर्न पाउनुहुनेछ।

## ● म्युजिक अपडेट ●

### जोमसोममा नौ म्युजिक भिडियो

रियाज म्युजिकले पर्यटकीय क्षेत्र जोमसोममा एकैपटक नौवटा गीतको म्युजिक भिडियो निर्माण गरेको छ। करिब १० दिन लामो सेड्यूल लगाएर ती नौवटा म्युजिक भिडियो निर्माण गरिएको रियाज म्युजिकका बजार अधिकृत विनोद सिंहले बताएका छन्। सिंहका अनुसार ओमविक्रम विष्ट, नवीन के. भट्टराई, कर्णदास, रवि बज्राचार्य, जगदीश समाल, सतिज श्रेष्ठ, युवराज चौलागाईं, निशा सुनार आदि गायक-गायिकाका भिडियो जोमसोमका विभिन्न लोकेसनमा छायांकन गरिएको छ। ती भिडियोहरूको निर्देशन सहेन्द्र श्रेष्ठ, आरबी सिंह, सुमन श्रेष्ठ आदिले गरेका छन्। म्युजिक भिडियोमा विनोद सिंह, समा श्रेष्ठ, एट्ना कार्की, नम्रता, गौरी, सबिना, एलिजा आदि मोडलले अभिनय गरेका छन्। जोमसोममा छायांकन गरिएका ती म्युजिक भिडियोहरू पालैपालो विभिन्न टेलिभिजन च्यानलबाट प्रसारण हुन थालिसकेका छन्।

### दुई संग्रहको विमोचन

गायक नवीन के. भट्टराई तथा सबिन राईका नयाँ गीतिसंग्रह गत सोमबार एक सांगीतिक कार्यक्रमबीच विमोचित भएका छन्। समारोहमा नवीनको 'नक्षत्र' तथा सबिनको 'रंगमञ्चको रंग' को विमोचन गरिएको हो। विमोचनपछि दुवै गायकले एक-अर्कालाई अँगालो मारेर बधाई दिएका थिए। विमोचन समारोहपछि रियाज म्युजिकको पाँचौं वार्षिकोत्सवसमेत मनाइएको थियो। 'रेड कार्पेट' शीर्षकको उक्त कार्यक्रममा विमोचिन संग्रहका गायकद्वय नवीन तथा सबिनले लाइभ कन्सर्ट प्रस्तुत गरेका थिए।

### महोत्सवमा व्यस्त हुनेहरू

गायक हेमन्त शर्मालाई अचेल काठमाडौंमा कमै भेटिन्छ। गायक राजेशपायल राई तथा गायिका अञ्जु पन्तलाई पनि काठमाडौंमा फेला पार्न मुस्किल छ। राजधानीबाहिर भैरहेका एक दर्जनभन्दा बढी महोत्सवमा यी गायक-गायिका मात्र होइन, लोकदोहोरीका लोकप्रिय गायक-गायिका पनि उत्तिकै व्यस्त छन्। उनीहरूसँगै हास्य टेलिश्रृंखला 'मेरी बास्सै' का तीन जना कलाकार केदार घिमिरे, सीताराम कट्टेल तथा कुञ्जना घिमिरे पनि उत्तिकै व्यस्त छन्। 'अहिले हाम्रो सिजन सुरु भएको छ, गायक हेमन्त शर्मा भन्दै थिए– 'हिउँदमा किसानहरू बाली भित्र्याउन व्यस्त भएजस्तै हामी गायक-गायिकालाई यतिबेला हिउँद लागेको छ।

### गायकद्वयको विवाह

अघिल्लो साता दुई जना पपगायकले वैवाहिक जीवन प्रारम्भ गरे। विराटनगरका पपगायक विवेक पोखरेल तथा पोखराका गायक भाष्करध्वज श्रेष्ठले वैवाहिक जीवन प्रारम्भ गरेका हुन्। गायक पोखरेलले अघिल्लो बुधबार विराटनगरकै सुष्मा आचार्यसँग विवाह गरे भने सांगीतिक समूह डी मोर्चाका गायक श्रेष्ठले पोखराकै प्रगति विजुक्छेसँग लगनगाँठो कसे। गायक पोखरेलले परम्परागत विवाह गरेका हुन् भने अर्का गायक श्रेष्ठले छ वर्ष लामो प्रेमसम्बन्धलाई वैवाहिक रूप दिएका हुन्। दुवै गायकलाई *साप्ताहिक*को बधाई !

### र्‍याप नहान्ने घोषणा

पप गायक अविनाश घिसिङले आगामी दिनमा कुनै पनि गीतमा र्‍याप नहान्ने घोषणा गरेका छन्। र्‍याप गायनमार्फत नै लोकप्रिय भएका गायक घिसिङलाई ल्हासाको चिसोले, धानकै बाला झुलौंला आदि गीतमा र्‍याप हानेका थिए। र्‍याप पश्चिमा संस्कृति भएको तथा नियमित रूपमा र्‍याप संगीतमा सक्रिय भैरहँदा आफ्नो मौलिक गायनमा समय दिन नसक्ने भएकाले घिसिङले यस्तो घोषणा गरेका हुन्। 'अब म मेलोडियस पपगीत मात्र गाउँछु,' अविनाश भन्छन्– 'मेलोडी संगीतमार्फत नै नेपाली संस्कृति झल्काउने इच्छा छ।'

### हेटौंडामा सांस्कृतिक कार्यक्रम

हेटौंडामा आयोजित क्षेत्रीय व्यापार मेलामा नेपालका ख्यातिप्राप्त कलाकारहरूको जमघट देखियो। व्यापार मेलामा विभिन्न क्षेत्रका २९ जना कलाकारले आ-आफ्नो कला प्रस्तुत गरिरहेका छन्। सांस्कृतिक कार्यक्रममा द्वन्द्व निर्देशक राजेन्द्र खड्गी, संगीतकार लक्ष्मण शेष, चेतन सापकोटा, विष्णु सापकोटा, गायक रोज मोक्तान, बद्री पंगेनी, गायिका रेश्मा सुनुवार, हास्यकलाकार धुर्मस, सुन्तली तथा मागनेबूढा आदिले विभिन्न प्रस्तुतिमार्फत दर्शकहरूलाई मनोरञ्जन प्रदान गरिरहेका छन्।

### लोकप्रिय हुँदैछन् मल्लिका र रूपक

गायिका मल्लिका कार्की तथा गायक रूपक डोटेलको लोकप्रियता बढ्दो छ। भर्खरै बजारमा आएको आफ्नो पहिलो गीतिसंग्रह 'मल्लिका' का विभिन्न गीतका कारण मल्लिका कम समयमै लोकप्रिय भएकी हुन्। संग्रहको एउटा गीत 'यति धेरै मान्छेहरूको भीडमा' लोकप्रिय भएपछि मल्लिका सांगीतिक कार्यक्रममा पनि व्यस्त हुन थालेकी छिन्। गायक रूपकचाहिं आफ्नो नयाँ गीतिसंग्रह 'उमंग' को लोकप्रियतापछि उत्साहित छन्। 'सांगीतिक कार्यक्रममा व्यस्त छु' रूपक भन्छन्– 'श्रोताले पुनः सुगम संगीतलाई माया गर्न थालेकोमा खुसी छु।' संजोग नै मान्नुपर्छ, दुवै गीत तथा संग्रहका संगीतकार आलोकश्री हुन्।

### अम्बर गुरुङलाई विदेशबाट सम्मान

नेपाली राष्ट्रिय गीत 'सयौं थुँगा फूलका हामी' का संगीतकार अम्बर गुरुङलाई नेपाली गीत तथा संगीत क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै नेपाली प्रतिभा प्रतिष्ठान, बेलायतले सम्मानित गर्ने भएको छ। आगामी जनवरीको पहिलो साता राजधानीमा आयोजना गरिने बृहत् साहित्यिक कार्यक्रमका क्रममा गुरुङलाई ताम्रपत्रसहित सम्मान थैली हस्तान्तरण गरिने प्रतिष्ठानका सचिव तथा गीतकार टीका चाम्लिङले बताएका छन्।

### पार्श्व गायनमा अञ्जना

'म त काली सुन्दरी, चर्चा मेरो गाउँभरि...' गीत लोकप्रिय भएपछि गायिका अञ्जना गुरुङको व्यस्तता ह्वात्तै बढेको छ। लोकदोहारी गीत गाएर सांगीतिक क्षेत्रमा प्रवेश गरेकी चितवनकी अञ्जना पछिल्लो समयमा लोकदोहारी, आधुनिकका साथै चलचित्रको पार्श्व गायनमा समेत उत्तिकै व्यस्त छिन्। बाटुली, गंगाजल, आमाको आशीर्वाद, बिन्तीपत्र, फर्जलगायत प्रदर्शनको तयारीमा रहेका करिब तीन दर्जन चलचित्रमा अञ्जनाले पार्श्वगायन गरिसकेकी छिन्। 'मेरो स्वर प्रायः सबै नायिकालाई मिल्ने भएकाले संगीतकारले नेपाली चलचित्रमा मलाई गीत गाउने अवसर प्रदान गरिरहनुभएको छ,' गायिका गुरुङ भन्छिन्– 'पार्श्व गायनमा व्यस्त भैरहे पनि लोकदोहोरी तथा सुगम संगीतलाई भने जारी राख्नेछु।'

## विदेशबाट

### म्याडोनाको अनुहारमा चाउरी ?

यसै साता हलिउडमा सम्पन्न एउटा चलचित्रको प्रिमियर समारोहमा उपस्थित पप गायिका म्याडोनाको अनुहारको वास्तविकता सार्वजनिक भएको छ। विभिन्न टेलिभिजन च्यानलका क्यामेराम्यानहरूले प्रयोग गर्ने लाइटले म्याडोनाको अनुहारको वास्तविकता सार्वजनिक गरेको हो। साँझ आयोजित प्रिमियर शोमा समेत म्याडोना 'ओभर साइज' डार्क चस्मा लगाएर उपस्थित भएकी थिइन्, जसमा उनको अनुहारको चाउरी स्पष्ट रूपले देखिएको थियो भने उनको आँखाको वरिपरि कालो घेरा देखिन्थ्यो। समाचारअनुसार उक्त अवसरमा म्याडोनाले लगाएको रातो रंगको लिपस्टिकले समेत उनको सौन्दर्य बढाउन सकेको थिएन।

### रिहान्नाले रुवाएपछि...

हलिउडकी लोकप्रिय गायिका रिहान्ना आफ्ना रूखो स्वभावका कारण पनि बेला-बेलामा चर्चामा आइरहिन्छन्। पछिल्लो पटक उनी एक जना र्‍याप गायकलाई सांगीतिक कार्यक्रमका क्रममै रुवाएर पुनः चर्चामा आएकी छिन्। यसै साताको प्रारम्भमा गायिका रिहान्ना 'लाइट लाइफ स्किट' शीर्षकको सांगीतिक कार्यक्रममा सहभागी भएकी थिइन्। कार्यक्रममा युगल गीत गाउने क्रममा उनलाई एक जना र्‍याप गायकले साथ दिइरहेका थिए। दुवै जनाले गीत गाउन मात्र के थालेका थिए, रिहान्नालाई र्‍यापरको स्वर मन परेन। र्‍यापरले आकर्षक ढंगले गीत गाउन नसकेपछि रिहान्नाले उनलाई स्टेजमै गाली गरिन्, जसका कारण र्‍यापर दर्शकहरूका अगाडि नै रुन बाध्य भए।



## ● अफबिट ●



राई इज किंगको उपाधि पाएका गायक राजेश पायल राईको लिम्बू संस्कृतिमा आधारित गीत 'बल्ल भेट भो आदङ्वे' को म्युजिक भिडियो तयार भएको छ। लामो समयदेखि विभिन्न गीतको म्युजिक भिडियोको निर्देशन गरिसकेका निर्देशक तथा सम्पादक सुरज श्रेष्ठले उक्त गीतको निर्देशन गरेका छन्। सौरभ श्रेष्ठको जदौ भाग दुई शीर्षकको एल्बममा समाविष्ट उक्त गीतको छायांकन धरानका तीनकुने, बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, भेडेटार एवं धार्मिक स्थल विजयपुरको भताभुङ्गे दरबार तथा बूढासुब्बा मन्दिरजस्ता स्थलहरूमा गरिएको छ। राजेश पायल राईको एकल स्वरको उक्त गीतको भिडियोमा गायक राई आफैंले अभिनय गरेका छन् भने मोडल सञ्जिता लिम्बूले उनलाई साथ दिएकी छिन्।

## ● ब्याण्ड ●




कान्तिपुर टेलिभिजनबाट प्रसारण भैरहेको सांगीतिक समूहहरूको प्रतिस्पर्धा 'स्प्राइट ब्यान्ड च्यालेन्ज-२' को सेमिफाइनल चरणसम्म पुग्न सफल सांगीतिक समूह 'ब्याप्टिज्मा' दुई वर्षअघि स्थापना भएको हो। पाँच जना संगीतकर्मी आबद्ध यो समूह 'अल्टरनेटिभ रक संगीत' सिर्जना गर्ने समूहका रूपमा लोकप्रिय छ। समूहमा राजेश घिमिरे गायक छन् भने सुरज मल्ल बेस गिटारिस्ट हुन्। एलिन श्रेष्ठ ड्रमरका रूपमा सक्रिय रहेको यो समूहमा रेगन खड्गी गिटारिस्टका रूपमा संलग्न छन्। धीरज बज्राचार्य पनि गिटारिस्टकै रूपमा सक्रिय छन्।

सन् २००६ मा स्थापना भएको यो समूहले ब्यान्ड च्यालेन्जमा आफ्नो मौलिक प्रस्तुतिका कारण हालसम्मको यात्रा तय गरेको हो। छवटा गीत रेकर्डिङ गरिसकेको यो समूहले ब्यान्ड च्यालेन्जलगत्तै पहिलो गीतिसंग्रह श्रोतामाझ ल्याउने तयारी पूरा गरिसकेको छ। स्थापना भएदेखि हालसम्म समूहले काठमाडौं, ललितपुर र भक्तपुरमात्र होइन, पोखरा तथा चितवनमा भएका लाइभ कन्सर्टमा समेत गीत-संगीत प्रस्तुत गरिसकेको छ। 'टिनएजर पुस्ताले हाम्रा गीत मन पराएका छन्,' गायक राजेश थप्छन्– 'पाश्चात्य संगीतलाई नेपाली शैलीमा गाउने भएकाले पनि नेपालमा अल्टरनेटिभ रकका प्रशंसकहरू बढिरहेका छन्।' अन्य नेपाली सांगीतिक समूहभन्दा पृथक् नाम राखिएको यो समूहका सहकर्मीहरूलाई *साप्ताहिक*ले समूहका नामकरणका बारेमा जिज्ञासा राखेको थियो। गायक राजेशको जवाफ थियो– 'यो एउटा क्रिस्चियन धर्ममा आधारित नाम हो। ब्याप्टिज्मा अर्थात् विधि-विधानको थालनी ! संगीतमार्फत राम्रो कुराको थालनी गरौं भनेर हामीले समूहको नाम नै 'ब्याप्टिज्मा' राखेका हौं।'







लन्डनमा वार्षिक रूपमा आयोजना हुने टाटु महोत्सव विश्वकै सर्वाधिक ठूलो टाटु महोत्सव मानिन्छ। यो महोत्सवमा सयौं टाटु आर्टिस्टदेखि हजारौं टाटु प्रशंसकले सहभागिता जनाउँछन्।

● पहिलो विश्व ●

# स्तन बढाउन रोक



इटालीका १८ वर्षभन्दा कम उमेरका युवतीहरूमा स्तन आकर्षक बनाउने होड चलेपछि सरकारले स्तनको प्लास्टिक सर्जरीमा प्रतिबन्ध लगाउने तरखर गरिरहेको छ। स्तनको आकार बढाउन सस्तो किसिमको सिलिकनको प्रयोग बढेपछि सरकारले उक्त कानुन ल्याउने तयारी गरेको हो। सन् २००८ मा १० हजारभन्दा बढी युवतीले सिलिकन प्रयोग गरेर स्तन ठूलो बनाएको सरकारी तथ्यांक छ। यस्ता सर्जरीको नकारात्मक असर बढ्न थालेपछि सरकारले यसतर्फ ध्यान दिएको हो। अब सम्भवतः १८ वर्षभन्दा कम उमेरका युवतीहरूले स्तन आकर्षक बनाउन पाउनेछैनन्। इटालीमा युवतीहरूबीच स्तन ठूलो पार्ने चाहना बढेपछि सिकारु चिकित्सकहरू पनि प्लास्टिक सर्जरीतर्फ आकर्षित हुन थाले, जसले कमसल सिलिकनको प्रयोग गर्दै सस्तोमा प्लास्टिक सर्जरी गरे। यस्तो कार्यले नकारात्मक असर पर्ने देखेपछि सरकारले यो कदम उठाएको हो। सरकारको यो कदमको प्लास्टिक सर्जनहरूको स्थानीय संस्थाले स्वागत गरेको छ।

अन्यत्रमा...



कुनै युवतीले कति शरीर देखाइन् भने त्यसलाई ग्ल्यामरस (कामोत्तेजक) भन्ने र कति देखाए त्यसलाई भल्गार (अश्लील) मान्ने भन्ने विषयमा अझै पनि कसैले ठोस निष्कर्ष दिन सकेका छैनन्। यो द्विविधाले गर्दा अधिकांश युवतीको ग्ल्यामरस छविलाई भल्गारको संज्ञा दिइन्छ। युनिभर्सिटी अफ लिड्सले कुनै युवतीले कति प्रतिशत शरीर देखाइन् भने त्यसलाई ग्ल्यामरस मान्ने भन्ने विषयमा शोध गरेर आफ्नो अनुसन्धान न्यू साइन्टिसमार्फत् सार्वजनिक गरेको छ। उक्त शोधअनुसार कुनै युवतीले आफ्नो शरीरको ४० प्रतिशत छाला प्रदर्शन गर्दा उनी ग्ल्यामरस देखिन्छिन् भन्ने निष्कर्ष निकालेका छन्। शोधका क्रममा उनीहरूले के पनि पाए भने जुन युवतीले आफ्नो शरीरको ४० प्रतिशत छाला प्रदर्शन गर्छिन् उनले पुरुषहरूलाई आकर्षित गरिरहेकी हुन्छिन्। अनुसन्धानका क्रममा युवतीले खुट्टा र पाखुराको भागलाई बढी खुला गरेर आफ्नो शरीरको ४० प्रतिशत छाला देखाउँदा उनीहरूप्रति पुरुषको आकर्षण धेरै बढेको पाइयो।



# भ्वाइस अफ पोखरेली झ्याल



हङकङ- नृत्यतर्फ आइडल प्रतियोगिता भैरहेको हङकङमा यो वर्ष गायन प्रतियोगिता पनि प्रारम्भ भएको छ। मितेरी सेवा समिति पोखराले यसै वर्षदेखि 'भ्वाइस अफ पोखरेली झ्याल' को आयोजना गर्ने घोषणापछि गायनका पारखीहरूका लागि समेत प्रतिभा देखाउने बाटो खुलेको हो । गत आइतबार जोर्डनस्थित याक एन्ड यति रेस्टुराँमा आयोजित सेमिफाइनल राउन्डमा आठ प्रतियोगी अन्तिम प्रतिस्पर्धाका लागि छानिएका छन् । पहिलो पटक आयोजित उक्त प्रतियोगितामा यहाँका नयाँ-पुराना १६ प्रतिस्पर्धी सहभागी थिए ।

डिसेम्बर २६ शनिबारका दिन काउलुन पार्क पियाजामा हुने अन्तिम प्रतिस्पर्धामा सन्तोष गुरुङ, टोपराज तामाङ, रोषा लिम्बू, प्रवीण शेरचन, हर्षित आले, विमला राई, सोनाम महर्जन तथा कर्म लामा पहिलो 'भ्वाइस अफ पोखरेली झ्याल' का लागि भिड्नेछन् । शीर्ष उपाधि 'भ्वाइस अफ पोखरेली झ्याल' लगायत फस्ट र सेकेन्ड रनर्सअप विजेतालाई क्रमशः ६० हजार, ३० हजार र २० हजार रुपैयाँ प्रदान गरिनेछ । गायन प्रतिस्पर्धालाई अझ रोमाञ्चक बनाउन विभिन्न सुन्दरी प्रतियोगिताका विजेता सुन्दरीहरूले 'क्याट वाक' पनि प्रस्तुत गर्नेछन् ।

**-निर्मल श्रेष्ठ**

# पोखरामा ब्युटिसियन भेला


पोखरा- स्पा ब्युटीसँग सम्बन्धित जानकारी लिन शनिबार पोखरामा ब्युटिसियनहरूको भीड लाग्यो । न्युलुक्स कस्मेटिक्सद्वारा आयोजित स्पासम्बन्धी एकदिने सौन्दर्य भेलामा भाग लिन ब्युटिसियनहरू हानथाप गर्दै थिए । कार्यक्रममा पोखरालगायत स्याङ्जा, तनहु, बाग्लुङ आदि जिल्लाका ब्युटिसियनहरूको सहभागिता थियो ।



पहिलो पटक आयोजित स्पासम्बन्धी भेलामा स्पा आइट्रिटमेन्ट, स्पा बोटोक्स एन्ड ब्राइटनिङ फेसियल ट्रिटमेन्ट, एन्टीपोलुसन स्पा चकलेट ट्रिटमेन्टका बारेमा ब्युटिसियनहरूलाई प्रशिक्षण दिइएको थियो । एस्टेसियन तथा छालासँग सम्बन्धित सौन्दर्यविद् मेरिया र विमला रिजालले स्पा सौन्दर्यका बारेमा ब्युटिसियनहरूलाई अवगत गराएका थिए ।

'देशव्यापी कार्यक्रमअनुरूप धरान तथा बिर्तामोडपछि यो कार्यक्रम पोखरामा आयोजना गरिएको हो,' न्यूलुक्स कस्मेटिक्सका प्रबन्धक विश्वकरण जैनले बताए ।

# पोखरामा अनुशीलन डान्स एवार्ड



पोखरा- यस पटक पोखरामा एउटा ठूलो डान्स प्रतियोगिता सम्पन्न भयो । अनुशीलन कला पाठशाला पोखराले आयोजना गरेको पहिलो अनुशीलन डान्स गोल्ड एवार्डको उपाधि तरेली सांस्कृतिक परिवारले जितेको छ । एवार्डस्वरूप परिवारले ४७ हजार नगद रुपैयाँका साथमा शिल्ड पाएको छ ।

तरेलीले गोल्ड एवार्डका आठवटा विद्यामध्ये, मुख्य टाइटल उत्कृष्ट सामूहिक नृत्य, लोकनृत्य, हास्य नृत्य, एकल महिला नृत्य, वेशभूषा तथा उत्कृष्ट नृत्य निर्देशन गरी उक्त एवार्ड जितेको हो । प्रतियोगितामा लोकनृत्य विधामा माछापुच्छ्रे डान्स सेन्टर तथा सरस्वती उच्च मा.वि. द्वितीय भए । आधुनिक नृत्यमा माछापुच्छ्रे डान्स सेन्टर पहिलो र अमन ग्रुप र रत्नशान्ति डान्स ट्रेनिङ सेन्टर तृतीय भए । हास्य विधामा माछापुच्छ्रे र अमन ग्रुप क्रमशः द्वितीय र तृतीय भए । एकल पुरुष नृत्यमा किन्डर गार्डेन र सरस्वती द्वितीय एवं तृतीय भए । एकल महिलातर्फ पोखरा किन्डर गार्डेन र ताराकुञ्ज द्वितीय तथा तृतीय भए ।

कार्यक्रममा अप्रतियोगीका रूपमा पोखरा कला केन्द्रले आकर्षक नृत्य प्रस्तुत गरेको थियो । कार्यक्रममा गायिका अन्जना गुरुङले काली सुन्दरी गीत गाएर दर्शकहरूलाई मनोरञ्जन प्रदान गरेकी थिइन् । त्यस्तै सुनिल रानाभाट, नरजंग गुरुङ र मनोज गुरुङले पनि गीत सुनाए । कार्यक्रममा कलाकार ताराबहादुर गुरुङ, संगीतकार काजीमान गुरुङ, गायक धनबहादुर गुरुङ तथा बालप्रतिभा सोफीया बराललाई सम्मान गरिएको थियो ।

**-शिव शर्मा**

# फायर क्याम्पबीच सांगीतिक मस्ती



इलाम- सधैं राष्ट्रिय प्रतिभाको कन्सर्ट हेर्ने बानी परेका इलामेहरूले यस पटक बेग्लै प्रयोग गरे। स्थानीय कलाकारहरू स्टेजमा थिए भने राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरका व्यक्तित्वहरू दर्शक। बिहीबार राति इलाम सदरमुकामस्थित विद्युत् उत्पादन केन्द्रको फाँटमा कार्यक्रमको रमाइलोमा रमेका थिए संविधानसभाका सभाध्यक्ष सुवासचन्द्र नेम्वाङ, पूर्वप्रधानमन्त्री तथा कांग्रेस वरिष्ठ नेता शेरबहादुर देउवा तथा भारतीय राजदूत राकेश सुद। छिप्पिंदो साँझबीच कठ्याङ्ग्रिँदो चिसोमा कार्यक्रम हेर्ने सहारा थियो- फायर क्याम्प। नेताहरू भेला भएको मौका छोपेर नगरपालिकाले चिसो साँझ तताउने उक्त जमघटको अयोजना गरेको हो।


केही क्षणअघि भारतको सहयोगमा निर्माण हुने शीतभण्डारको शिलान्यास कार्यक्रममा इलामेहरूको स्वागतबाट दंग भारतीय राजदूत सहभागीको भीडमा जीउ तताउन व्यस्त देखिन्थे। उनले आगोको रापसँगै दिल्लीदेखि काठमाडौं हुँदै इलामसम्मको चिसो मापन गरे। गृहजिल्लामा आयोजित विभिन्न कार्यक्रममा सहभागी बनेर थाकेका सभाध्यक्ष सुवासचन्द्र नेम्वाङ पनि पुराना साथीभाइसँग आगोको मज्जा लिनमा तल्लीन थिए। पूर्वाञ्चल दौडाहामा बिरामी परे पनि कार्यकर्ता भेटघाट र भाषणमा व्यस्त पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा पनि रमाइलो मानेर आगोसँगै तात्तिएको वातावरणमा भिजिसकेका थिए। साँझ छिप्पिँदै जाँदा स्थानीय आरम्भ सांगीतिक समूहले सांगीतिक खुराकको वर्षा गरायो।

महेन्द्र लिम्बूले 'रेशमैको पछ्यौरी' गीतबाट कार्यक्रमको मेलो खुलेपछि एक दर्जनभन्दा बढी स्थानीय कलाकारले गीत-संगीत प्रस्तुत गरे। एकसाथ बसेका नेम्वाङ, देउवा र सुदले कार्यक्रममा खुब रमाइलो माने। तुला पौडेल तथा सञ्जिता प्रधानले गाएको हिन्दी गीतले राजदूतलाई निकै छोएछ क्यारे, उनले आर्थिक सहयोग पनि प्रदान गरेर कलाकारहरूलाई हौस्याए। सुदले कलाकर्मीहरूलाई हिन्दी गीतका सिडीहरू पनि दिए। राति ११ बजेसम्म जमेको कार्यक्रममा युनिभर्सल म्युजिक स्कुल र माउन्ट मेची बोर्डिङ स्कुलका कलाकारले नृत्य प्रस्तुत गरेका थिए।

**-विप्लव भट्टराई**

# कलेज एम्बेसडरमा सुरज र अजिता






**साप्ताहिक समाचार**

जमलस्थित राष्ट्रिय नाचघरको मञ्चको पर्दापछाडि उपत्यकाका विभिन्न कलेजमा अध्ययनरत २१-२१ जना छात्र-छात्रा विभिन्न जातजाति झल्काउने वेशभूषामा सजिएका थिए । करिब तीन बजेतिर मञ्चको पर्दा उघारिएसँगै प्रतिस्पर्धीका रूपमा उपस्थित उनीहरूले सामूहिक रूपमा राष्ट्रिय गीत प्रस्तुत गरे । लगत्तै आकर्षक नृत्य पनि देखाए । त्यसपछिको केही समयपश्चात् छात्रहरू सर्ट, पाइन्ट र कोटमा तथा छात्राहरू विभिन्न नेकलाइन भएको गाउन शैलीको पहिरनमा प्रस्तुत भए र आ-आफ्नो परिचय दिए ।

द कलेज एम्बेसडर-२००९ शीर्षकको उक्त प्रतियोगिता त्यसपछि वेस्ट ड्रेस राउन्डमा प्रवेश गर्‍यो । जसअन्तर्गत सबै प्रतिस्पर्धीले आफ्नो छनौटको पहिरन र प्रस्तुतिबाट उपस्थित निर्णायक मण्डललाई प्रभावित गर्ने प्रयास गरे, तर बेस्ट ड्रेस राउन्डमा बढ्दो सहरीकरण र औद्योगीकरणका कारण प्रकृतिमा परेको नकारात्मक प्रभाव र त्यसले निम्त्याएको परिणामलाई प्रतीकात्मक रूपमा हरियो र सेतो रंगको सुन्दर संयोजनमा तयार गरिएको गाउनमा प्रस्तुत भएकी रत्ना कुँवरले बाजी मारिन् । ग्रीन आर्ट्स मिडियाको आयोजनामा तेस्रो संस्करणका रूपमा प्रस्तुत द कलेज एम्बेसडर प्रतिस्पर्धामा अन्ततः हिमालयन ह्वाइट हाउस इन्टरनेसनल कलेजमा १२ कक्षामा अध्ययनरत सुरज गिरी तथा काठमाडौं कलेज अफ म्यानेजमेन्टमा बीबीए तेस्रो वर्षमा अध्ययनरत अजिता सिंहले बेस्ट पर्फर्मेन्सको उपाधिसहित यस वर्षको द कलेज एम्बेसडर उपाधिमा कब्जा जमाए ।

अनिला श्रेष्ठ लाकौलको कोरियोग्राफीमा सम्पन्न उक्त प्रतियोगितामा सहभागी सबै प्रतिस्पर्धीमध्येबाट दीक्षिता केसीले मोस्ट डिसिप्लिन, रिकेन श्रेष्ठले मोस्ट फ्रेन्ड्ली, महिमा जोशीले मोस्ट ट्यालेन्टेडको उपाधि हात पारे । जुनियर राष्ट्रिय क्रिकेट टिमका सदस्य पृथु बाँस्कोटाले प्रतियोगितामा मोस्ट पपुलरको टाइटल हात पारे । प्रतियोगितामा जिबिसियनमान जोशी तथा सृष्टि राणाले मिस्टर एन्ड मिस फोटोजेनिकको एवार्ड जितेका थिए ।

# सिलिगुडीमा नील डेबिडको प्रतिस्पर्धा



गत साता हेयरस्टाइलिस्ट निल डेबिडको फुर्तिफार्ती बेग्लै थियो । हेयरस्टाइलसँग सम्बन्धित प्रतिस्पर्धा गराउन दिल्लीबाट सोझै भारतीय सहर बागडोगरा आइपुगेका निलले सधैंभन्दा पृथक रूपमा प्रस्तुत हुँदै भने- 'पहिलो पटक सिलिगुडीमा मेरा चेला-चेलीहरू हेयरस्टाइल प्रतिस्पर्धामा भिड्दैछन् ।' भारतीय सहर सिलिगुडीमा डेढ वर्षअघि सौन्दर्य स्याहारका निम्ति निल डेबिड हेयर एन्ड ब्युटी पार्लर सञ्चालनमा ल्याएका निलले त्यहाँ प्रशिक्षण दिएका करिब दुइ दर्जन प्रशिक्षार्थी प्रतिस्पर्धाका निम्ति तयारीमा थिए ।

सिलिगुडीको हल्का जाडो मौसममा होटल सलुजाको टप फ्लोरमा आयोजित उक्त स्पर्धामा सहभागी प्रतिस्पर्धीले जमेर आफ्नो सीप देखाउने प्रयास गरे । 'केशले मानिसको लुक्समा कति परिवर्तन ल्याउन सक्छ भन्ने सन्देश दिन यसप्रकारको प्रतियोगिता आयोजना गरिएको हो' पार्लरका व्यवस्थापक रविन बुढाथोकीले भने- 'पहिलो चरणमा सिलिगुडीबाट प्रतिस्पर्धा थालिए पनि धरान, काठमाडौं र ललितपुरका शाखामा पनि क्रमशः यस्तै प्रतिस्पर्धा आयोजना गर्ने योजना छ ।' हेयरस्टाइलिस्ट डेबिडले भने- 'प्रत्येक शाखामा उत्कृष्ट तीनभित्र पर्न सफल हुनेहरूलाई लिएर चाडै नै विर्तामोडमा ग्राण्ड फिनाले पनि आयोजना गर्छौं ।' केश सज्जा तथा सौन्दर्य स्याहारको क्षेत्रमा नेपालमा छोटो समयमै स्थापित निल डेबिड सीमावर्ती सिलिगुडी, दार्जीलिङ, सिक्किम तथा कालिम्पोङ क्षेत्रमा पनि जमेका छन् । त्यसैले भव्य स्वरूपमा विकसित भैरहेको सिलिगुडीमा पहिलो पटक हेयर स्टाइल प्रतिस्पर्धा गराउन उनी सफल भए । निर्धारित एक घन्टाको समयमा हेयर कट गरी ब्लुडाइ सेटिङ भ्याउनुपर्ने प्रतियोगितामा प्रतिस्पर्धीहरूले विभिन्न लुक्समा आफ्ना मोडललाई निर्णायक समक्ष पेश गरेका थिए ।

निल डेबिड, रविन बुढाथोकी र ज्वेलरी डिजाइनर राजकुमार गुप्ता निर्णायक रहेको उक्त प्रतिस्पर्धामा सर्वोत्कृष्ट प्रदर्शनको उपाधि सोनम याङ्जुले हात पारिन् । प्रतिस्पर्धामा पेमा लामा फस्ट रनर अप र जिनत आरा सेकेन्ड रनर अप भए । प्रतियोगितामा सर्वोत्कृष्ट हुन सफल सोनम याङजुले भावविभोर हुँदै भनिन्- 'यो सफलताले मलाइ सौन्दर्य व्यवसायमै निरन्तरता दिने प्रेरणा मिलेको छ ।'

नेपाली सुपरस्टार नायक भूवन केसी प्रमुख अतिथि रहेको उक्त कार्यक्रममा भुवनका प्रशंसकहरूले उनीसँग तस्बिर खिचाउन अघोषित प्रतिस्पर्धा नै गरेका थिए । कुसुमे रुमाल, सम्झना, साइनो जस्ता सुपरहिट चलचित्र दिएका नायक भुवन केसीलाई आफ्नै अगाडि देख्दा ४३ वर्षीया गीता उपाध्यायले सपना देखिरहेको जस्तो अनुभूति गरिन् । उपाध्यायले भनिन्-'आजको दिन साँच्चै नै रमाइलो छ ।'

**सिलिगुडीबाट विदुर खतिवडा**

# पोखरामा गुरुङ भाषामा लोकदोहोरी



पोखरामा लोकदोहोरी प्रतियोगिता बारम्बार हुँदै आए पनि यस पटक भने आजसम्म कहिल्यै नभएको गुरुङ भाषाको लोकदोहोरी सम्पन्न भयो। गुरुङ समुदायको बाहुल्य रहेको पोखरामा दूधपोखरी तमु समाज माटेपानीको रजतजयन्तीका अवसरमा भूपू सैनिक उपभोक्ता सरोकार समितिले नेपालमै पहिलो पटक गुरुङ भाषाको लोकदोहोरी प्रतियोगिता आयोजित गऱ्यो।

प्रतियोगितामा भाग लिने मात्र होइनन्, नलिनेहरू पनि आफ्नो जातीय पहिरनमा पोखरा सभागृहमा भेला भएका थिए। सधैं नेपाली दोहोरीको स्वाद लिएकाहरू फरक अनुभव बटुल्न कार्यक्रममा पुगेका थिए। गुरुङ भाषा-संस्कृतिको संरक्षण एवं संवर्द्धन गर्ने उद्देश्यले आयोजित गुरुङ लोकदोहोरीमा गुरुङ समुदायका पुरुष तथा महिला कम्मर भाँच्दै नाचिरहेका थिए।

उक्त अवसरमा चार भन्ज्याङ तमु समाजले पहिलो स्थान हासिल गऱ्यो। १० वटा तमु समाजले प्रतिस्पर्धा गरेको प्रतियोगितामा नार्माजुङ घ्याम्राङ्ग आमा समूह द्वितीय, सूर्यमुखी तमु समाज तृतीय तथा स्याङ्जा मनकामनाको भीरकोट आठथर आमा समूहले सान्त्वना पुरस्कार जिते। हिमाली गुरुङ परिवार माटेपानी वेशभूषातर्फ उत्कृष्ट ठहरियो।

प्रतियोगितामा प्रस्तुत गरिएका गीतमा गुरुङ भाषा, कला संस्कृतिको संरक्षण, तमु एकता, जातिको अधिकार नयाँ संविधानमा समेटिनुपर्ने जस्ता विषय उल्लेख थिए। कार्यक्रममा राष्ट्रिय लोकदोहोरी कलाकार शर्मिला गुरुङ, कृष्ण गुरुङ आदिको प्रस्तुतिले सभाहल तातेको थियो।

**–शिव शर्मा**

# बद्रीले तताए शैक्षिक महोत्सव




बुटवल- दर्शकको मुडअनुसार गीत गाउन सिपालु लोकगायक बद्री पंगेनीले बुटवलमा सञ्चालन भएको बृहत् पुस्तक प्रदर्शनी तथा शैक्षिक महोत्सवलाई फरक धारका गीतमार्फत दुई दिनसम्म तताए। बुटवल हाटबजारस्थित बालमन्दिरको प्राङ्गणमा गएको बुधबारदेखि सञ्चालन भएको महोत्सवमा आइतबार र सोमबार उपस्थित भएका बद्रीले छेडछाडयुक्त दोहोरी गीतले होइन शिक्षासँग सम्बन्धित झन्डै एक दर्जन गहकिला गीतबाटै विद्यार्थी, शिक्षक तथा बौद्धिक जमातको मन जिते। 'शान्ति क्षितिज', 'जनता अब उठ्नुपर्छ', 'अब त अगाडि बढौं', 'बाध्य भइयो विदेश छिर्न', 'मुस्ताङको स्याउ' आदि गीत सुनाए। सुरुका दिनमा न्यून उपस्थिति रहेको महोत्सवमा बद्रीको आगमनले दर्शकको संख्या ह्वात्तै बढाएको थियो।

'सामाजिक रूपान्तरणका लागि शिक्षामा नयाँ अभियान नाराका साथ नेपाल पुस्तक तथा स्टेसनरी व्यवसायी महासंघ रूपन्देहीले दोस्रो पटक आयोजना गरेको बृहत् पुस्तक प्रदर्शनी एवं शैक्षिक महोत्सवमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रकाशनका विभिन्न विधाका पुस्तक, स्टेसनरी तथा मसलन्द सामग्री, वैदेशिक उच्च शिक्षाका कन्सल्टेन्सी, विज्ञान प्रविधि आदिका ७० स्टल सहभागी भए। पढ्ने-पढाउने बानी बसाई सभ्य संस्कृति विकास गर्ने उद्देश्यसहित सञ्चालन भएको महोत्सवमा विद्यालय र कलेजस्तरीय लोकनृत्य, हाजिरीजवाफ आदि मनोरञ्जनात्मक प्रतियोगितासँगै आगामी शैक्षिक नीतिका बारेमा विचारगोष्ठी, अन्तर्क्रिया तथा बहस भयो।

महोत्सवमा बाग्लुङका विद्यार्थी कुशल केसीले बनाएको सौर्य ऊर्जाजडित सोलार कार आकर्षणको केन्द्र बन्यो। २१ वटा पुस्तक एकै दिन विमोचन गरेर उद्घाटन भएको महोत्सव चर्चित हास्यजोडी मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य, मुटुरोग विशेषज्ञ डा. भगवान कोइराला, सोलार कार निर्माता बालप्रतिभा कुशल केसी तथा प्राज्ञ शशि पन्थीलाई सम्मान गरेर मंगलबार सम्पन्न भयो। शैक्षिक महोत्सव ३ लाखभन्दा बढी दर्शकले अवलोकन गरेको आयोजक संस्थाका अध्यक्ष दिवाकर घिमिरेले बताए। बुटवलमा २०६४ सालमा पहिलो शैक्षिक महोत्सव सम्पन्न भएको थियो।

**–टोपराज शर्मा**



तस्बिर : विकास राई

# धरानमा खोजी प्रतिभाको

धरान- अभिनय, गायन तथा नृत्यको प्रतियोगिता खोजी प्रतिभाको धरान अडिसन सम्पन्न भएको छ। गत शनिबार धरान -१३ स्थित सुनगाभा इङ्लिस बोर्डिङ स्कुलमा सम्पन्न अडिसनमा बालकदेखि युवा-युवतीसम्मको भीड लागेको थियो। धरानमा भएको अडिसनमा अभिनयतर्फ ९ जना, नृत्यतर्फ १२ जना एवं गायनतर्फ ६५ जना छनौटमा परेका छन्। उनीहरूलाई अभिनयतर्फका निर्णायक दिनेश डिसी, नृत्यतर्फका निर्णायक कोरियोग्राफर रेनासा राई तथा गायनतर्फका निर्णायक संगीतकार सुरेश अधिकारीले साप्ताहिक ग्रीन कार्ड दिएका थिए। बुटवल नारायणगढ, पोखराको अडिसनपछि धरानमा भएको अडिसनमा निर्णायकहरूले अत्यन्त कडा परीक्षापछि कार्ड वितरण गरेका थिए।

साप्ताहिक ग्रीन कार्ड पाउने भाग्यमानी कलाकारलाई काठमाडौं लगेर पुन: देशभरबाट आएका प्रतियोगीहरूबीचमा प्रतिस्पर्धा गराइनेछ। पहिलो अडिसनमा छानिएका सबै कलाकारबीच टप २५ छानिनेछ। उनीहरूलाई त्यसपछि ५० प्रतिशत निर्णायक र ५० प्रतिशत जनताको मतका आधारमा क्रमश: छनौट गर्दै लगिनेछ र अन्त्यमा सबै विधाको उपाधि प्रदान गरिनेछ। नेपाल टेलिभिजनद्वारा प्रस्तुत हुने कार्यक्रम 'खोजी प्रतिभाको' प्रसारण आगामी पुस २१ गते मंगलबारदेखि हुनेछ।

यसअघि बुटवलको अडिसनमा अभिनयमा ६ जना, नृत्यमा ४ जना र गायनमा १२, त्यसै गरी नारायणगढमा अभिनयतर्फ ५ जना, नृत्यमा ५ र गायनमा ४५ जना र पोखराको अडिसनमा अभिनयतर्फ १४ जना, नृत्यमा १३ जना तथा गायनमा ४४ जना छनौटमा परिसकेका छन्। कार्यक्रमका निर्देशक तथा सञ्चालक दिनेश डीसीले यो प्रतियोगिता अरू प्रतियोगिताभन्दा फरक रहेको दाबी गरे। 'खोजि प्रतिभाको' कार्यक्रम आगामी माघ ५ गतेदेखि नेपाल टेलिभिजनबाट प्रसारण प्रारम्भ हुनेछ।

**– भीषण राई**

# ओखलढुंगा महोत्सवको तयारी

ओखलढुंगाको रुम्जाटारमा आगामी पुस ११ देखि १५ गतेसम्म ५ दिने ओखलढुंगा रुम्जाटार सांस्कृतिक पर्यटकीय महोत्सव हुने भएको छ। राडीपाखीको पहिचान, प्रयोग र विविधीकरण देश-विदेशमा हुन नसकेको अवस्थामा हातबुना राडीको ब्यानर उघारेर प्रधानमन्त्रीले महोत्सव उद्घाटन गर्ने र पाहुनालाई राडी ओछ्याएरै घर-घरमा स्वागत सत्कार गर्ने आयोजकहरूले जानकारी दिएका छन्।

'नयाँ नेपाल ऐतिहासिक गाउँ, घुमीफिरी रुम्जाटार हेर्न जाऔं' भन्ने नाराका साथ आयोजना हुन लागेको महोत्सवमा स्वदेशी तथा विदेशी गरी झन्डै १ लाख आगन्तुक भित्र्याउने लक्ष्य छ। काठमाडौंबाट मिर्चैया-कटारीको सिद्धिचरण राजमार्ग हुँदै सुनकोसी फेरीबाट ओखलढुंगा सदरमुकाम हुँदै मेलवादेवी राजमार्गबाट रुम्जाटार पुगिन्छ। साथै खोटाङको हलेसी, रामेछापको लिखु, पोकली हुँदै पैदल र सोलु, खोटाङ, विराटनगर र काठमाडौंबाट सीधै हवाईजहाजमा रुम्जाटार ओर्लन सकिन्छ।

रेडियो नेपालकी पहिलो गायिका रुम्जाटारकी मेलवादेवीको गाउँमा पूर्वेली र यामसाइँली भाकामा दिनभरि, रातभरि लोकदोहोरीमा गाउने र नाच्ने व्यवस्था मिलाइएको छ, साथै समूह मिलाएर आएका प्रतियोगीहरूबीच दुई दर्जन भाकामा जुहारी गीत प्रतियोगिता पनि हुनेछ।



महोत्सवमा आयोजना गरिने कृषि मेलामा उत्कृष्ट ठहरिएकालाई जिल्ला कृषि कार्यालयले पुरस्कृत गर्ने भएको छ। महोत्सवमा कोसेली लान मिल्ने राडीपाखी, जडीबुटीका परिकारहरू, हस्तकला सामग्री, उत्कृष्ट राष्ट्रिय उद्यमीका सामग्रीहरू लगायत जिल्लाका ५ सय संघ-संस्थाका जनचेतनामूलक, व्यावसायिक स्टल राखिनेछन्। सुनुवारको चण्डीनाच, राईहरूको साकेला नाच, नेवारको लाखे नाच, मगरहरूको मारुनी नाच, गुरुङहरूको तमुल्होछार, तामाङको सोनाम ल्होछार, शेर्पाको ग्याल्वो ल्होछार, बाहुनक्षेत्रीको खैंजडीबालन, धामीझाँक्रीको ढ्यांग्रेनाच, आमा समूहको रत्यौली नाच आदि झाँकी हरेक दिन नौमती बाजाको श्रृङ्गारिक धुनबाट सुरु गरिनेछ। ओखलढुंगाका सबै जाति, भाषभाषीका ऐतिहासिक दस्तावेज संरक्षण गर्ने उद्देश्यले रुम्जाटार सांस्कृतिक संग्रहालय निर्माण गर्ने उद्देश्य पनि महोत्सवको छ।

**–दीपक पौडेल**

तु-आवश्यकता
American Company को लागी कर्मचारी आवश्यकता।
योग्यता: SLC or Above
संख्या: 6 Ladies & 6 Gents
सुविधा: 5000-10000
Unique Shine
5532447,9849195511
9803437476
ललितपुर नख्खु दोबाटो (नेपाल ग्यांस सँगै)
Note: बुझ्न आउदा Document अनिवार्य छ।

The Flying Institute
announces Admission open for
Airhostess Training
Get trained from Nepal's No. 1 Cabin Crew instructor Ms. Shanta Shrestha
www.theflyinginstitute.edu.np
Call: 4465653, 9841278689
The Flying Institute P. Ltd.
Minbhawan, Kathmandu
Information Office: 4785609, New Baneswor
(Opp. of New Baneswor Department Store)

तु-आवश्यकता
नेपाल स्थित Unique बहुराष्ट्रिय Public Company को लागि कर्मचारि आवश्यकता
संख्या: 13 Ladies & Gents
योग्यता: SLC or Above
तलव: 8500+ संचयकोष
सम्पर्क:
2292363,9841949724
9803321649
मित्रपार्क चोक, चावहिल

होटल ट्रेनिङ्ग !!!
नेपालको प्राईभेट सेक्टरमा Cook तालिम संचालन गर्ने पहिलो Institute, 17 वर्ष पुरा गरेको उपलक्ष्यमा Special discount सहित बिभिन्न Training Package Programme संचालनमा गर्दैछ। मौकाको फाईदा लिनुहोस्।
Cook: 1 Month
1+2 months (3 to 5 star मा 3 महिना)
Waiter: 1 Month
1+2 Months (3 to 5 star मा 2 महिना)
Room Boy/ Room maid:
1 to 2 months 93 to 5 star मा तालिम)
XPANSION
Ph.No.: 4275202, Ravibhawan

सौन्दर्यका सामान
Free Home Delivery / 100% Guaranteed
- Height बढाउने (Yoko Japanese) - 1050/-
- मोटोपन घटाउने (Sauna Belt)
- अनुहार गोरो बनाउने (Roop Amrit)
- स्तन बढाउने, घटाउने साथै टाईट गर्ने (Cream)
- डण्डीफोर, चाया पोतो हटाउने (Cream)
- धुम्रपान, जाँड रक्सी छुटाउने, चाउरीपना हटाउने
- कपाल नझर्ने वा उमार्ने तेल (Herbal-44)
- एकमुखे रुद्राक्ष साथै हनुमान कवज
Worldwide Shopping Centre
Newbaneshwor
(शंखमुल मार्ग, तयारी पोशाक संघको अगाडी)
Ph. 2290871, Mob. 9841506134

ब्युटिसियन कोर्ष
CTEVT बाट मान्यताप्राप्त प्रशिक्षकद्वारा धमाधम भर्ना लिईदैछ।
साथै अन्य सेवा
विद्यार्थीहरुलाई २५% छुट
- चाँया, पोतो १००% ग्यारेण्टीका साथ फेसियल गरिन्छ।
- आँखामुनिको कालोको फेसियल।
- १००% ग्यारेण्टीका साथ Hair Straight गरिन्छ।
- ब्युटिसियन सम्बन्धि सम्पूर्ण काम १००% ग्यारेण्टीका साथ गरिन्छ।
- विदेश जानेहरुका लागि Special Classes दिईन्छ।
मेरीगोल्ड हर्बल ब्युटी पार्लर एण्ड ट्रेनिङ्ग सेन्टर
सकेधारा चोक, काठमाण्डौ
फोन: ९८४१२६३९६३, ९८४१७८४५५३, ९८४१८१२३९९

## सचित्र















### यसरी जोडियो दुई मुटु

चलचित्रकी नायिका ऋचा घिमिरेको निर्माता तथा निर्देशक शंकर घिमिरेसँग कुरा छिनिएदेखि विवाह कार्यक्रम र प्रीतिभोजसम्मका विभिन्न तस्बिर ।

तस्बिरहरू : महेश प्रधान/सुन्दर श्रेष्ठ/साइबर संसार डटकम

# सुमन भए प्रथम मिस्टर पिंक





**शिव मुखिया**

काठमाडौं- हाम्रो समाजमा तेस्रोलिङ्गीलाई हेर्ने दृष्ट्रिकोण सकारात्मक छैन । तपाईं तेस्रोलिङ्गी भएर त्यस्तो के योगदान गर्नुहुन्छ, जसले समाजमा व्याप्त विभेद हटाउन सहयोग गरोस् ? यही निर्णायक प्रश्नको छोटो र चित्तबुझ्दो जवाफ दिएर झापाका सुमन तामाङ मिस्टर पिंकको उपाधि जित्न सफल भए । तेस्रोलिङ्गी महिलाहरूमाझ गराइएको प्रतिभा प्रतिस्पर्धामा २२ सहभागीलाई उछिन्दै उनले प्रथम मिस्टर पिंकको उपाधि सुरक्षित गरेका हुन् ।

तीन मिनेटको लिखित जवाफमा उनले 'समाजले अझै पनि आफूहरूलाई हेय दृष्टिले हेरिरहेको तथा यस्ता दृष्टिकोणमा परिवर्तन ल्याउन तेस्रोलिङ्गीहरूले अनुशासित, मर्यादित र जिम्मेवारपूर्ण भूमिका खेल्नुपर्ने' जवाफ दिएका थिए । तेस्रोलिङ्गीहरूले सामाजिक कार्यको नेतृत्व गरेर समाजमा सकारात्मक सोच जगाउनुपर्ने उनको तर्क थियो । 'सबै मानिस एकै हुन्, सबैको समान अधिकार छ,' उनले लेखेका थिए ।

जमलस्थित राष्ट्रिय नाचघरमा आयोजित मनोरञ्जनात्मक कार्यक्रममाझ मिस्टर पिंक फस्ट रनर्सअप विष्णु अधिकारी घोषित भए । त्यस्तै सेकेन्ड रनर्सअपको उपाधि मनीष थापाले जिते । मिस्टर ट्यालेन्ट सुमित पौडेल तथा मिस्टर पर्सनालिटीको उपाधि मिलन शाहले हात पारे । उनीहरूले विभिन्न चरणमा आफ्नो प्रतिभा प्रदर्शन गरेर निर्णायकको मन जितेका थिए । मिस्टर पिंकको उपाधि विजेतालाई नगद १० हजार, फस्ट रनर्सअप र सेकेन्ड रनर्सअपलाई क्रमश ७ हजार ५ सय तथा ५ हजार रुपैयाँ नगद पुरस्कार प्रदान गरिएको थियो । सहभागीहरूले फेसन, मनोरञ्जन, संगीत नृत्यलगायतमा सरिक भएर आ-आफ्नो प्रतिभा प्रदर्शन गरेका थिए ।

'तेस्रोलिङ्गी महिलाहरूको सशक्तीकरण गरी उनीहरूमा आत्मबल जगाउन' यौनिक तथा लैङ्गिक अल्पसंख्यक महासंघ तथा ब्लु डाइमन्ड सोसाइटीले गत शुक्रबार उक्त प्रतियोगिता सम्पन्न गरेको हो । कार्यक्रमको यो पहिलो संस्करण भएको तथा आगामी दिनमा यसलाई निरन्तरता दिइने सुनिलबाबु पन्तले साप्ताहिकलाई बताए ।

एलबीटीका प्रोगाम म्यानेजर सुमन तामाङले अब बन्ने संविधानमा तेस्रोलिङ्गीहरूको अधिकार पनि सुनिश्चित गर्नुपर्ने बताए । 'सबै मानिस एकै हुन्' उनले भने- 'त्यसैले कसैप्रति पनि भेदभाव गरिनु हुन्न ।' विवाहित सुमन झापा, अर्जुनधाराका स्थायी बासिन्दा हुन् । अनुषा तामाङसँग उनको प्रेमविवाह भएको हो ।

कार्यक्रममा प्रतिस्पर्धीहरूले निर्णायकका विविध प्रश्नको सामना गरेका थिए । भावी संविधानमा के-कस्ता अधिकार सुनिश्चित होस् भन्ने चाहनुहुन्छ ? एचआईभी एड्सबाट तेस्रोलिङ्गीलाई बचाउन के-कस्ता कार्यक्रम ल्याउनुपर्ला ? तपाईं आफ्नो समुदायमा हुने भेदभाव हटाउन के गर्नुहुन्छ ? जस्ता प्रश्नमा प्रतियोगीहरूले तार्किक जवाफ दिएका थिए । आगामी संविधानमा आवाजविहीनहरूको आवाज समेट्नुपर्ने, एचआईभी एड्सबाट तेस्रोलिङ्गीलाई जोगाउन व्यापक जनचेतनामूलक कार्यक्रम तय गरिनुपर्ने उनीहरूले औंल्याए । राजनैतिक दललाई के सुझाव दिनुहुन्छ भन्ने प्रश्नमा सम्राट् चौधरीले भने- 'सत्ताप्राप्तिको लालसामा नलाग्नुहोस् । तेस्रो लिङ्गी तथा समलिङ्गीहरूलाई पनि समाजमा खुलेर बाँच्न पाउने अधिकार सुनिश्चित गरिदिनुहोस् ।' यो जवाफमा दर्शकदीर्घाबाट तालीको गडगडाहट सुनिएको थियो ।

कार्यक्रममा तेस्रोलिङ्गीहरूले विभिन्न गीतमा आकर्षक नृत्य प्रस्तुत गरेर दर्शकको मन जितेका थिए ।



# संघर्षले नै मलाई उठायो


तस्बिर : नवराज बाग्ले

**विदुर खतिवडा**

दिन त जसोतसो ढल्थ्यो, तर जब सन्ध्या प्रारम्भ हुन्थ्यो, उनमा छटपटी प्रारम्भ हुन थाल्थ्यो । सूर्यास्तसँगै ढपक्क ढाकिने कालो रातमा उनी अनामनगरस्थित डेरा पुग्थे, घरबेटीले हेरिरहेको छ कि भन्ने डर हुन्थ्यो । दुई गाँस खानेकुराको जोहो गर्न मुस्किल परिरहेका बेला घरबेटीको भाडा त्रासले झन् सताउँदा उनी थुप्रै पटक भक्कानिए पनि । 'यो कठिन सहरमा बस्नुभन्दा आफ्नै घर फर्किएर बा-आमासँग बस्न पाए हुन्थ्यो जस्तो लाग्न थालिसकेको थियो,' उनले गम्भीर मुद्रामा विगत सम्झदै भने- 'तर फर्कंदा जीवनयात्रा उल्टो गतिमा कुद्ने निश्चित भएकाले सबै पीडा सहँदै कठिन काठमाडौंमै संघर्ष गर्ने निर्णय गरें ।'

राजधानीका उत्कृष्ट शैक्षिक संस्थाहरूमध्येमा एक जेभियर इन्टरनेसनल कलेज कालोपुलका प्रबन्ध निर्देशक लोकबहादुर भण्डारी मेहनत र आत्मबलकै आधारमा आज आफ्नो पहिचान कायम गर्न सफल छन् । दुई दाजुभाइ तथा दुई दिदीबहिनीमध्ये जेठो लोकबहादुरको बाल्यकाल सामान्य रूपमै बित्यो ।

झापाको महारानीझोडा गाविसमा २०२८ सालमा जन्मिएका भण्डारीले स्थानीय डोरामारी निम्न माध्यमिक विद्यालयको धुलौटे जमिनमा कक्षा ७ सम्मको अध्ययन पूरा गरेका थिए । त्यसपछि स्कुलचौन माध्यमिक विद्यालयमा कक्षा ८ पढेर कक्षा ९ देखि एसएलसीसम्मको अध्ययन गर्न गौरादहस्थित जनता माध्यमिक विद्यालय पुगे । भण्डारीले जनता माध्यमिक विद्यालयबाट २०४४ सालमा एसएलसीको प्रमाणपत्र पाए । सानो छँदा उनी 'एग्रेसिभ' स्वभावका थिए, त्यसो त उनको एग्रेसिभ स्वभाव अद्यावधि छ, तर त्यसको प्रयोग उनी अहिले आफ्नो संस्थाको सही व्यवस्थापनका निम्ति खर्चन्छन् । भण्डारी भन्छन्- 'मैले आफूमा भएको एग्रेसिभ स्वभावलाई सही प्रयोग गर्न सकेकाले नै अहिलेसम्मको सफलता पाएको हुँ ।'

अध्ययन अभावको पीडा भोगेका अभिभावक आफ्ना सन्तानले धेरै अध्ययन गरेको हेर्न चाहन्थे, त्यसकारण बुबाले एसएलसी उत्तीर्णलगत्तै उनलाई काठमाडौं गएर कानुन अध्ययन गर्ने सल्लाह दिए । थुप्रै मुद्दा-मामिला झेलेका उनका बुबाले छोरालाई कानुन अध्ययन गराएर वकिल बनाउने चाहना राखेका थिए । बाबुको चाहनाबमोजिम नै उनी नेपाल ल क्याम्पसमा भर्ना भए । गाउँघरमा खेतीपाती गरेर गुजारा चलेको उक्त परिवारका निम्ति छोरो काठमाडौं राखेर पढाउनु लगभग असम्भव थियो । 'म काठमाडौं आएपछि बुबाले आफूसँग भएको सम्पत्ति बेच्दै पैसा पठाउनुभयो,' भण्डारीले भने- 'मपछि भाइबहिनीले पनि क्रमशः एसएलसी उत्तीर्ण गर्दै गएपछि ऋणभार थेग्न नसकेर घर-जग्गा बेच्दै पढाउनुपर्ने स्थिति बन्यो ।'

अग्रज दाइ तथा साथीहरू शिव गाउँले, टीकाराम भट्टराई, हिक्मत कार्कीसँगै डेरा बसेका भण्डारी केही समयपछि छुट्टिए । 'त्यसबेलाको अवस्थामा उहाँहरूको सहयोग मेरा निम्ति अविस्मरणिय छ,' उनले भने- 'तर भाइबहिनी पनि काठमाडौं आएपछि उहाँहरूसँग छुट्टिनुपर्ने भयो ।' धरानमा आईएस्सी उत्तीर्ण गरेर बीएस्सी पढ्न आएका भाइ र एसएलसी उत्तीर्ण गरेर नर्सिङ अध्ययन गर्न आएकी बहिनीलाई लिएर उनी अनामनगरमा डेरा लिएर बसे । साथीहरूको समूहमा बस्दा थुप्रै रात मःम खाएर बिताएको पनि उनी अहिले सम्झन्छन् । भण्डारी भन्छन्- '६-७ रुपैयाँमा बफ मःम उपलब्ध हुनुले पनि त्यसबेलाको अभावमा जीवनलाई सहज बनाएको थियो ।'

आईएल अध्ययन गर्दैदेखि उनमा राजनीतीको चस्का दह्रैसँग पसेको थियो । एमाले निकट अनेरास्ववियुको राजनीति गरेका भण्डारीले साथीभाइमाझ आफ्नो दह्रो पकड पनि जमाएका थिए, तर पैसा नहुने मानिसले राजनीति गर्नु झन् मुस्किल भएकाले राजनीतिलाई निरन्तरता दिन सकेनन् । आईएल उत्तीर्ण भएलगत्तै विभिन्न ल फर्ममा प्याक्टिसका रूपमा सानोतिनो काम गरिरहेका भण्डारीले ल क्याम्पसको अध्ययनलाई अघि बढाए । भाइबहिनी आएपछि जीवनशैली अझ कठिन भयो । भाइ त्रिचन्द्र कलेजमा बीएस्सी अध्ययन गर्दै थिए भने बहिनीलाई नर्सिङ पढाउनका निम्ति तत्काले २५ हजार रुपैयाँ आवश्यक पऱ्यो । 'बहिनीको एडमिसनका निम्ति २५ हजार जुटाउन निकै गाह्रो थियो,' भण्डारीले भने- 'एडमिसन हुनुपर्ने अन्तिम दिन बुबाले काठको घर बेचेर पैसा पठाइदिनुभयो ।'

बीएल अध्ययनकै क्रममा उनले घरबेटीको भाडा तिर्न नसकेर लुक्दै हिँड्नुपरेको थियो । त्यही बेला एक जना विद्यार्थीले कलेज भर्ना हुन साथीलाई पैसा दिएको देखेपछि उनले साथीसँग सापट लिएर त्यो पैसा घरबेटीलाई दिए । 'घरबेटीलाई भाडा दिएर तत्कालको समस्या टारे पनि त्यो पैसा फर्काउन उत्तिकै गाह्रो भयो,' भण्डारीले भने-'सापट दिने साथीले अब तिम्रो बेइज्जत हुन्छ, त्यसैले अब यहाँ बस्न नसक्ने निर्णय गरेर तिमीले घर जानु राम्रो हुन्छ भनेर सल्लाह दिए ।' बाले छोरोलाई ठूलो मानिस बनाउने ध्याउन्नमा सबै कुरा बेच्दै पैसा पठाइरहेका बेला छोरो केही गर्न नसकेर घर फर्कंदा उत्पन्न हुने अवस्था कस्तो हुन्छ भन्ने तनावले उनलाई पिरोल्यो । भण्डारी भन्छन्- 'त्यसमाथि आफैंलाई आधार बनाएर भाइबहिनी पनि काठमाडौं आएको थिएँ ।'

जुत्ताको तलुवा फाटेर औंलाले च्याउने स्थिति बन्दा पनि आम्दानीको भरपर्दो स्रोत नहुँदा उनले त्यसलाई पटक-पटक टालटुल गरेर काम चलाए । आर्थिक रूपमा चरम संकट बेहोरिरहेका बेला झापाका तत्कालीन सांसद नारायणसिंह राजवंशीको नाममा टेलिफोन लाइन निकालेर दुई दाजुभाइले पीसीओ सञ्चालन गरे । पीसीओले प्रारम्भमा केही राहत दिए पनि टेलिफोन बिल अचाक्ली उठेपछि त्यो व्यवसायबाट पनि भण्डारीले हात झिके ।

बीएल अध्ययन पूरा गरेलगत्तै उनी 'ल प्राक्टिस' मा पनि व्यस्त हुन थालेका थिए, तर पैसा एकदमै कम हुने भएकाले गुजारा टार्न गाह्रो थियो । यसबीचमा भाइले बीएस्सी सकेर अनामनगरको डेराबाट धाएर मूलपानीमा अध्यापन गर्न थाले, तर उनको तलब पनि न्यून हुनुले यातायात खर्च र खाजा खर्च कटाउँदा बच्ने पैसा अति कम हुन्थ्यो । एकातर्फ एमएस्सी अध्ययन गर्न कीर्तिपुर जानुपर्ने अर्कातर्फ मूलपानीमा अध्यापन गर्नुपर्ने व्यस्तता भाइको थियो । त्यसैबेला लोकले बीएड पनि पूरा गरे । त्यसपछि समाजशाश्त्रमा स्नातकोत्तर गरेपछि उनले केही समय अध्यापन पनि गरे ।

टाक्कटुक्क अदालती बहस गरिरहेकै बखतमा उनको आश्मा शिवाकोटीसँग अफेयर चल्यो । विराटनगरकी आश्मासँगको सम्बन्धलाई विधिवत् विवाह गरेर औपचारिक बनाएपछि भने उनको जीवनमा केही सुखद क्षण भित्रिन थाले । आश्मा एक गैरसरकारी संस्थामा कार्यरत थिइन् भने भाइ गोपाल एमएस्सी अध्ययनपछि नोबल कलेजमा काम गर्न थालेपछि जीवनशैली सामान्य बन्दै गयो । यसबीच सबैले कमाएर बचाएको ५० हजार रुपैयाँ लिएर उनीहरूले ०५९ सालमा क्याम्ब्रिज इन्स्टिच्युटको तीनवटा सेयरमध्ये एक सेयर खरिद गरे । ल्याङ्वेज, ट्युसन सेन्टर र ब्रिजकोर्स उपलब्ध गराउने स्वरूपमा स्थापना भएको उक्त इन्स्टिच्युटमा प्रवेश गरेपछि उनीहरूको जीवन थप सहज बन्यो ।

क्याम्ब्रिजमै रहँदा उनीहरूलाई सुस्त रूपमा सञ्चालन भैरहेको कालोपुलस्थित जेभियर इन्टरनेसनल कलेजमा पार्टनर हुन बोलाइयो । 'पार्टनर हुन बोलाए पनि त्यहाँ प्रवेशका निम्ति बलियो आर्थिक आधार थिएन,' लोक भन्छन्- 'त्यसपछि झापा गएर सीमित घर-जग्गाबाहेक अरू सबै सम्पत्ति बेचबिखन गरेर हामी त्यहाँ पार्टनर बन्न गयौं ।' लोकका अनुसार झापाबाट बेचबिखन गरेर ल्याएको करिब ३ लाख र काठमाडौंमा रहेका साथीभाइसँग सरसापट गरेर जम्मा गरेको रकम लिएर ०६० सालमा साझेदारीमा जेभियरमा प्रवेश गरे । अस्तव्यस्त व्यवस्थापनका बीचमा घाटामा सञ्चालन भैरहेको उक्त संस्थालाई नाफामा लानुपर्ने चुनौती पनि थियो । 'हामीले पैसामा भन्दा पनि मस्तिष्कको प्रयोगलाई बढी महत्त्व दियौं,' उनले भने- 'इमान्दार ढंगले मस्तिष्कलाई प्रयोग गऱ्यो भने पैसा धेरै ठूलो होइन रहेछ भन्ने मैले त्यसबेला महसुस गरे ।' प्लस टु र ए लेभल सञ्चालन गरिरहेको भए पनि कम विद्यार्थीका कारण जेभियर कलेजलाई सञ्चालन गर्न गाह्रो भैरहेको बुझेपछि भण्डारीकै पहलमा मुलुकभर गएर विद्यार्थी आकर्षित गर्ने योजना तय भयो । जेभियरमा प्रवेश गरेलगत्तै उनले त्रिभुवन विश्वविद्यालयमा लामो अनुभव सँगालेका डा. कमलकृष्ण जोशीलाई अनुरोध गरेर कलेजको शैक्षिक क्रियाकलापको नेतृत्व गरिदिन आग्रहसमेत गरे ।

कलेज अध्ययनदेखि विकास गरेको जनसम्पर्कका आधारमा उनले टोली बनाएर मुलुकका विभिन्न स्थानमा पुगेर विद्यार्थी लिन सफल भैसकेपछि कलेजको यात्रा पनि सुखद बन्दै गयो । 'विद्यार्थी जम्मा गर्ने मात्र होइन, शैक्षिक गुणस्तरका निम्ति पनि त्यत्तिकै ध्यान दियौं,' उनले भने- 'शतप्रतिशत जोखिम मोलेर अघि बढे पनि राम्रो शिक्षण संस्थाको पहिचान बन्यो भने भविष्यमा जेभियर इन्टरनेसनलको आफ्नै ब्राण्ड विकसित हुनेछ भन्ने हाम्रो योजना अन्ततः सफल पनि भयो ।'

अत्यन्तै दुःख र मेहनतले हुर्काएको जेभियर इन्टरनेसनलले सफलताको यात्रा तय गर्न थालेपछि अझै चुनौती फेस गर्नुपर्छ भनेर ०६३ मा जेभियर इन्टरनेसनलको स्कुल 'विङ्ग' पनि सञ्चालनमा ल्याएको उनले बताए । उक्त स्कुलबाट यसपटक पहिलो ब्याचले एसएलसी दिने तयारी गरिरहेको छ । त्यस्तै ०६३ सालमै जेभियरले बीबीएस, बीएसडब्लु, बीएस्सी माइक्रोबायोलोजी तथा बीएस्सी इन्भाइरोमेन्टल साइन्समा अध्यापन प्रारम्भ गऱ्यो ।

यतिखेर धापाखेलमा ५० रोपनी जग्गा लिएर आवश्यकताअनुरूपको शैक्षिक संस्था निर्माण गर्न अघि बढेको जेभियर इन्टरनेसनलले आफ्नो संस्थालाई विश्वविद्यालयमा रूपान्तर गर्ने लक्ष्य राखेको छ । 'विश्वविद्यालयका लागि आवश्यक पर्ने पूर्वाधारसहितको गगनचुम्बी भवन निर्माण गर्दै छौं,' भण्डारी भन्छन्-'चाँडै नै इन्जिनियरिङ र मेडिसिन शिक्षामा पनि विद्यार्थीले अध्ययनको अवसर उपलब्ध गराउने योजना पनि छ ।' शैक्षिक क्षेत्रमा नयाँ मानक निर्माण गर्ने क्रममा यो संस्थाले अबका दिनमा विदेशी राष्ट्रका विद्यार्थीलाई शैक्षिक अध्ययनका निम्ति नेपाल आउने वातावरण निर्माण गर्ने नीति लिएको उनले बताए ।

छोटो अवधिमै सोचेभन्दा राम्रो सफलता प्राप्त गरेको कुरा स्वीकार गर्ने भण्डारी आज पनि सफलताको यो यात्रामा ब्रेक नलागोस् भनेर सक्दो मेहनत गरिरहेका हुन्छन् । भण्डारी भन्छन्- 'अब त वित्तीय संस्थाले पत्याउने आधार बनाएका छौं, त्यसैले मेहनतलाई निरन्तरता दियौं भने हाम्रो लक्ष्य सहजै भेटिने पक्का छ ।

## सफलताको सूत्र

- पहिलो पटक भेटिएको मानिसदेखि नियमित भेटिने मानिसहरूसँग कसरी सम्बन्ध प्रगाढ बनाउन सकिन्छ भन्ने मैले जानेको थिए, उत्कृष्ट जनसम्पर्कका आधारमै सफल भएजस्तो लाग्छ । जनसम्पर्कलाई इमान्दारिताका साथ लिनसक्ने मानिस अवश्य सफल हुन्छन् ।
- निडर मानिस आफूले गर्ने कार्यमा सहजै सफल हुन्छ, मानिसहरू भड्काउने, बिगार्ने तथा असफल बनाउने योजनामा सक्रिय रहन्छन्, तर निडर भएर आफ्ना सबै योजनालाई सूत्रबद्ध ढंगले सार्वजनिक गर्दै अघि बढ्नुपर्छ ।
- आत्मविश्वास अर्को महत्त्वपूर्ण पक्ष हो, अप्ठ्यारो पर्दा पनि सहज ढंगले निकास खोज्न आत्मविश्वासले मद्दत गर्छ । त्यस्तै आफू स्पष्ट भएर अगाडि बढियो भने सहजै लक्ष्य भेटिन्छ ।
- प्रतिस्पर्धी संस्थाका बारेमा सबै जानकारी हासिल गर्नुपर्छ, तर स्वस्थ प्रतिस्पर्धाका लागि अरूको अनुसरण नगरी आफ्नो योजनाबद्ध कार्यक्रम तयार पारेर त्यसअनुरूप कुशल व्यवस्थापन गर्दै अघि बढ्नुपर्छ ।
- शिक्षा व्यापार मात्र होइन, सेवा पनि हो भन्ने भावना राख्दा नेतृत्वदायी ढंगले अघि बढ्न सकिने रहेछ । धर्मका लागि भगवान खोज्दै मन्दिर जानुको सट्टा मैले विद्यार्थीको उज्ज्वल भविष्यका निम्ति समय खर्चिएको छु ।
- नियमित अध्ययन-अध्यापनका अतिरिक्त विद्यार्थीको सर्वाङ्गीण विकासमा ध्यान दिएकाले पनि हामी सफल भएका हौं ।

# सुखमय दाम्पत्यको रेसिपी

**रोजिन शाक्य**

हाम्रो सामाजिक मान्यता एवं सांस्कृतिक विश्वास अनुसार विवाह एउटा आदर्श संस्कार हो। यो पवित्र बन्धन हो। यो अटुट बन्धनमा जब पुरुष र महिलाएक-आपसमा बाँधिन्छन् तब समाजले तिनलाई श्रीमान्-श्रीमतीको नाम दिन्छ। यो न कुनै केटाकेटी खेल हो न त क्षणभरको साथ। विवाह एउटा परम्परा मात्र होइन, यो दुई परिवारबीचको मिलन र सामाजिक बन्धन पनि हो। विवाहपश्चात् जीवनको नयाँ अध्याय प्रारम्भ हुन्छ। अधिकांश पुरुषमा आफ्नी श्रीमतीले उसको परिवारसित एड्जस्ट गर्ने प्रयास गरून् र त्यसका लागि परिआएको अवस्थामा केही त्याग, वलिदान वा सम्झौता गर्न पनि पछि नहटुन् भन्ने चाहना पाइन्छ। यदि वैवाहिक जीवनमा 'केही तिमी परिवर्तन होऊ, केही म हुन्छु' भन्ने सूत्र अँगाल्न सके यसले आपसमा प्रेम, सामञ्जस्य र विश्वास कायम गर्छ।

परिवर्तनका विभिन्न रूपरेखामध्ये वैवाहिक जीवन, त्यसको मूल्य-मान्यतामा पनि अनेक परिवर्तनका असर देखिन थालेको छ। आजको परिस्थितिमा कैयन् अवस्थामा वैवाहिक सम्बन्ध मात्र औपचारिकता बन्न पुगेको छ। विवाहपूर्व जसरी जन्मकुण्डली मिलाउने प्रचलन कायम छ त्यसरी नै विवाहअघि वैवाहिक जीवनका तीता-मीठा पक्षलाई पनि राम्रोसँग बुझ्नु र बुझाउनु आवश्यक छ। इच्छा-आकांक्षाको आकाशको कुनै सीमा हुँदैन तर त्यसको वास्तविक धरातल साँघुरो हुने यथार्थबाट अनभिज्ञ रहे विवाह प्रारम्भमा मीठासपूर्ण भए पनि बिस्तारै निमजस्तै तीतो अनुभव हुन थाल्छ।

शान्तिभन्दा ठूलो उपलब्धि अरू केही हुँदैन। हरेक व्यक्ति शान्तिपूर्ण जीवन जिउन चाहन्छ। कहिलेकाहीँ पारिवारिक झगडा-मनमुटाव त सामान्य कुरा हो तर चौबीसै घण्टा अशान्तिको चुल्हो जलिरह्यो भने दाम्पत्य सम्बन्ध तनावग्रस्त बन्छ। शान्ति कायम गर्न एकले अर्काको कुरा धैर्यतापूर्वक सुन्नुपर्छ। अधैर्य भएर प्रतिक्रिया दिए त्यसबाट उब्जने परिस्थिति तनावपूर्ण नै हुन्छ।

हिंजोआज अधिकांशमा सहनशीलताको कमी पाइन्छ र अभिव्यक्ति कलाको विकास भएको पाइँदैन। शान्तिपूर्ण जीवन र रोमान्टिक सहवासका लागि सबैभन्दा ठूलो कला हो- वाककला। बोल्ने कलाको विकास गर्नु आवश्यक छ। अभिव्यक्त गर्नु छ भने के भन्ने, कसरी भन्ने, कहिले भन्ने जस्ता कुरामा विचार पुऱ्याउनु आवश्यक छ। अधिकांश दम्पतीका बीच देखापर्ने समस्याको मूल कारण वाककलाको अभाव हुने गरेको पाइन्छ। व्यक्तिको अनेक व्यवहारमध्ये प्रमुख व्यवहार हुन्छ, वाणी। व्यक्तिले खाने, सुत्ने, उठ्ने आदि दैनिक व्यवहारको एउटा निश्चित समय हुन्छ तर बोल्ने निश्चित समयसीमा हुँदैन। व्यक्तिले दिनभरिमा जे जति बोल्छ, त्यो कति सार्थक वा निरर्थक हुन्छ, त्यो ऊ स्वयंलाई थाहा हुँदैन। अतः आफ्नो वाक् कलालाई राम्रोसँग मनन गर्नु आवश्यक छ।

● विनम्रता र शान्तिबीच प्रगाढ सम्बन्ध हुन्छ। अहंकारका कारण मनमा उब्जने प्रतिक्रियाको मात्राले तिललाई पहाड बनाउँछ। शान्ति त्यहाँ हुन्छ जहाँ बाहिरी घटनाको कुनै प्रतिक्रिया हुँदैन। जुन दम्पती भित्र जति धेरै विनम्रता हुन्छ अहँकार उति नै हुन्छ र व्यक्ति शान्तपूर्वक रहन सक्छ। अशान्तिका लागि व्यक्ति स्वयं बढी जिम्मेबार हुन्छ। आफूप्रति कसैले कुनै प्रतिक्रिया किन दियो भन्ने प्रश्नको उत्तर खोज्ने क्रममा ऊ आफू स्वयं पहिले अशान्त बन्छ र त्यसको प्रतिक्रियामा उसले वातावरणमा अशान्ति सिर्जना गर्छ। कसैले केही भने त्यसको गहन अध्ययन गरेर त्यसको कारण बुझ्न सके अशान्ति सिर्जना हुने सम्भावना कम हुन्छ।

● परस्पर सम्बन्धमा मीठास कायम गर्ने एउटा महत्त्वपूर्ण पक्ष हो– सहिष्णुता। जसले एक-अर्कालाई सहन सक्छन्, उनीहरूको जीवन सुखद हुन्छ। अधिकांश व्यक्तिमा सहने क्षमता कम हुन्छ। पानीलाई तताउन समय लाग्छ तर व्यक्तिलाई केही क्षण नै पर्याप्त हुन्छ। उसलाई प्रतिकूल हुने केही कुरा कसैले व्यक्त गरिदियो भने त्यसको प्रतिक्रिया दिन तुरुन्त तयार हुन्छ। पानी तताउन चुल्हो, हिटर, इन्धन आदि आवश्यक पर्छ तर व्यक्तिलाई तताउन मात्र केही अप्रिय शब्द नै पर्याप्त हुन्छ। अप्रिय शब्द सहनु पनि एउटा कला हो र जीवन जिउने सही तरिका पनि यसैबाट जानिन्छ। जसले यो कला बुझेको हुन्छ उसको दाम्पत्य जीवन सुखी र सफल हुन्छ।

● केही कुरालाई कैयन् अवस्थामा भुल्नु नै श्रेयस्कर हुन्छ। हिजोआज कुरा पचाउन सक्ने क्षमता क्षीण हुँदै गएको छ। साधारणभन्दा साधारण कुरालाई पनि व्यक्तिले भुल्न सक्दैन। त्यसलाई मनमा राख्ने प्रवृत्ति वा तुरुन्तै प्रतिक्रिया दिने स्वभाव धेरैमा पाइन्छ। अप्रिय वा प्रिय कुरालाई मनमा राखिरहनाले हानि पुग्ने सम्भावना हुन्छ। अप्रिय कुराले क्रोध जन्माउँछ भने प्रिय कुराले घमन्ड र अभिमान। दुवै कुरा आफ्नो विकासका लागि र आपसी सम्बन्धको सुमधुरताका लागि विषसरह हुने भएकाले कुरालाई पचाउन सक्ने क्षमता वृद्धि गर्नु आवश्यक छ। संवेदनशीलता, सहानुभूति, मृदुता, करुणा, विनम्रता भए नै सम्बन्ध सुमधुर र सहज बन्छ।

● असन्तुलित जीवनशैलीलाई त्यागेर वैवाहिक जीवनमा सन्तुलन कायम राख्नु आवश्यक छ। जुन व्यक्तिले जीवनको हरेक मोडमा हरेक स्थितिमा, हरेक घटनामा आफ्नो सन्तुलन कायम राख्न सक्छ उसलाई संसारको कुनै पनि शक्तिले विफल बनाउन सक्दैन। जुन संसारमा व्यक्ति बाँचिरहेको हुन्छ, त्यहाँ अनुकूल-प्रतिकूल दुवै प्रकारको परिस्थिति विद्यमान हुन्छ, असल र खराब चरित्रका व्यक्ति दुवैको अस्तित्व हुन्छ। यस स्थितिमा परिस्थितिलाई न रोक्न सकिन्छ न त व्यक्तिलाई परिवर्तन गर्न सकिन्छ तर यी सबैसित सन्तुलन र सामञ्जस्यता कायम गर्न सकिए जीवनमा सफलता र वास्तविक सुखको आनन्द लिन सकिन्छ। यदि दम्पतीको मानसिक सन्तुलन कायम रहे नराम्रा व्यक्तिको साथमा पनि, प्रतिकूल परिस्थितिका बीच पनि प्रसन्नचित्त जीवन गुजार्न सकिन्छ।

त्यो विवाहित सम्बन्ध नै सफल हो जसमा दम्पतीका बीच गहिरो प्रेम हुन्छ, एक-अर्काप्रति आत्मीयता, एक-अर्कालाई बुझ्ने शक्ति हुन्छ। एक-अर्काप्रतिको विश्वास र सुरक्षाको अनुभूतिले त्यो सम्बन्धलाई स्थायित्व प्रदान गर्छ। आपसी सम्बन्धको मधुरताले जीवन सुखद हुन्छ। कल्पनालाई यथार्थमा परिवर्तन गर्न त्यसलाई साकार रूप प्रदान गर्न व्यक्तिले आफूमा केही परिवर्तन ल्याउने प्रयास गर्नुपर्छ र आफ्नो दायित्वप्रति सजग रहनुपर्छ। यो नै सुखमय दाम्पत्य सम्बन्धको रेसिपी हो। यो रेसिपीलाई सही ढंगबाट प्रयोग गरे वैवाहिक जीवनको पकवान स्वादिष्ट हुन्छ। आफ्नो मनको ताला खोल्नुपर्छ अनि सम्भव हुन्छ सुखमय वैवाहिक जीवनको बाटो। अनि बढ्छ आपसी प्रेम, आत्मीयता र प्रगाढता।



# जाडोमा ग्ल्यामरस फेसन टाटु र ड्रेडलक

धरान- जाडो बढेको छ, तर फेसन नै ठूलो कुरा रै'छ। झट्ट हेर्दा त्यस्तै भान पर्छ। मंसिर महिनाको चिसो बढिसक्यो तर पनि शरीरमा कपडा बाक्लिएका भने छैनन्, अझै पनि उस्तै। वाह ! कस्तो दामी। कहाँ बनाएको ? आफ्ना शरीरमा टाटु खोपाएपछि दीपकलाई बाटो हिँड्दा होस् वा कलेज जाँदा जहींतहीं पटकैपिच्छे साथीहरूले सोधेर हैरान पारेका छन्। यस्तो वाहवाही पाउँदा कुन युवाको मन प्रफुल्ल हुँदैन ? छुट्कारा पाउन पनि उनले उत्तर नदिई धरै छैन। अहिलेको फेसन कता जाँदैछ भनेर सोधियो भने एउटै उत्तर आउँछ– टाटु र ड्रेडलक केश त हो नि।

गर्मी मौसमलाई फेसनको मौसम पनि भनिन्छ, तर अहिले अब यसलाई मान्नैपर्छ भने छैन। यो त सम्बन्धित ठाउँका युवाहरूको च्वाइसमा पनि भर पर्ने कुरा हो। त्यसैले पनि धराने युवाहरू टाटु र ड्रेडलकमा सजिने गरेका छन्। युवतीहरूका लागि मात्र नभै युवाहरूका पनि फेसन प्रदर्शन गर्ने मौसम हो यो। उनीहरू ड्रेडलक हेयर स्टाइल र टाटुमा सजिएर हिंड्छन्। अरूभन्दा भिन्न देखिन पनि युवाहरू लागिपरेका छन्।

टाटु नराम्रो कुरा होइन, टाटुका पारखी धरानका गौतम खालिङ राई भन्छन्- सुहाउँदो टाटु बनाउँदा केही फरक पर्दैन। इन्क्ड धरानका टाटु आर्टिस्ट राईले आफ्नो शरीर पनि आकर्षक टाटुले सजाएका छन्। उनले थपे- अहिले धरानका फेसनेबल युवा र रिकभरीका (पूर्व लागूऔषधी प्रयोगकर्ता) युवाहरूले बढी टाटु बनाउने गरेका छन्। विभिन्न कलरमा शरीरमा खोप्न मिल्ने प्रोटेट, सेडिङ वा ट्राभल खालका यस्ता टाटु शरिरमा खोपेपछि युवाहरू मख्ख पर्ने गरेका छन्।

टाइट हाफ भेस्ट र कसिलो जिन्समा भेटिएका दीपक लिम्बूको पाखुरामा निकै मज्जाको टाटु देखियो। बजारमा अरूले पनि उनको पाखुराको टाटु फर्की-फर्की हेरिरहेका थिए। आफ्नो टाटुप्रति अरूको नजर परेकाले लाग्थ्यो उनको मन फुरुङ्ग छ। टाटुलाई गर्मीको फेसन पनि मानिन्छ, तर जाडोमा पनि यसको क्रेज घटेको छैन। बढ्दो गर्मीको बहानामा कपडा उतार्न र आफ्ना शरीरका आकर्षक टाटु देखाउन उनीहरू पछि पर्दैनन्। फेरि टाटुले शरीर पनि ग्ल्यामरस देखाउने गरेको छ। शरीरका कुनै पनि अंगको छालामा विभिन्न आकार-प्रकारका कुनै चिन्ह बनाउनु नै टाटु हो। धरानका राजभक्त राईले पनि फरक देखिन आफ्नो दाहिने हत्केलामा आकर्षक टाटु बनाएका छन्। फेसनका लागि र अलिकति अरूभन्दा भिन्न देखिन पनि टाटु बनाएको उनले बताए। राईका अनुसार 'अरूभन्दा अलिकति एक्स्ट्रा हुनुपऱ्यो नि।'

फेसनका लागि कोही शरीरमा टाटु खोपाउँछन् त कोही केशलाई आकर्षक रूपमा ड्रेडलकको ढाँचामा ढाल्छन्। केश लामो-लामो गुजुल्टो परेको, केशका केस्राहरू टाउकोमा धेरै ठाउँमा झुप्पा-झुप्पा पारिएको स्टाइल नै ड्रेडलक हो। ड्रेडलकलाई छोटो रूपमा ड्रेड वा लक पनि भनिन्छ। पहिले अफ्रिकन र इजिप्सियनहरू लक हेयर स्टाइलमा सजिएर हिँड्थे। युवापुस्तामा यतिखेर भने यो एउटा फेसन भएको छ। कसैले सिंगल ड्रेडलक बनाउने गरेका छन् भने कसैले पूरै ड्रेड बनाउने गरेका छन्। निकै पहिलेदेखि नै आफ्नो केशलाई पूरै ड्रेडलक बनाएर हिँड्न मन पराउने जोसिला युवा ताराहाङ्ग राई भन्छन्- 'ड्रेडलक केश बनाएर हिंड्नु मेरो सौख हो।' विदेशी कलाकार, विभिन्न खेलका खेलाडी, ऱ्याप गायक वा क्रिमिनल ग्याङ्गहरूले बढी मात्रामा टाटु र ड्रेडलक बनाउँथे।

फेसनका लागि पूर्वकै अग्रस्थान मानिने धरान र यहाँको युवापुस्ता पनि फेसनमा तुरुन्त घुलमिल हुने गरेका छन्। यहाँ कुनै पनि फेसन कतिखेर आउँछ-जान्छ पत्तो पाउन गाऱ्हो छ। इन्क्ड हाउस धरानका सञ्चालक विशाल श्रेष्ठ बताउँछन्। अहिले धरानका लागि यो हट फेसन हो। यसमा युवतीहरू पनि कम छैनन्। धरानकी श्रुति श्रेष्ठ आफ्नो हत्केलामा प्रोटेट स्टाइलको टाटु खोपाइरहेकी भेटिइन्। आफूलाई स्टाइलिस र फेसनेबल बनाउन पनि टाटु खोपाएको उनले बताइन्। जाडोमा टाटु खोपाउँदा घाउ पनि नपाक्ने र लामो-लामो ड्रेडलक कपालले तातो महसुस हुनुले पनि उनीहरू अहिले टाटु अनि ड्रेडलक बनाउन हौसिएका हुन्।

धार्मिक रूपमा भगवान् शिवको नक्कल गरेर भारत र नेपालका जोगी र नागाहरू आफ्नो केशलाई जटा वा चुल्ठो बाटेर हिँड्छन्। यस्तो स्टाइलमा हिँड्नुका पनि विभिन्न कारण छन्। ड्रेडलक हेयर स्टाइल काला जातिका लागि गर्व हो। ऱ्यागी म्युजिक समूहले यसको पपुलारिटीमा प्रमुख भुमिका खेलेको छ। सन् १९७० मा यो फेसन बनेको थियो। सबैभन्दा बढी गायकहरूले यो स्टाइललाई समाते। हेभी मेटल गायकहरूको त कुरै छोडौं। सिक्स फिट अन्डर डेथ मेटल ब्यान्डका गायक क्रिस वेम्स ड्रेडलकका उपमा नै बनेका थिए।

**–भीषण राई**

## ● सन्देश ●

जेन, मलाई थाहा छ मलाई माया गर्न आउँदैन तैपनि म तिमीलाई आफूलाई भन्दा धेरै माया गर्छु । म तिमीलाई कदापि गुमाउन चाहन्नँ । मेरो सबथोक तिमी नै हौ । मेरो पहिलो अनि अन्तिम प्रेम तिमी नै हौ । तिमीबिना म जीवनको कुनै कल्पना गर्न सक्दिनँ ।


**मिलन**

मिलनसार साथी भोजराज, पत्राचार गर्न आग्रह छ । श्याम, कीर्ति एवं क्रिश अनि गाउँले साथीभाइहरू देव अटुट, आभास, शिवशंकर, उपेन्द्र, वीरेन्द्र, दीपेन्द्र, चन्दर, सुरेन्द्र, प्रमोद, ओम भाइ, किसुनलाल, दन्तकाली, अय, राकेश, लगौटिया साथी विश्वनाथ, गौरीदेवी, नितेश, विवेक, प्रतीक्षा, चन्द, अमिर, देवकान्त, हृदय, राजेन्द्र, रञ्जन, रवीन्द्र, रावणराज, अशोक, सुरेश, अजय, अमित, अभिषेक, अनुभव, छोरी नीलम, हीरानन्द, शुभनारायण, राजकुमार सबैको उत्तरोत्तर प्रगतिको कामना ।

**गजराज चौधरी**

जीवन, विनोद, भुवन, शेखर, सिम्ला, कमला, युनिका, ज्ञानेन्द्र, निर्मल, मोनिका, चन्द्रा, शीला, अस्मी, रमेश, याम, गंगा देवबहादुर, नवीन, सुदीक्षा सम्पूर्णलाई कार्यसफलता अनि शैक्षिक सफलताको शुभकामना, मीठो सम्झना । त्यसैगरी दिदी इन्द्रमाया, साथी निर्मल माझी, चन्द्रा एवं निर्मलाको जन्मदिनको लाखौंलाख शुभकामना ।

**दुर्गाबहादुर माझी**



## ● जीवनको गोरेटोमा ●

# काँडैकाँडासरि मेरो यात्रा

**प्रिय सखी...,**

आजभोलि किन-किन एकान्तमा आत्मा कहालिन्छ । अतीतको मीठो सम्झनाले मुटु बिथोलिन्छ अनि मनको अन्तरंगमा पीडाका लप्काहरू दन्किन्छन् । तैपनि एउटा यस्तो जिन्दगी जसको विष्मातमा झरिदिने दुई थोपा आँसु छैन, हर्षमा मुस्कुराइदिने एउटा निःस्वार्थ मुस्कान छैन ।



बम र बारुदबाट निस्किएका आवाजहरू मात्र ठोकिन्छन् मेरा कानमा । म त चुँडिएको चंगा जस्तै बिना उद्देश्य कहिले बादलपारि लरबरिँदै त कहिले यो मरुस्थलमा पछारिँदै उडिरहेको छु । विक्षिप्त मेरो जीवन आखिर अँध्यारो गल्लीमा रुमल्लिरहेको बस्तीभित्रको बेवारिसे आकृति बन्न पुगेछ जो असह्य पीडाले निष्प्राण खोक्रो रूपमा परिणत भैसकेको थियो । म त्यो पल अझै पनि सम्झिरहन्छु– यही छाती हो जहाँ तिमी लुकेर जीवनका सपना देख्थ्यौ अनि मलाई जीवनको कठिन यात्रा पार गर्न सिकाउँथ्यौ । तिम्रा ती सहानुभूति अनि प्रेरणाको साथले नै मेरो जिन्दगीमा एउटा अनुपम बहार आएको थियो जसले मृतप्रायः मेरो जिजिविषालाई पुनः जगाउन थालेको थियो ।

माया गर्नेहरू सबै सफल हुने भए यो संसारमा विछोड शब्दको उत्पत्ति हुने थिएन । म पनि विछोड शब्दबाट साह्रै डराउँथें र त्यसबाट टाढा बस्न चाहन्थें । सोच्थें, पीडा कस्तो हुन्छ, कहाँबाट आाउँछ ? हाम्रो यात्राका क्रममा तिमी अलि अगाडि पुगिछौ, म तिमीभन्दा अलि पछाडि छाडिएँछु । यो अगाडि पाइलाको फरकमा हामी फेरि पनि एक्लाएक्लै भएछौं अनि बेग्ला-बेग्लौ, नितान्त बेग्ला-बेग्लै । मानिसहरूको माझमा पनि मैले आफूलाई नितान्त एक्लो पाइरहेको छु तर पनि के नै गर्न सक्छु र ? बस, तिम्रो यादमा दिनहरू काटिरहेको छु । जिन्दगीको यात्रामा सायद मैले तिम्रो साथ पाउन सक्दिनँ तर पनि हरेक पल मैले तिमीलाई त्यति नै चाहँदै आएको छु । कहिलेकाहीँ चाहँदा-चाहँदै र गर्दा-गर्दै पनि ती चाहनाहरू पूरा हुँदा रहेनछन् । म जति तिम्रो नजिक पुग्न खोज्थें, सामीप्यताको बन्धन तोड्दै तिमी झन् टाढा पुगिसकेकी हुन्थ्यौ मेरा लागि फगत मृगतृष्णा बनेर । मैले ठम्याउन सकिनँ, खै कहाँबाट असमानताको पर्खाल खडा भएछ ? थाहा छ, हाम्रो विश्वासको महल त भत्किसकेको छ, छातीभित्रका भावनाहरू तुषाराले कठ्याङ्ग्रिसकेका छन् तैपनि तिमी जति नै टाढा भए पनि मैले चाहेर पनि तिमीलाई भुल्न सकिनँ । चाहे तिमी सम्झ वा बिर्स, गहभरिका आँसु अनि मनभरिका व्यथा सहेरै पनि यो निरिह मुटुमा अनन्तसम्म तिम्रो सम्झना सजाइराख्नेछु । एउटा अप्राप्य निधिका रूपमा सदासदाका निम्ति मेरो मानसपटलमा केवल स्मृति बनी नाचिरहनेछौ तिमी । त्यही प्राप्तिको मर्मभित्र मर्माहत भै तिम्रै हृदयको परिवेशमा म हाँसिरहनेछु । तैपनि आकाश र धर्तीको मिलन हेर्दै मीठो मिलनको प्रतीक्षा गरिरहेको छु ।

**–अन्जान वनवासी, इराक**

# कुपन सन्देश

**सन्देशका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ ।**

पाउने :

पठाउने :

सन्देश :

# साप्ताहिक साथीका लागि फर्म

**साप्ताहिक साथीका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ ।**

नाम : ..........................................................................

उमेर : ....................................... उचाइ : .......................................

पेसा : ....................................... शिक्षा : .......................................

स्वभाव :....................................... वैवाहिक स्थिति : .......................

अभिरुचि : ....................................... वर्ण : .......................................

इमेल : ..........................................................................

ठेगाना : ..........................................................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..........................................................................

..........................................................................

आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ ।


## ● साथी ●



थोरै बोल्ने तथा मिलनसार स्वभावका विष्णु गुरुङ पत्रपत्रिका अध्ययनमा रुचि राख्छन् । गहुँगोरो वर्णका गुरुङ हाल प्रहरी सेवामा छन् । ५ फिट ३ इन्च अग्ला विष्णुले प्रमाणपत्र तह उत्तीर्ण गरेका छन् । २१ वर्षीय गुरुङ अविवाहित छन् । धनको घमन्ड नगर्ने, सुखमा नमात्तिने, दुःखमा नआत्तिने, मनको भावना बुझ्ने, इमान्दार तथा जीवनको अन्तिम क्षणसम्म पनि साथ दिने असल जीवनसाथीको खोजीमा रहेका गुरुङलाई me_muskangurung@yahoo.com मा इमेल गर्न सकिन्छ ।



५ फिट ७ इन्च अग्ला समीर श्रेष्ठ हाल प्लस टु अध्ययनरत छन् । १७ वर्षीय श्रेष्ठ गहुँगोरो वर्णका छन् । थोरै बोल्ने श्रेष्ठ नयाँ-नयाँ साथी बनाउने अभिरुचि राख्छन् । निकोशेरा-३, ठिमीका स्थायी बासिन्दा समिर मनको कुरा नलुकाउने, मिलनसार, दुःखमा साथ दिने तथा धोखा नदिने साथीको खोजीमा छन् । उनलाई poisonous_virus1@yahoo.com मा इमेल गर्न सकिन्छ ।



ड्राइभिङ पेसामा कार्यरत कृष्णबहादुर तामाङ कम बोल्ने स्वभावका छन् । सुखमय वैवाहिक जीवन बिताइरहेका तामाङ ५ फिट ५ इन्च अग्ला छन् । ३० वर्षीय कृष्ण गहुँगोरो वर्णका छन् । नयाँ-नयाँ साथी बनाउने अभिरुचि राख्ने कृष्ण धनी-गरिब तथा जातजातिमा भेदभाव नराख्ने, मिलनसार, सुखदुःखमा साथ दिने एवं हँसिलो स्वभावका साथीको खोजीमा छन् । उनलाई सिद्धार्थ कोलोनी, बुढानीलकण्ठ-४ मा पत्राचार गर्न सकिन्छ ।



१६ वर्षीया पूजा राई ५ फिट २ इन्च अग्ली छिन् । कक्षा १० मा अध्ययनरत पूजा आफू हँसिली, नम्र तथा थोरै छुच्ची स्वभावकी भएको कुरा उल्लेख गर्छिन् । धेरै साथी बनाउने, अध्ययन गर्ने तथा संगीतमा रुचि राख्ने राई अविवाहित छिन् । गहुँगोरो वर्णकी पूजा मिलनसार, हँसिलो तथा अरूको भावना बुझ्ने साथीको खोजीमा छिन् । आवश्यकताभन्दा बढी नबोल्ने तथा झट्ट नरिसाउने राईलाई मात्तिम डाँडाटोल-५, खोटाङमा पत्राचार गर्न सकिन्छ ।



बी.ए. प्रथम वर्षमा अध्ययनरत कञ्चन 'अन्जान' ५ फिट ३ इन्च अग्ली छिन् । मिलनसार स्वभावकी कञ्चन गहुगोरो वर्णकी छिन् । पत्रमित्रता तथा भ्रमणमा रुचि राख्ने कञ्चन जातीय विभेद, धन एवं शिक्षाको घमन्ड नगर्ने साथीको खोजीमा छिन् । उनलाई साथी बनाउन चाहनेहरूले बैदी-४, चण्डिस्थान, तनहुँमा पत्राचार गर्न सक्नुहुन्छ ।



५ फिट ५ इन्च अग्ला दुर्गाबहादुर माझी 'असफल' ले आई.ए.सम्मको अध्ययन पूरा गरेका छन् । २८ वर्षीय माझी हाल जागिरे छन् । कम बोल्ने स्वभावका उनी हालसम्म अविवाहित नै छन् । गहुँगोरो वर्णका माझी गीत-संगीतमा अभिरुचि राख्छन् । माझी धनी-गरिब तथा जातभातमा भेदभाव नराख्ने, मित्रतालाई फेसनका रूपमा नलिने साथीको खोजीमा छन् । उनलाई साथी बनाउन चाहनेहरूले भीरपानी-७, डब्खा, रामेछापमा पत्राचार गर्न सक्नुहुन्छ ।

# मानिसहरूलाई अर्काका श्रीमान्/श्रीमती किन राम्रा लाग्छन् ?

होइन सम्पादकज्यू, तपाईंलाई पनि अर्काकी श्रीमती राम्री लाग्छिन् कि क्या हो ? फेरि ढाड सेकिने गरी उनका श्रीमान्ले हिर्काउलान्, विचार पुऱ्याउनुहोला ।

**दुर्गाबहादुर माझी, रामेछाप**

तपाईंलाई अर्काकी श्रीमती राम्री लाग्छिन् कि क्या हो ? नत्र यस्तो प्रश्न किन ?

**ओझराज ज्ञवाली, स्याङ्जा**

यो त प्रकृतिको नियमभित्रै पर्छ नि ? यस्तो प्रश्न पनि गर्ने हो ?

**नारायण कुँवर** (२०), **पुर्कोट**

यस्तो नचाहिने प्रश्न किन ? अरूका श्रीमान्/श्रीमतीदेखि मलाई मतलब पनि छैन ।

**विराट योञ्जन, सिरहा, गोलबजार**

सम्पादकज्यू, एउटै घरकी/घरको त थोत्रै भैगो नि, यसो नयाँ अनुहार हेर्न पनि अन्तैतिर राम्रो हुन्छन् ।

**प्रदीप चौलागाईं** (१८), **देवघाट**

दिनहुँ हेरिरहने कुरा जति नै राम्रो भए पनि राम्रो लाग्दैन । अर्काका कहिलेकाहीं देखिने वस्तु चाखलाग्दा र हेरिरहूँ लाग्ने खालका हुन्छन्, त्यसैले होला ।

**सञ्जीव खत्री** (१८), **रामेछाप**

सम्पादकज्यू, आफ्ना श्रीमान्/श्रीमती त सधैं देखिरहेका हुन्छौं, नयाँ स्वाद चाख्नका लागि होला नि ।

**अनिल विश्वकर्मा** (१७), **जमदह**

यो सबै मानिसमा भएको नराम्रो गुण हो भन्छु म त... ।

**डियर उत्तम** (२०), **तानसेन**

ओहो सम्पादकज्यू, प्रश्न त गजबको छ त ? तपाईं पनि अर्काकी श्रीमती ताक्दै हुनुहुन्छ कि ?

**विरू नुगो**

मानिसलाई अर्काका श्रीमान्/ श्रीमती राम्रा लाग्नुको कारण आफ्नी श्रीमतीको बानी-बेहोरा सम्पूर्ण कुरा बुझिसकेपछिको असन्तुष्टि हो ।

**हर्क ठकुल्ला क्षेत्री** (२०), **पर्वत**

त्यति पनि थाहा छैन, चिनी धेरै खाएपछि तीतो हुन्छ ? यो पनि त्यही नै हो ।

**सागर ढुंगाना**

## ● अब हाम्रो पालो ●

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. पुरुषहरू महिलाको चरित्र र चालचलनको कुरा किन बढी गर्छन् ?
२ पढेर जानिन्छ कि परेर ?
३. नेपालको सबैभन्दा ठूलो समस्या के हो ?
४. वेश्यावृत्तिलाई कानुनी मान्यता दिनु हुन्छ कि हुँदैन ? किन ?
५. नेपालमा जातीय आधारमा राज्य बनाउनु कत्तिको उपयुक्त हुन्छ ? किन ?
६. कस्ता मान्छेले राजनीति गर्नुपर्छ ?
७. तपाईं वान साइडेड लभमा पर्नुभएको छ ?
९. रोमान्टिक गीत राम्रा हुन्छन् कि ट्र्याजिक ? किन ?
९. नेपालले खेलकुदमा किन सधैं हार्छ ?
१०. अश्लील भिडियोको बढ्दो चलनका सम्बन्धमा के भन्नुहुन्छ ?



## ● यौन जिज्ञासा र समाधान ●



डा. राजेन्द्र भद्रा

**प्रश्न : म ३० वर्षीया एक शिशुकी आमा हुँ । मेरो महिनावारी पहिलेदेखि नै ठीक समयमा हुन्छ । महिनावारी सुरुको सात दिनपछि मेरो योनिबाट सेतो विषालु पानी बग्छ, जुन विषालु पानीले योनिको भित्र-बाहिरको भाग पोल्ने अनि चिलाउने हुन्छ । त्यसको दुई-तीन दिनपछि मेरो योनिबाट दही वा पीपजस्तो पदार्थ बेलाबेलामा आउँछ । श्रीमान्सँग यौनसम्पर्क गर्दा योनि पोल्नुका साथै श्रीमान्को लि दुख्ने र पोल्ने हुन्छ । यौनसम्पर्कपछि श्रीमान्को घेरामा खालो जाने, स-सानो विमिरा आउने, चिलाउने हुन्छ । चिकित्सकको सल्लाहबमोजिम औषधी पनि खाइसकियो । पूर्णरूपमा निको हुन सकेन । कुनै-कुनै औषधी खाँदा एलर्जी पनि हुन्छ । यो कुन रोगको लक्षण हो । यो रोग केबाट र कसरी उत्पन्न हुन्छ र यसको उपचार कसरी गरिन्छ ? कुन औषधी खाँदा पूर्ण रूपमा निको हुन्छ ?**

**– बी.**

**उत्तर : अस्वाभाविक योनिश्राव**

योनिबाट सेतो पानीजस्तो पदार्थ बग्नुलाई योनिश्राव भनिन्छ तर यसो हुनुको अर्थ सधैं रोग लागेको भन्ने होइन । हाम्रो सामान्य शरीरक्रियासँग सम्बन्धित र स्वाभाविक रूपमा पनि योनिश्राव हुन्छ भन्ने बुझ्नुपर्छ । यस्तो स्वाभाविक योनिश्राव महिनावारी हुने बेलामा वा यौन उत्तेजना भएको बेलामा हुन्छ । पाठेघरको मुखबाट हुने श्राव यस्तै महिनावारी भएको सातापछि सुरु भएर डिम्ब निष्कासनको बेलासम्म रहन्छ । त्यसैगरी प्रसव भएको केही समय पछिसम्म पनि सुत्केरी आमाको योनिबाट योनिश्राव हुन्छ भन्ने थाहै होला । यस्ता स्वाभाविक किसिमका योनिश्रावका लागि कुनै किसिमको उपचारको आवश्यकता पर्दैन । तपाईंले किन 'विषालु' शब्द प्रयोग गर्नुभएको हो, बुझ्न सकिएन ।

यीबाहेक प्रजनन अंगका संक्रमणहरू, जसमा यौनरोग पनि पर्छ, अस्वाभाविक योनिश्राव हुने प्रमुख कारणहरू हुन् । सामान्य रूपमा योनिबाट आउने श्रावभन्दा धेरै बढी मात्रामा आउने, गन्हाउने किसिमको वा मैलो किसिमको योनिश्राव हुन थाले त्यसलाई अस्वाभाविक योनिश्राव भनेर बुझ्नुपर्छ । यौनरोग भन्नाले यौनसम्पर्कको माध्यमबाट सर्ने रोगहरूलाई बुझाउँछ । तपाईंले लेख्नुभएको जस्तो लक्षण योनिमार्गको शोथ हुँदा देखिन्छ ।

यसका प्रमुख कारणहरू ट्राइकोमोनियासिस वा क्यान्डिडियासिसजस्ता प्रजनन अङ्गका संक्रमण हुन सक्छन् । ट्राइकोमोनियासिस हुँदा हरियो-पहेंलो किसिमको फोमजस्तै योनिश्राव आउने तथा योनि चिलाउने हुन्छ भने क्यान्डिडियासिस हुँदा सेतो बाक्लो दहीजस्तै योनिश्राव हुने र योनि चिलाउने हुन्छ । क्यान्डिडियासिस एक ढुसी जातको क्यान्डिडा एल्बिकान्स भन्ने सूक्ष्म जीवले गराउँछ भने ट्राँकोमोनियासिस ट्राइकोमोनास भ्याजिनालिस भन्ने एक कोषीय प्राणीले गराउँछ । त्यसैगरी अस्वाभाविक योनिश्राव गराउने अन्य तर बढी महत्त्वपूर्ण रोगहरूचाहिँ धातुमेह (गोनोरीया) वा क्लामाइडियाजस्ता संक्रमणहरू हुन् ।

योनिको संक्रमणको कुरा गर्दा ब्याक्टेरियल भ्याजिनोसिसको पनि चर्चा गर्नुपर्ने हुन्छ । संक्रमित आधाजसो महिलामा योनिको संक्रमण यसैले हुने गरेको पाइन्छ । योनिमा विभिन्न किसिमका सँक्ष्म जीवाणुहरू प्राकृतिक रूपमै सुन्तुलित रूपमा बसेका हुन्छन् । विशेष गरेर त्यो सन्तुलन बिग्रँदा एक किसिमको जीवाणु अत्यधिक मात्रामा बढ्छ र समस्या आउँछ ।

**समस्या के होला ?**

तपाईंलाई थाहै हुनुपर्छ, सामान्य रूपमा पनि योनिबाट पानी बग्न सक्छ । हुनसक्छ, तपाईंले सामान्य रूपमा बग्ने योनिरसलाई नै असामान्य मान्नुभएको होस् । सामान्य कुरालाई असामान्य मानेपछि उपचार गर्न गाह्रो पर्छ नै । कडा साबुन प्रयोग गरेर होस् वा योनिमा पानी पठाई अधिक सरसफाई गर्नु वा सुगन्धयुक्त स्प्रे वा डियोडेरान्टको अधिक प्रयोग पनि समस्याको कारण बन्न सक्छ । भित्री पहिरन सुतीको प्रयोग गर्नु आवश्यक छ । कतिपयले त पर्याप्त समय यस्ता कुनै पहिरन नलगाई वस्नु राम्रो मान्छन् । महिनावारीको बेलामा स्यानिटरी प्याड प्रयोग नगरिने भए विकल्पमा प्रयोग गरिने कपडा पनि एकदमै सफा हुनुपर्छ । साबुनले धोएर, राम्रोसँग पखालेपछि घाम पर्ने स्थानमा सुकाएको हुनु बेस हुन्छ ।

**रोग किन निको नभएको होला ?**

यसरी रोग निको नहुनुको मुख्य कारण कि तपाईंलाई लागेको यौन रोगको सही निदान र उपचार नभएको हुनसक्छ वा सही निदान भए पनि रोग निर्मूल नै पार्ने गरेर पूर्ण उपचार नभएको हुनसक्छ भने अर्कातिर पुनः संक्रमण भएको हुनसक्छ । तपाईंको श्रीमान्सँग एक-आपसमा यौनसम्पर्क भैरहेकाले दुवै जनाको एकैसाथ पूर्ण रूपमा उपचार गरिएन भने एक-अर्काबाट पुनः संक्रमण हुन्छ र समस्या पूर्ण रूपमा समाधान हुँदैन । एक-आपसमा संक्रमण नहोस् भनेर कन्डम प्रयोग गर्नु आवश्यक हुनसक्छ ।

**लि किन दुखेको होला ?**

संक्रमणका कारणले पिसाब फेर्दा दुख्ने वा पोल्ने हुनसक्छ र यसको मुख्य कारण मूत्रनलीमा शोथ (urethritis) हुनु हो । पिसाब गर्न सुरु गर्दा पोल्ने हुनुले मूत्रनलीको समस्या देखाउँछ भने जघनास्थीभन्दा माथि अर्थात् पेटको तल्लो भागमा पनि दुख्नुले मूत्रथैलीको शोथ (cystitis) लाई बुझाउँछ । पिसाब छिटो-छिटो लाग्नुले पनि मूत्रथैलीको शोथलाई संकेत गरेको छ । पौरुष ग्रन्थिको शोथमा पनि पिसाब पोल्दा दुख्ने-पोल्ने हुनसक्छ । परीक्षण गरेर समस्या पौरुष ग्रन्थिसम्बन्धी हो-होइन, निदान गर्न सकिन्छ । बिमिरा कस्तो त भन्नुभएन, तर पानीफोकाजस्तो हुने स्थितिमा त निकै पोल्ने दुख्ने हुनसक्छ । कहिलेकाहीं मूत्रनलीमा भएका संरचनागत खराबीका कारण पनि यस्तो हुनसक्छ भने मूत्र प्रणालीको अन्य खराबीका कारणले पनि समस्या उत्पन्न हुनसक्छ ।

अन्तमा के भनौं भने यी समस्याका लागि एकपल्ट चिकित्सकसँग परिक्षण गराएर उपचार गराउनुहोला । तपाईंले कुनै-कुनै औषधी खाँदा एलर्जी हुन्छ भन्नुभएको छ । चिकित्सकको सल्लाहविना त्यसै औषधी खानु हुँदैन । एलर्जीले कहिलेकाहीं गम्भीर समस्यामा पार्न सक्छ ।


के तपाईंमा यौन सम्बन्धी समस्या छ ?

पुरुषहरूमा देखिने

शीघ्र पतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष, सरुवा यौनरोगका साथै उमेर अनुसार यौनाङ्ग विकास नहुनु ।

महिलाहरूमा देखिने

सेतो पानी बग्ने, योनी चिलाउने, यौन सन्तुष्टिमा कमी भएको महसुस हुने, स्तन सानो वा ठूलो हुने, तल्लो पेट दुख्ने तथा महिनावारी सम्बन्धी समस्याहरु ।

मानसिक

निराशा, उदासिपन, मानसिक डर, भय, दिमागको बोधोपन ।

सम्पर्क स्थान: माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिष्ट डाक्टर्स क्लिनिक

पुतलीसडक, काठमाडौं (साडी प्यालेस माथि) फोन: ४२४०३८१, ४२२५५३५

शाखा कार्यालय

पोखरा – ०६१–५३९१९४ | वुटवल – ०७१–५४८८९३
भरतपुर – ०५६–५२०९६८ | इटहरी – ०२५–५८४०८८
दाङ– ०८२–५६२९८३, | हरिओन सर्लाही – ०४६–५३०४८४
हेटौडा – ०५७–५२६०४६ | सप्तरी, फत्तेपुर – ०३१–५५०११२



सुखी विवाहित जीवनको लागि
सेवाको १६ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएको यौन रोग, शीघ्रपतन, यौनदुर्बलता, स्वपनदोष, पिसाब सित धातु खस्ने, नपुंसकता, शुक्राणुको कमि, नि:सन्तानपन आदिको सफल उपचारको लागि आज नै भेट्नुहोला ।
भेट्ने ठेगाना: फोन नं.: ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल (पारिपट्टी) काठमाडौं



LATEST LASERS
FOR ANY SCARS
ACNE/CHICKEN POX
BURN MARKS
ACCIDENT/STITCH
SKIN RESURFACING
and many more .........
TOUCH BEAUTY LASER CLINIC
Tel : 4469302, 4469305 Old Baneshwor
Customer Service : 9841549320



GAS GEYSER
३ सेकेण्डमा पानी तात्ने Rs. 4000/-
2 Years Warranty
25% Discount
Water Filter, Solar, Chimney
Free Home Delivery & Fitting
स्मृति ट्रेडर्स, बबरमहल
Ph: 4244756, 9841344804



ग्यारेन्टी उपचार
100% Gurantee
यौन: शिघ्र स्खलन, नपुंसक्ता, पिसाब सम्वन्धी रोग ।
महिला: रक्तप्रदर, श्वेतप्रदर, हातखुट्टा पोल्ने, पाठेघर सम्वन्धी समस्या
छाला: चायाँ, पोतो, डण्डीफोर कपाल झर्ने, एलर्जी, पुरानो घाउँ
जीर्ण रोगहरु: ग्याष्टिक, जण्डिस, हेपाटाइटिस बी, मधुमेह, मोटोपन, पाइल्स, माइग्रेन, पिनास, दम, पुरानो खोकी
ब्लडप्रेशर, मानसिक तनाव, हृदयरोग, अनिंद्रा, कर्णश्राव, युरिकएसिड, छाला र मांसपेशी दुखाई
माहारूद्र आयुर्वेद फार्मेसी
Ph: 2291316, 9741137095



होटल तालीम अन्तर्राष्ट्रिय मापदण्डको
✧Cook
✧Waiter
✧Bartender
✧ Housekeeping
✧ Front Office
✧ Coffee Making
✧Bakery
✧Caregiver
✧Hotel Mgmt.
✧F&B Mgmt.
✧ Airfare & Ticketing (Fare Calculation)
✧ Abacus, Amadeus, Galileo, e-ticketing
✧Travel Operation
✧ Tour & Travel Mgmt.
✧3/4/5 Star होटलहरुमा तालिम दिइने
✧Abroad Study- UK, USA र Australia
बिदेश जानेहरूको लागि विशेष कोर्ष
Excel Academy of Tourism & Hotel Mgmt. Pvt. Ltd.
Ph: 4460956 Chabahil, Ktm (Near to Medicare)

## बाटो पत्ता लगाउनुहोस्



## भन्न सक्नुहुन्छ ?

राम र श्याम काठमाडौं सहर घुम्न निस्किएका छन् । उनीहरू घुम्दाघुम्दै त्यस्तो ठाउँमा पुगे जहाँबाट उनीहरूले काठमाडौं दरबार स्क्वायर पुग्न मोटामोटी ५ मिनेट, रानीपोखरी पुग्न ५ मिनेट र त्रिपुरेश्वरको चोक पुग्न ५ मिनेट पैदल यात्रा गर्नुपर्थ्यो । उनीहरू उभिएको ठाउँको उत्तरपट्टि एउटा ठूलो अस्पताल र पूर्वपट्टि एउटा ठूलो घेरा लगाइएको चौर थियो । उनीहरू त्यतिबेला कहाँनिर उभिएका थिए होला ?

## साप्ताहिक कोठेपद

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | २ | | ३ | | | | ४ |
| | ■ | ५ | | ६ | | | | ■ | |
| | ■ | | | | ७ | | | ■ | |
| ८ | | | | ९ | | | १० | | |
| ११ | | | ■ | | | ■ | १२ | | |
| १३ | | | ■ | | | ■ | १४ | | |
| | १५ | | | ■ | ■ | १६ | | | |
| | | १७ | १८ | | १९ | | २० | २१ | |
| | | | २२ | | | | २३ | | २४ |
| २५ | | | | २६ | | | | | |

**दायाँ**

१. विश्वकप फुटबल आयोजक (६)
२. एक महादेश (३)
३. निपुण, दक्ष, खप्पिस, सिपालु (५)
५. तप, तपस्या (३)
६. शरद ऋतुमा फुल्ने फूल (४)
७. सेतो माटो (३)
८. नम्र भएर (४)
९. युरोपको एक देश (३)
१०. झाडीमा फल्ने अमिलो फल (३)
११. बेसारको गाना (३)
१२. चौथो पाण्डव (३)
१३. एउटै गेडा हुने रसिलो फल (३)
१४. खाना, खाद्यपदार्थ (३)
१५. महोत्तरीको सुदरमुकाम (४)
१६. एक प्रसिद्ध जात्रा (४)
१७. सानोभन्दा सानो (४)
२०. हिन्दू धर्मग्रन्थमध्ये एक (३)
२२. एक इस्लाम चाड (२)
२३. एक प्रकारको मिठाई (३)
२५. धातुको काम हुने ठाउँ (३)
२६. एक प्रकारको भाँडा (२)

**तल**

१. सिरियाको राजधानी (४)
२. फजुल खर्च (४)
३. शरीरद्वारा गरिने शुभकार्य (४)
४. गणेशको एक नाम (४)
५. तातोपना महसुस हुनु (३)
६. सजिलो सुगम (३)
७. काम गर्ने ठाउँ (४)
८. अनिकालको विपरीत (४)
९. कर उठाउने चौकी (३)
१०. पिकनिक (४)
१३. एउटा खास समय (४)
१४. पूर्वी नेपालको एक जिल्ला (४)
१५. पृथ्वी, धर्ती (३)
१६. लेख्न प्रयोग गरिने पात (४)
१७. जरामा फल्ने मसला विशेष (३)
१८. भित्रभित्रै चलेको हल्ला (३)
१९. परेवा जस्तै जंगली चरा (३)
२०. पूरा गराउने, कोटा पुऱ्याउने (३)
२१. विश्रवा ऋषिको छोरा (३)
२४. किनारा (२)

## पत्याउनु हुन्छ ?



पेरिसमा हालै डाइनोसरको अवशेष लिलामका लागि राखियो । ८ मिटर लामो उक्त अवशेष १० करोड वर्ष पुरानो रहेको दाबी लिलाम गृहले गरेको थियो ।



एउटा पुतलीका १२ हजारवटा आँखा हुन्छन् ।


दक्षिणी चीनका ३८ वर्षीय लि तिनजुवानको शरीरलाई पछि पलाएका मासुका टुक्राहरूले ढाकेको छ । १३ वर्षको उमेरमा पहिलो पटक यो रोगको मुख्य कारण चिकित्सकहरूले अझै पत्ता लगाउन सकेका छैनन् ।



गर्भावस्थाको शिशुमा पोलिड्याक्टिजम नामक वंशाणुगत समस्या देखा परे उनीहरूको अंग आवश्यकभन्दा बढी हुन्छ ।




## १० वटा फरक खोज्न सक्नुहुन्छ ?



## कुरा बुझ्नु भो त !

प्रस्तुती : योगेश खपाङ्गी





तस्विरहरू: सुन्दर श्रेष्ठ

# उत्कृष्ट लयमा फर्कने चुनौती

**राजु घिसिङ**

काठमाडौं- नेपाल एक दशकअघिसम्म जुडोमा दक्षिण एसियाकै सर्वोत्कृष्ट टिम मानिन्थ्यो ।

सातौं दक्षिण एसियाली खेलकुद (साग) को जुडोमा नेपालले जितेको ३ स्वर्ण, ३ रजत र २ काश्यपदकले पनि यो क्षेत्रीय उत्कृष्टतालाई पुष्टि गर्छ । त्यो सागको जुडोमा नेपाल सर्वाधिक सफल भएको थियो ।

सन् १९९५ मा मद्रासमा भएको सातौं सागमा नेपालले जम्मा ४ स्वर्ण जितेको थियो । म्याराथनमा टीका बोगटीले चुमेको सफलताबाहेक बाँकी सबै स्वर्ण जुडोबाटै प्राप्त भएको थिए । १६ वर्षअघि सागमा जुडोले प्रवेश पाएको हो । त्यसमा स्वर्ण जित्न नसके पनि नेपालका सहभागी नौमध्ये ८ खेलाडीले पदक प्राप्त गरेका थिए । सातौं सागमा पनि आठमध्ये एक खेलाडी मात्र पदकविहीन भए ।

१० वर्षअघि काठमाडौंमा आयोजित सागमा जुडो समावेश गरिएन । त्यसपछि नेपालमा जुडोको स्तर खस्कन थाल्यो । सन् २००४ मा पाकिस्तानको इस्लामावादमा भएको नवौं सागमा पनि जुडोलाई सामेल गरिएन । त्यसको परिणाम नेपाली खेलाडीहरू जुडोबाटै पलायन हुन थाले । फेरि ११ वर्षपछि २००६ मा कोलम्बो सागमा जुडोलाई सामेल गरियो । त्यसमा नेपालले २ रजत तथा ४ कांस्य जित्यो ।

लामो समय अन्तर्राष्ट्रिय अवसर नपाउँदा राम्रा खेलाडीहरू विदेश पलायन भएकाले नेपालले पुरानो सफलता दोहोऱ्याउन नसकेको जुडोका मुख्य प्रशिक्षक वीरेन्द्र रञ्जितले बताए । 'अवसर नपाएपछि मेहनत गरिरहन गाह्रो हुन्छ', उनले भने- 'अहिले फेरि जुडोले मौका पाएको छ । हामी पुरानै उत्कृष्ट लयमा भने बिल्कुलै छैनौं । सरकारी बेवास्ता तथा अवसरको अभावमा हामीले समसापेक्ष प्रगति गर्न सकेनौं ।'



| स्पर्धा | खेलाडी (महिला) |
|---|---|
| ५२ किलोग्राम | राधादेवी राई |
| ६३ किलोग्राम | देवु थापा |
| **स्पर्धा** | **खेलाडी (पुरुष)** |
| ६० किलोग्राममुनि | परशुराम चौधरी |
| ६६ किलोग्राममुनि | रमेश मगर |
| ७३ किलोग्राममुनि | दीपक श्रेष्ठ |
| ९० किलोग्राममुनि | कालुमान तामाङ |
| १०० किलोग्राममाथि | राजन जोशी |

माघ १५-२५ मा हुने ढाका सागमा जुडोका नौ स्वर्णमा प्रतिस्पर्धा हुनेछ । त्यसमा एक देशले महिलाका दुई स्पर्धामा अनिवार्य र पुरुषका सातमध्ये पाँच स्पर्धामा चुनौती दिन पाउनेछ । 'सुरुमा पुरुषका स्पर्धा मात्र राखिएको थियो', मुख्य प्रशिक्षक रञ्जितले भने, 'आठ देशका ओलम्पिक कमिटीको बैठकमा नेपाल जुडो संघका अध्यक्ष दीपकहर्ष बज्राचार्यको विशेष प्रस्तावअनुसार महिलाका स्पर्धा थपिएको हो ।'

थपिएको स्पर्धाले नेपालको सम्भावनालाई बलियो बनाएको कुरा बताउँदै अर्का प्रशिक्षक दलबहादुर गुरुङले भने, 'पुरुषको तुलनामा महिला खेलाडीहरूका लागि राम्रो अवसर छ ।' कोलम्बो सागको जुडोका दुवै रजत नेपालले महिलाको स्पर्धामा पाएको थियो । कोलम्बोमा रजतमा रोकिएकी देवु थापाले ढाकामा स्वर्ण जित्न सके सर्वाधिक सफल नेपाली जुडो खेलाडी रमेश बस्नेतको रेकर्ड बराबरी गर्नेछन् । सातौं सागमा स्वर्ण जितेका बस्नेतले छैटौंमा रजतपदक हासिल गरेका थिए ।

बेइजिङ ओलम्पिकको अनुभव गरेकी देवु सागको जुडोमा नेपालकी प्रमुख आकर्षण हुन् । नेपालमा अपराजित १८ वर्ष लामो खेल जीवनमा साग स्वर्ण जित्ने उनको धोको अहिलेसम्म पूरा हुन सकेको छैन । 'तीन वर्षअघि बिरामी हुँदाहुँदै खेलेकी थिएँ', स्वर्ण पदक जित्ने धुनमा लक्षित ३५ वर्षीया खेलाडी देवुले भनिन्, 'यसपालि पूरा फिट भएकीले सफलता हात लाग्ने कुरामा विश्वस्त छु ।' देवुले ६३ किलोग्राम तौल समूहमा प्रतिस्पर्धा गर्दैछिन् ।

५२ किलोग्रामकी प्रतिस्पर्धी राधादेवी राई पनि कमजोर छैनन् । कोलम्बोमा कांस्यमा रोकिएकी देवुले ११ औं सागको छनौटमा रञ्जु राई तथा सुशीला अधिकारीलाई पन्छाएकी थिइन् । सुशीलाले एसियन मार्सल आर्ट्समा नेपालको प्रतिनिधित्व गरेकी थिइन् । रञ्जु कोलम्बो सागकी रजत विजेता हुन् ।

पुरुषतर्फका पाँचै खेलाडी आ-आफ्नो स्पर्धामा उत्कृष्ट छन् । पाँचौं राष्ट्रिय खेलकुदमा ५५ किलोग्राममा तेस्रो भएका परशुराम चौधरीले तौल समूह परिवर्तन गरेर ६० किलोग्राममुनिको स्पर्धामा अविश्वसनीय रूपमा आफूलाई छनौटमा पारे । उनले ६० किलोग्रामका राष्ट्रिय च्याम्पियन सरोज महर्जनको चुनौती समाप्त गरेका थिए । ढाका जाने देवु, राधादेवी तथा परशुराम पुलिसका खेलाडी हुन् । कालुमान तामाङ आर्मी तथा राजन जोशी, दीपक श्रेष्ठ र रमेश मगर काठमाडौंका हुन् । देवु, राधादेवी र दीपकबाहेक बाँकी ४ खेलाडीको यो पहिलो साग यात्रा हो । ६ खेलाडीले अन्तर्राष्ट्रिय जुडो अनुभव गरेका छन् । १ सय ७ किलो तौलमा राजनले आफ्नो स्पर्धामा अहिलेसम्म प्रतिद्वन्द्वीको सामना गर्नुपरेको छैन ।

'सबै खेलाडी मेहनती छन्', मुख्य प्रशिक्षक रञ्जितले भने, 'हामीले अनुशासनमा विशेष जोड दिएका छौं ।' देवुमा ७ अन्तर्राष्ट्रिय प्रतियोगिताको अनुभव भए पनि बाँकी खेलाडीले खासै अवसर पाएका छैनन् । उनीहरूमा बलियो आत्मविश्वास भए पनि अनुभवको कमी रहेको प्रशिक्षक दलबहादुर बताउँछन् ।

अनिवार्य सहभागी हुनुपर्ने महिलाका स्पर्धा समावेश गर्नुअघि थप दुई पुरुष खेलाडीलाई पनि नेपालले छनौट गरेको थियो । छनौट भएका राजु श्रेष्ठ सम्पर्कविहीन भए भने पहिलोपल्ट राष्ट्रको प्रतिनिधित्व गर्ने श्रीराम मकाजुको सपना दुई महिनाअघि नै तुहिएको छ । एक वर्षअघि काठमाडौं ओर्लिएका जापानी प्रशिक्षक मासा-हिरो माइदाको प्रशिक्षणले पनि नेपाली खेलाडीलाई फाइदा पुऱ्याउनेछ ।

ढाकामा नेपाली खेलाडी गुमेको जुडोको पुरानो सान फर्काउने चुनौतीबाट गुज्रनेछन् । जम्मा पाँच मिनेटको जुडो प्रतिस्पर्धामा तीव्र गति र शक्ति निर्णायक रहन्छ । त्यसमा तीव्र प्रगति गरेका भारत, पाकिस्तान र मार्सल आर्ट्सको नयाँ शक्ति अफगानिस्तान नेपाली खेलाडीहरूका लागि तगारो बन्न सक्छन् । श्रीलंका, बंगलादेश र नेपालको स्तर एउटै मानिन्छ ।

## ५ प्रश्न



पूर्ण स्वस्थ नरहेको स्थितिमा पनि कोलम्बोमा भएको दसौं सागमा रजतपदक जितेका **देवु थापा** नेपाली जुडोकी असाधारण खेलाडी हुन् । वि.सं.२०५३ सालदेखि सिनियर गेम खेल्न थालेकी थापाले अहिलेसम्म कुनै पनि नेपाली खेलाडीसँग हारेकी छैनन् । विभिन्न तौल समूहमा सुरुदेखि हालै सम्पन्न ११ औं राष्ट्रिय जुडो प्रतियोगितामा उनले स्वर्णपदक गुमाएकी छैनन् । गत वर्ष बेइजिङ ओलम्पिक खेलेकी देवुले १८ वर्ष लामो खेलजीवनमा ७ अन्तर्राष्ट्रिय प्रतियोगिताको अनुभव बटुलेकी छिन् ।

**११ औं सागमा तपाईंको लक्ष्य ?**

स्वर्ण जित्ने । बिरामी रहेकाले कोलम्बोमा साग स्वर्ण जित्ने सपना अधुरै रह्यो । यसपालि पूर्ण फिट अर्थात् स्वस्थ छु ।

**तयारी कस्तो छ ?**

अन्तिम समयमा भए पनि सागमा महिला जुडोका दुई स्पर्धा समावेश गरिएपछि हाम्रो खुसीको क्षण आएको हो । सुरुमा महिलाका स्पर्धा नराखिएकाले निक्कै निराश थिएँ । अभ्यासका लागि थोरै समय पाएका छौं । नियमित अभ्यास निरन्तर गरिरहेकाले तयारीलाई राम्रै मान्नुपर्छ ।

**परिवार सम्हाल्दै खेल्न गाह्रो हुन्न ?**

अरूलाई होला, मलाई भने गाह्रो छैन । खेलमा मलाई अभिभावकहरूको पूरा सपोर्ट छ । श्रीमान् मटाकाजी महर्जन जिम्न्यास्टिकका पूर्वखेलाडी भएकाले पनि परिवारमा समझदारी छ । विवाहपछि नियमित ट्रेनिङ गर्ने अवसर पाएकाले मेरो खेल अझ छरितो बनेको छ ।

**कहिलेसम्म खेल्नुहुन्छ ?**

सागमा स्वर्ण नजितेसम्म । ढाकामा जित्न सकें भने पनि मेरो खेलजीवन रोकिनेछैन । थप चार-पाँच वर्ष खेल्ने चाहना छ ।

**फुर्सदमा के गर्नुहुन्छ ?**

पुलिस टिममा आबद्ध भएकाले खेलेर मात्र हुँदैन, ड्युटी पनि गर्नुपर्छ । शनिबार मात्र बिदा हुन्छ । एक-एक छोरा-छोरी छन् । उनीहरूसँग घरै बसेर बिदाको समय बित्ने गरेको छ ।

# आत्मविश्वासी बास्केटबल टिम

**साप्ताहिक समाचार**

काठमाडौं- अन्तर्राष्ट्रिय बास्केटबलमा नेपालको उपस्थितिले एक दशक पनि पूरा गर्न पाएको छैन । छोटो समयमा स्कुल र कलेजस्तरमा निकै लोकप्रिय बनेको बास्केटबलले अन्तर्राष्ट्रिय स्तरमा पर्याप्त अवसर पाउन सकेको छैन ।

अन्तर्राष्ट्रिय प्रतियोगितामा सन् २००३ तिर पाइला टेकेको नेपालका लागि ११ औं दक्षिण एसियाली खेलकुद (साग) मा अनुभवको कमी घातक हुन सक्छ, तैपनि बंगलादेशको राजधानी ढाकामा राम्रो प्रदर्शन गर्नेमा प्रशिक्षक दिनेश नकर्मी ढुक्क छन् ।

'हाम्रा खेलाडीमा अनुभवको कमी छ', दिनेशले भने- 'शारीरिक रूपमा पनि हाम्रा खेलाडी होंचा, कम तौल र कम बलिया छन् तर टेक्निक र ट्याक्टिसमा हाम्रो स्तर निकै माथि छ । मानसिक रूपमा पनि हामी बलियो स्थितिमा भएकाले ढाकामा सफलता पाउने कुरामा विश्वस्त छु ।'

दक्षिण एसियाली बास्केटबलमा भारत निकै अगाडि छ । त्यसपछि बंगलादेश, नेपाल र श्रीलंका एउटै स्तरका रहेको कप्तान विपिन महर्जन बताउँछन् । 'सबै खेलाडी घरेलु प्रतियोगितामा जमिरहेका छन्, त्यसैले राम्रो नतिजा आउने पूर्ण विश्वास छ', उनले भने ।



'अमेरिकाको कलेज गेम खेल्ने खेलाडीको बाहुल्य रहने बताइएकाले अफगानिस्तान बलियो रूपमा प्रस्तुत हुनसक्छ', नेपाल बास्केटबल संघका अध्यक्ष टेण्डी शेर्पाले भने, 'ऐतेहासिक पदक जित्ने लक्ष्य साकार पार्न वैदेशिक प्रशिक्षणमा टिमलाई बैंकक पठाउने प्रयास गरिरहेका छौं ।' सागमा सफलता चुम्ने धुनमा नयाँ र पुराना १४ खेलाडी दैनिक कडा अभ्यास गरिरहेका छन् ।

एक महिनाअघि भियतनाममा भएको इन्डोर एसियन गेम्सको थ्री अन थ्री बास्केटबलको सहभागिताले पनि नेपाललाई सागमा फाइदा पुऱ्याउनेछ । उक्त प्रतियोगितामा विपिन, रवीन्द्र, सदीश र विक्रमले सहभागिता जनाएका थिए । विपिन, रवीन्द्र, सञ्जय, विजय र अजय नेपाली टिमका अनुभवी खेलाडी हुन् । बाँकी सबै खेलाडी राष्ट्रिय टिमका नयाँ अनुहार हुन् ।

नेपालले अन्तर्राष्ट्रिय बास्केटबलको नौ वर्षे अवधिमा तीनवटा प्रतियोगिता मात्र खेलेको छ । भारतको गुहाटीमा सन् २००० मा भएको दक्षिण एसियाली बास्केटबल च्याम्पियनसिपमा नेपालले तेस्रो स्थान हासिल गरेको थियो । दिल्लीमा २००३ र २००५ मा भएको मध्यएसियाली क्षेत्रको छनौटमा भने नेपालले राम्रो प्रदर्शन गर्न सकेन ।

**नेपाली बास्केटबल टिम**

**गार्ड** : विपिन महर्जन (कप्तान), मनोज शेरचन, विनोद श्रेष्ठ, राजीव जोशी

**फरवार्ड** : रवीन्द्र महर्जन (उपकप्तान), सदिश प्रधान, विनोद महर्जन, विजय खत्री, युक्तभक्त माथेमा, अमिर घले, कर्मा गुरुङ

**सेन्टर** : विक्रम जोशी, सञ्जय व्यञ्जनकार, अजय मानन्धर


**प्रशिक्षक** : दिनेश नकर्मी




# उत्तर अमेरिकी महादेशबाट छनौट भएका राष्ट्रहरू

• विश्वकप फुटबल विशेष •

## संयुक्त राज्य अमेरिका



उत्तर अमेरिकी क्षेत्रको चौथो चरणको छनौट खेलमा विजेता भएर सन् २०१० को विश्वकप फाइनलको सिट सुरक्षित गरेको अमेरिका अनुभवी टिम मानिन्छ। सन् १९३० मा उरुग्वेले पहिलो विश्वकप फुटबल प्रतियोगिता आयोजना गर्दा अमेरिकाले तेस्रो स्थान हात पारेको थियो। अमेरिकाले पहिलो विश्वकपमा पाएको यो सफलतालाई दोहोऱ्याउने प्रयास गर्दै आठ पटक विश्वकपको फाइनलमा प्रवेश गरे पनि त्यो क्षण दोहोरिन भने सकेन। पहिलो विश्वकपमा पाएको सफलताबाट उत्साहित भएको अमेरिका दोस्रो विश्वकपमा पहिलो चरणबाटै बाहिरियो भने चौथोमा पनि पहिलो चरणबाटै बाहिरियो। त्यसको ४० वर्षपछि अमेरिका सन् १९९० मा इटालीले आयोजना गरेको विश्वकपको फाइनलमा पुगेको थियो। उक्त प्रतियोगितामा पनि अमेरिका लिग समूहमा एक खेल पनि नजिती पहिलो चरणबाटै घर फर्कियो। सन् १९९४ को विश्वकप आयोजना गर्दा अमेरिका दोस्रो चरणमा पुग्न सफल त भयो तर ब्राजिलद्वारा पराजित भएर बाहिरियो। सन् १९९८ को विश्वकपमा अमेरिका पुनः पहिलो चरणबाटै बाहिरियो तर २००२ को विश्वकपमा भने आफूलाई क्वाटरफाइनलसम्म पुऱ्याउन सफल भयो। गत विश्वकपमा पुनः पहिलो चरणबाट बाहिरिएको अमेरिका यसपटक उत्तर अमेरिकी क्षेत्रबाट पहिलो भएर आएको छ। आगामी विश्वकपको समूह 'सी' मा परेको अमेरिकाको समूहमा इङ्ल्यान्ड, अल्जेरिया तथा स्लोभेनिया छन्।

## मेक्सिको



उत्तर अमेरिकी क्षेत्रबाट उपविजेता भएर मेक्सिकोले आगामी विश्वकपको सिट सुरक्षित गरेको हो। यो टिम यो क्षेत्रका तर्फबाट विश्वकपमा सर्वाधिक अनुभवी टिम पनि मानिन्छ, किनभने मेक्सिकोले आगामि विश्वकपसमेत गरेर १४ पटक फाइनल चरणमा प्रतिस्पर्धा गर्दै छ। यसअघि सहभागिता गरेको १३ वटा विश्वकपमार्फत मेक्सिकोले आफूलाई क्वाटरफाइनलसम्म पुऱ्याउन सकेको छ। पहिलो विश्वकपमै सहभागिता गरेको मेक्सिकोले सन् १९६६ मा इङ्ल्यान्डले आयोजना गरेको विश्वकपसम्म छ पटक फाइनलमा सहभागिता गरे पनि पहिलो चरण पार गर्न सकेको थिएन। सन् १९७० को विश्वकप फुटबल प्रतियोगिता आयोजना गर्दा गृह मैदानको फाइदा उठाउँदै मेक्सिको पहिलो पटक क्वाटर फाइनलमा प्रवेश गर्न सफल भएको थियो। क्वाटरफाइनलसम्मको यात्रालाई पुनः निरन्तरता दिन मेक्सिकोले सन् १९८६ मा पुनः विश्वकप फुटबल प्रतियोगिता आयोजना गर्नैपऱ्यो। उक्त प्रतियोगितापछि चार पटक विश्वकपको फाइनलमा पुगेको मेक्सिकोले आफ्नो सफलतालाई दोस्रो चरणभन्दा माथि पुऱ्याउन सकेको छैन। यसपटक उत्तर अमेरिकी क्षेत्रबाट उपविजेता भएर १९ औं विश्वकपको फाइनलमा प्रवेश गरेको मेक्सिको समूह 'ए' मा परेको छ। यो समूहमा आयोजक दक्षिण अफ्रिकालगायत उरुग्वे तथा फ्रान्स छन्।


## होन्डुरस



उत्तर अमेरिकी क्षेत्रबाट विश्वकपमा छनौट भएका राष्ट्रहरूमा कम अनुभवी टिमका रूपमा होन्डुरस पनि सहभागी छ। होन्डुरसले पहिलो पटक सन् १९८२ मा स्पेनले आयोजना गरेको विश्वकप फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश पाएको थियो। त्यसको २८ वर्षपछि होन्डुरस दोस्रो पटक विश्वकपको फाइनलमा प्रवेश गर्न सफल भएको हो। छनौट भएपछिको पहिलो विश्वकप होन्डुरसका लागि अनुभव लिने प्रतियोगितामै सीमित रह्यो। पहिलो चरणमा स्पेन र उत्तरी आयरल्यान्डसँग १-१ गोलको बराबरीमा खेल समाप्त गर्नु नै होन्डुरसका लागि अंक पाउने खेल साबित भयो। उक्त प्रतियोगितामा होन्डुरस पहिलो चरणबाटै घर फर्किएको थियो। उत्तर अमेरिकी राष्ट्रबाट छनौट हुने क्रममा होन्डुरसले चौथो चरणमा भएको राउन्ड रोबिनको खेलमा मेक्सिको, विश्वकप फाइनलको मुख्य प्रत्याशी कोस्टारिकाजस्ता टिमहरूलाई पराजित गरेर फाइनलको यात्रा सुनिश्चित गरेको थियो। आगामी विश्वकपको समूह 'एच' मा परेको होन्डुरसको समूहमा स्पेनलगायत स्वीजरल्यान्ड तथा चिली छन्।

• मैदान बाहिर •

# रूसका धनाढ्य खेलाडी



खेलबाट सर्वाधिक आम्दानी गर्नेमा पुरुष खेलाडीहरू नै अगाडि देखा पर्दै आएका छन्, तर रूसकी टेनिस खेलाडी मारिया सारापोभा भने रूसका तर्फबाट सर्वाधिक आम्दानी गर्ने खेलाडी भएकी छिन्। महिला टेनिसको क्षेत्रमा शीर्ष स्थानसमेत हासिल गरेकी मारियाले गत वर्ष मात्र टेनिस खेल तथा व्यापारिक अनुबन्धबाट २४ करोड अमेरिकी डलर (१ अर्ब ८० करोड रुपैयाँ) आम्दानी गरेको फिनास म्यागजिनले जनाएको छ। २२ वर्षीया टेनिस सुन्दरी सारापोभाले नाइकी इन्कसँगको व्यापारिक अनुबन्धबाट ७० लाख डलर (५२ करोड ५० लाख रुपैयाँ), क्यानबेन कम्पनीबाट ६० लाख डलर (४५ करोड रुपैयाँ) तथा मोटोरोला कम्पनीबाट ५० लाख डलर (३७ करोड ५० लाख रुपैयाँ) आम्दानी गरेकी थिइन्। उनले बाँकी रकम खेलकुदमा पाएको सफलता र विभिन्न कार्यक्रममा मुख्य अतिथि भएर कमाएकी थिइन्।

मारिया सारापोभापछि सर्वाधिक कमाउने खेलाडीमा रूसका बस्केटबल खेलाडी एन्ड्रेई किरिलेन्को छन्। अमेरिकाको उथा ज्याज बास्केटबल टिमका खेलाडी किरिलेन्कोको वार्षिक आम्दानी १५ करोड ३० लाख डलर छ। आइस हक्कीको क्षेत्रमा विश्वमा सर्वाधिक कमाउने खेलाडीहरूको सूचीमा १६ औं स्थानमा रहेका रूसका एलेक्स ओभचिन्की तेस्रो सर्वाधिक कमाउने रूसी खेलाडी घोषित भएका छन्। वासिंगटन क्यापिटलका खेलाडी ओभचिन्कीको वार्षिक आम्दानी १२ करोड डलर छ। रूसका सर्वाधिक कमाउने खेलाडीहरूमध्ये तीन जना महिला टेनिस खेलाडी छन् भने पाँच जना फुटबल खेलाडी छन्। फुटबल खेलाडीमा रूसमा सर्वाधिक कमाउनेमा आन्द्रे आर्साभिन छन्। आर्सनल क्लबका खेलाडी आर्साभिनको वार्षिक आम्दानी ११ करोड ३० लाख डलर छ।



# फ्लेपलाई जरिवाना

एउटै ओलम्पिकमा सर्वाधिक ८ स्वर्ण पदक जितेका अमेरिकाका पौडीवाज माइकल फ्लेपलाई क्यालिफोर्निया कर कार्यालयले करको बक्यौता पठाएको छ। सन् २००५ देखि ०६ को बीचमा माइकल फ्लेपले तिर्नुपर्ने करको रकम नतिरेपछि कर कार्यालयले हालै उनलाई तिर्नुपर्ने करको बेहोरा पठाएको हो। कर कार्यालयका अनुसार फ्लेपले २३ हजार २ सय ८९ डलर कर तिर्न बाँकी छ।

गत फेब्रुअरी महिनामा माइकल फ्लेपले गाँजा पिइरहेको तस्बिर बेलायती सञ्चार-माध्यममा आएपछि उनले जरिवानाबापत मोटो रकम तिर्नुपरेको थियो। उक्त घटनाको केही दिनपछि नै उनले कार दुर्घटना गरेका थिए, जसमा उनले सवारी चालकको अनुमति-पत्रसमेत गुमाउनुपरेको थियो। यसको लगत्तै कर कार्यालयले करको बक्यौता पठाएपछि उनलाई अहिले थप आपत परेको छ।


साप्ताहिक Classified Advertisement

## रोजगार

US Organization कोलागि Basic Computer जानेका १३ कर्मचारी मासिक ११,५००, २०७२५४५, ९८४१४९३०२६, ९८०३०७५९८१ चाबहिल

जर्मनी, फ्रान्स, नेदरल्याण्डको लागि Aupair girls बचत ४० देखि ५०,०००, ९७४१०५६८८६, ९८०३३८६७१२, ४२४५७६१

नयाँ अफिसकोलागि विभिन्न पदमा कर्मचारी कलंकी ९८४१३८५०११

अफिसको लागि कर्मचारी ९७४११४६७२१

अगरबत्ती खेलौना बनाउनेमा रोजगार १०,०००, काम घरैमा ९७४११४८०५४ गौशाला

## तालिम

१००% ट्रायल ग्यारेन्टी कार, मोटर साइकल, स्कुटर सिकाइन्छ, ०१-५०००५०४, ९८४१६७२७०४

सस्तोमा solar बाट CFL बाल्न ९८०८३२५०१८

व्यूटिसियन ट्रेनिङ्ग, Basic, advance, diploma, special course गौशाला, २१००५६३, ९८४१७७९८८९

संगित शास्त्र प्रशिक्षण ४२७२३८१, ९८४१२०५५७८, ९८०८४०५२७३, ९८०३१९३६७९

महिलाहरुको लागि घरमा बसीबसी ८०००, कमाउने अवसर निशुल्क ब्युटिसियन तालिम रोजगारको अवसरसाथै विदेश जानेहरुकोलागि स्पेशल कक्षा सञ्चालन भइरहेकोछ। (LWBTC) 9721456849

## उपचार

लिङ्गको लम्बाई, मोटाई, उत्तेजना बढाउन सम्पर्क ९८४१५०६१३४

रक्सी चुरोट छुटाउन यौनशक्ति बढाउन मोटोपना घटाउन बढाउन उचाई बढाउन ९८४९३६८१११

# प्रसंशनीय खेलको खराब नतिजा




**साफ च्याम्पियनसिपमा नेपालको प्रदर्शन**

| वर्ष | स्थान | खेल | जित | बराबर | हार | गोल |
|---|---|---|---|---|---|---|
| १९९७ | काठमाडौं | २ | - | - | २ | १-५ |
| १९९९ | गोवा | ४ | १ | - | ३ | ६-९ |
| २००३ | ढाका | ३ | १ | - | २ | ४-४ |
| २००५ | कराँची | ३ | १ | - | २ | ४-५ |
| २००८ | माले/कोलम्बो | ३ | १ | - | २ | ५-९ |
| २००९ | ढाका | ३ | १ | १ | १ | ४-२ |
| जम्मा | | १८ | ५ | १ | १२ | २४-३४ |

**साप्ताहिक समाचार**

काठमाडौं- साफ च्याम्पियनसिपको छैटौं संस्करणमा नेपाली टिमको खेलको सबैले प्रशंसा गरे । ढाकाबाट फर्किएका पदाधिकारी, प्रशिक्षक, खेलाडी पत्रकार कसैले पनि नेपाली खेलाडीको आलोचना गरेका छैनन् । सहभागी आठ देशमध्ये सबैभन्दा उत्कृष्ट फुटबल नेपालले खेलेको दाबी प्रशिक्षकहरूले गरिरहेका छन् ।

ढाकामा नेपालले साँच्चै उत्कृष्ट प्रदर्शन गरेको हो भने इतिहासमा लेखिने अक्षरले छलांग गर्नेछ, तर सबैको प्रतिक्रियाजस्तो नेपाली फुटबलको नतिजा आएन । त्यसको ठीक विपरित प्रसंशनीय खेलमा नेपालले खराब नतिजा बेहोर्‍यो । नेपाली टिम दोस्रोपल्ट अन्तिम चारमा पुग्ने लक्ष्यबाट चुक्यो । दस वर्षपछि समूह चरण पार गर्ने नेपालको सपना फेरि एकपल्ट तुहियो ।

मंसिर १९-२८ मा भएको सातौं साफ च्याम्पियनसिपमा नेपाल एक जित, उति नै बराबरी र हारको मिश्रित नतिजासहित पहिलो चरणबाटै घर फर्कियो । आखिर कहाँ चुक्यो नेपाल ? 'भाग्यले साथ दिएन', सबैको मुखबाट ब्रान्डेड जवाफ निस्कने गरेको छ । राम्रो खेलेर मात्र हुँदैन, ढाकाको असफलताबाट नेपालले खेल जित्नका लागि गोल पनि गर्नुपर्ने पाठ सिक्न आवश्यक छ ।

राम्रो खेलेर पनि पाएका अवसरमा गोल गर्न नसक्नु र नतिजा उल्टाउने परम्परागत भूल नेपाली खेलाडीले ढाकामा पनि दोहोर्‍याए । समूह 'बी' मा रहेको पहिलो खेलमा बलियो माल्दिभ्सलाई १-१ को बराबरीमा रोकेर नेपालले सुखद् सुरुवात गरेको थियो । दोस्रो हाफमा जुमानु राईले गरेको गोलको सहयोगमा नेपालले पाँचौं संस्करणको विजेता माल्दिससँग अंक खोसेको थियो ।

दोस्रो खेल भारतसँग १-० ले हारेपछि नै नेपालको सपना लगभग भंग भएको थियो । त्यसमा विपक्षी प्रहार असफल पार्ने क्रममा आफ्नै गोलपोष्टमा जुमानु राईले हेड गरेको बल नेपाली गोलकिपर विकास मल्लले जाली चुमाएर बिर्सनलायक गल्ती गरेका थिए । तेस्रो खेलमा नेपालले अफगानिस्तानलाई ३-० ले पराजित गर्‍यो ।

समूहको अन्तिम खेलमा माल्दिभ्सले भारतलाई पराजित गरेपछि नेपालको जित अर्थहीन भयो । माल्दिभ्सविरुद्ध भारत विजयी भएको भए नेपालको भाग्य खुल्ने थियो । अफगानिस्तानसँगको जितमा नेपाली स्ट्राइकर अनिल गुरुङले दुई र मिडफिल्डर विजय गुरुङले एक गोल गरेका थिए ।

तीनवटै खेल नेपालको नियन्त्रणमा रहेर पनि जित्न नसकेको प्रशिक्षक कृष्ण थापा दाबी गर्छन् । नेपालको प्रदर्शनले आफ्नो टिम दक्षिण एसियाकै सर्वोत्कृष्ट फुटबल टिम भएका प्रमाणित गरेको भन्नसमेत उनी चुकेनन् । थापाको दाबीले उनमा नेपाललाई हराएको भारत २३ वर्षमुनिका खेलाडीले भरिएको टिम भएको हेक्का नभएजस्तो देखाउँछ । दुई वर्षपछि एसिया कप खेल्ने सिनियर टिमलाई आराम दिदै भारतले यू-२३ लाई ढाका पठाएको थियो ।

त्यही यू-२३ भारतयि टिम नै अन्ततः साफ च्याम्पियन बन्यो । यसपालि माल्दिभ्ससँग तीन वर्षअघि फाइनलमा बेहोरेको हारको बदला लिदै भारतले चौथोपल्ट दक्षिण एसियाली फुटबलको उपाधि जित्यो । निर्धारित ९० र थपिएको ३० मिनेट गोलरहित बराबरी भएपछि टाइब्रेकरका आधारमा भारत ३-१ ले विजेता बनेको थियो ।

प्रतियोगिताको १२ वर्ष लामो इतिहासमा बंगलादेशले २००३ माल्दिभ्सले २००८ मा उपाधि उचालेको थियो । बाँकी सबै संस्करणमा भारत च्याम्पियन रह्यो । एउटै अवसरमा दस वर्षअघि सेमिफाइनल पुगेको नेपालले अहिलेसम्म फाइनल खेल्न सकेको छैन ।



# हामी सार्ककै सर्वोत्कृष्ट टिम हौं

पोखरेली प्रशिक्षक **कृष्ण थापाले** छैटौं साफ च्याम्पियनसिपमा नेपाली राष्ट्रिय टिम सम्हालेका थिए । लामो समयपछि सक्रिय फुटबलमा फर्किएका थापासँग ढाकामा नेपाली टिमको खेलका सम्बन्धमा गारिएको छोटो कुराकानी :

**नेपाल लक्ष्यमा पुग्न नसक्नुको कारण ?**

भाग्यले साथ दिएन । हामीले प्रतियोगितामै सबैभन्दा राम्रो फुटबल खेल्यौं । माल्दिभ्सविरुद्ध जुमनु राईले गरेको गोल अफसाइड थिएन । भारतविरुद्ध अनिलले अन्तिम समयमा उत्कृष्ट रूपमा हेड गरेको बलले जाली चुम्न सकेन । त्यही खेलमा गोलकिपर विकास मल्लले आफ्नै गोलपोष्ट बल छिराउनु हाम्रो दुर्भाग्य थियो । त्यसैले दस वर्षपछि सेमिफाइनल पुग्ने लक्ष्यमा हामी चुक्यौं ।

**सबैभन्दा राम्रो खेल नेपालले प्रदर्शन गरेको कुरालाई कसरी पुष्टि गर्नुहुन्छ ?**

ढाकामा नेपाली खेलाडीको खेल हेर्ने जसलाई सोधे पनि हुन्छ, उनीहरूले नै नेपालको प्रदर्शनका बाटोमा बताउनेछन् । ढाकामा उपस्थित सबै विदेशी खेलाडी, प्रशिक्षक, पत्रकार र खेलकर्मीले हाम्रा खेलाडीको फुटबल कलाको प्रशंसा गरे । हामी दक्षिण एसियाकै सर्वोत्कृष्ट टिम हौं भन्ने कुरा देखाएका छौं, अब यो स्तर खस्कन दिनुहुन्न ।

**राम्रो खेलेर मात्र हुन्न । खेल जित्न गोल गर्नुपर्छ नि ?**

हो, हामी त्यसमै चुक्यौं । तीनवटै खेलमा हामीले विपक्षीलाई दबाबमा राख्यौं । सबै खेलमा गोलका थुप्रै अवसर गुमायौं । त्यसैले भारतसँग हार्‍यौं र ढाकामा असफल भयौं ।

**साफको तयारी ट्रेनिङमा तपाईंले जोड दिनुभएको फिटनेसले कस्तो असर गर्‍यो ?**

फिजिकल फिटनेसको कडा अभ्यास गराएको थिएँ । त्यसले खेलाडीलाई धेरै फाइदा पुर्‍यायो । पहिलो हाफको तुलनामा दोस्रो हाफमा नेपालले गरेको राम्रो प्रदर्शन त्यही ट्रेनिङको सकारात्मक पक्ष हो । पहिलो हाफमै थकान अनुभव गर्ने नेपाली परम्परामा फिटनेसको हार्ड ट्रेनिङले पूर्णविराम लगाएको छ ।

**खेलाडीहरुको व्यक्तिगत प्रदर्शन कस्तो रह्यो ?**

आ-आफ्ना स्थानमा सबै खेलाडीको प्रदर्शन राम्रो रह्यो । विशेषगरी डिफेन्स लाइनमा नेपाली खेलाडी उत्कृष्ट देखिए । उनीहरूले भारत र माल्दिभ्सजस्ता बलिया टिमलाई खुलेर खेल्ने अवसर दिएनन् । नयाँ र पुराना खेलाडीको संयोजनमा टिम सन्तुलित देखियो । टिनएजर्स डिफेन्डर रोहित चन्दले निकै उत्कृष्ट खेल प्रदर्शन गरे । एउटा गल्ती बिर्सने हो भने गोलकिपर विकास मल्लको खेल उच्चकोटिको थियो ।

**साफ चयाम्पियनसिपको अनुभवले माघ महिनामा हुने ११ औं दक्षिण एसियाली खेलकुद (साग) मा कस्तो प्रभाव पार्नेछ ?**

ढाकामा हाम्रा खेलाडीले गरेको प्रदर्शनले सागमा नेपाल स्वर्णपदकको बलियो दाबेदार भएको प्रमाणित गरेको छ । यू-२३ ले खेल्ने सागमा साफकै खेलाडीको वर्चस्व रहनेछ । प्रशिक्षक योगम्बर सुवालले दिइरहेको साफ-ट्रेनिङमा एन्फा एकेडेमीद्वारा उत्पादित उत्कृष्ट युवा खेलाडीहरू छन् । सिनियर टिमका अनिल गुरुङ, रञ्जित श्रेष्ठ, योगेश श्रेष्ठ, रोहित चन्द, विराज महर्जन, नीराजन खड्का, सन्दीप राई, चेतन घिमिरे, रविन श्रेष्ठ २३ वर्षमुनिकै हुन् । सागमा २३ वर्षमाथिका तीन खेलाडीले पनि अवसर पाउँछन् । त्यो कोटामा उत्कृष्ट सिनियर खेलाडी राख्न सकिन्छ ।

**-राजु घिसिङ**

## पश्चिमाञ्चल क्षेत्रीय तेक्वान्दो

# नवलपरासी पहिलो



पाल्पा– प्रथम पाल्पा आमन्त्रण क्षेत्रीय तेक्वान्दो प्रतियोगितामा नवलपरासीले वर्चस्व कायम गरेको छ । उसले ८-८ स्वर्ण र रजत पदकमा तथा २ कांस्य पदक जितेको छ । यस्तै २ स्वर्ण, १ रजत र २ कांस्य जित हात पार्दै रूपन्देही दोस्रो र २ स्वर्ण, १ रजत र १ कांस्यसहित कास्की तेस्रो भयो । कास्कीकी राखी शर्मा र रूपन्देहिका शोभित शाही उत्कृष्ट खेलाडी घोषित भए ।

नेपाल आर्मीसहित ११ टिमको सहभागिता रहेको प्रतियोगिताको शनिबार भएको फाइनलमा महिला ३७ देखि ४१ किलोग्राम तौल समूहबाट कास्कीकी राखी शर्माले स्वर्ण पदक हात पारिन् । उनीसँग प्रतिस्पर्धा गरेकी पाल्पाकी शर्मिला थापाले कांस्यमै चित्त बुझाउनु पर्‍यो । स्पर्धामा गोरखाकी सरिता श्रेष्ठ तथा रूपन्देहिकी ज्ञानमाया गुरुङले कांस्य पदक पाए । ४१ देखि ४५ किलोग्राम तौल समूहमा नवलपरासीकी आरती लामिछानेलाई हराउँदै कास्कीकी अनिता गुरुङले स्वर्ण पदक जित्न सफल भइन् । बाग्लुङकी प्रशंसा क्षेत्री र गुल्मीकी मधु पाण्डे तेस्रो भए ।

जुनियर पुरुषतर्फ २५ किलोग्राममुनिको तौलसमूहमा रूपन्देहीका पिटर पौडेललाई हराउँदै बाग्लुङका किरण खड्काले स्वर्ण पदक हात पारे । कास्कीको विपिन जीसी तथा पाल्पाका लिजन शाहीले कांस्य पदक पाए । ३१ देखि ३४ किलोग्राम तौल समूहमा पर्वतका अविनाश पुनलाई हराउँदै रुपन्देहीका अर्जुन क्षेत्रीले स्वर्ण पदक चुमे । गोर्खाका सागर श्रेष्ठ तथा कास्कीका सुदिप सुनारले कांस्य पदक पाएका छन् । पुरुषतर्फ ४० देखि ४४ किलोग्राम तौल समूहबाट म्याग्दीका सनम शेर्पालाई पछि पार्दै नवलपरासीका सुशान्त गुरुङले स्वर्ण पदक जिते । पाल्पाका मनिराम चौहान तथा अर्घाखाँचीका रोमनसिंह रानाले कांस्य पदक पाए ।

४४ देखि ४८ किलोग्राम तौल समूहबाट नवलपरासीका विजयकुमार रिजाललाई पछि पार्दै पाल्पाका प्रमेश मल्लले स्वर्ण हात पारे । गुल्मीका यानेन्द्र कालुङ तथा अर्घाखाँचीका मनबहादुर थापा मगरले कांस्यमै चित्त बुझाउनुपर्‍यो । सिनियर पुरुषतर्फ ५० देखि ५४ किलोग्राम तौल समूहमा कास्कीका निसान कार्कीलाई रूपन्देहीका सोभित शाहिले पछि पार्दै स्वर्ण पदक जिते । बाग्लुङका रामचन्द्र घर्तीमगर तथा पाल्पाका रोशन दर्नालले कांस्य पदक पाए । ५८ देखि ६२ किलोग्राम तौल समूहबाट गरुण दल गणका कमल थापालाई फाइनलमा हराउँदै नवलपरासीका हीरामान चौधरीले स्वर्ण पदक जित्न सफल भए । पाल्पाका नलबहादुर बगाले तथा पर्वतका सन्त पुनले कांस्य पदक पाए । प्रतियोगितामा पाल्पा, रूपन्देही, नवलपरासी, कास्की, बाग्लुङ, म्याग्दी, पर्वत, गुल्मी, अर्घाखाँची एवं गोर्खाका खेलाडीहरू सहभागी थिए ।

**–माधव अर्याल**

# केटिभी चलचित्र एवार्ड २०६६ का विजेताहरू




| विधा | विजेता | चलचित्र |
|---|---|---|
| सर्वोत्कृष्ट चलचित्र | | म तिमीविना मरिहाल्छु |
| सर्वोत्कृष्ट निर्देशक | किशोर राना | मिष्टर मंगले |
| सर्वोत्कृष्ट अभिनेता | भूवन केसी | म तिमीविना मरिहाल्छु |
| सर्वोत्कृष्ट अभिनेत्री | झरना थापा | म तिमीविना मरिहाल्छु |
| सर्वोत्कृष्ट नव-अभिनेता | जीवन लुईटेल | नसिब आफ्नो |
| सर्वोत्कृष्ट नव-अभिनेत्री | सोभिता सिंखडा | सन्देश |
| सर्वोत्कृष्ट नव-निर्देशक | विकास आचार्य | नसिब आफ्नो |
| सर्वोत्कृष्ट खलपात्र | सुशिल क्षेत्री | विष |
| सर्वोत्कृष्ट सह-अभिनेता | दिवस उप्रेती | नसिब आफ्नो |
| सर्वोत्कृष्ट सह-अभिनेत्री | रेजिना उप्रेती | सन्देश |
| सर्वोत्कृष्ट हास्यकलाकार | शक्ती पण्डित | मिष्टर मंगले |
| सर्वोत्कृष्ट बालकलाकार | राकेश लामा | मिष्टर मंगले |
| सर्वोत्कृष्ट छायांकार | शम्भु सापकोटा | म तिमीविना मरिहाल्छु |
| सर्वोत्कृष्ट सम्पादन | बनिस शाह | म तिमीविना मरिहाल्छु |
| सर्वोत्कृष्ट द्वन्द निर्देशक | राजेन्द्र खड्गी | म तिमीविना मरिहाल्छु |
| सर्वोत्कृष्ट नृत्य निर्देशक | गोबिन्द राई | गीरफ्तार |
| सर्वोत्कृष्ट संगीत संयोजक | महाराज थापा | सिलसिला |
| सर्वोत्कृष्ट संगीतकार | बसन्त सापकोटा | सिलसिला |
| सर्वोत्कृष्ट गायक | आनन्द कार्की | म तिमीविना मरिहाल्छु |
| सर्वोत्कृष्ट गायिका | अन्जु पन्त | सिलसिला |
| सर्वोत्कृष्ट गीतकार | दयाराम पाण्डे | मौसम |
| सर्वोत्कृष्ट डबिङ | राजकृष्ण श्रेष्ठ | जय शिवशंकर |
| सर्वोत्कृष्ट पार्श्व संगीत | महाराज थापा | मिष्टर मंगले |
| सर्वोत्कृष्ट श्रृंगार | श्याम बराल | सुन्दर मेरो नाम |
| सर्वोत्कृष्ट ड्रेस डिजाइनर | निरा राणा | म तिमीविना मरिहाल्छु |
| सर्वोत्कृष्ट कला निर्देशक | सिंगे लामा/विजय चौधरी | सुन्दर मेरो नाम |
| सर्वोत्कृष्ट सम्बाद | युगेश रायमाझी | मिष्टर मंगले |
| सर्वोत्कृष्ट पटकथाकार | ब्रजेश खनाल/विकास आचार्य | म तिमीविना मरिहाल्छु |
| सर्वोत्कृष्ट कथा | रामजी नेपाली | सन्देश |
| लाइफ टाइम एचिभमेन्ट | भोला रिजाल | |
| जुरि अवार्ड | | मिष्टर मंगले |
| दशकको महानायक | राजेश हमाल | |



# मनकामनामा मिस नेवा:का प्रतिस्पर्धी

**साप्ताहिक समाचार**

काठमाडौं– दोलखाकी १८ वर्षीया बिपना श्रेष्ठ गत शनिबार पहिलो पटक गोरखा जिल्लास्थित प्रसिद्ध मनकामना मन्दिर पुगिन् । उनीसँगै तेह्रथुमकी १८ वर्षीया शिखा श्रेष्ठ पनि पहिलो पटक मनकामना मन्दिर पुगेकी थिइन् । बिपना र शिखा मात्र होइन, गत शनिबार ३० जना सुन्दर युवती पहिलो पटक मनकामना मन्दिरको दर्शन गर्न पुगेका हुन् ।

नेप्लिज फेसन होमले आगामी पुस १५ गते आयोजना गर्न लागेको 'मिस नेवा: २००९' का सबै प्रतियोगी मनकामना मन्दिरको दर्शन गर्न शनिबार बिहानै कुरिनटार पुगिसकेका थिए । १० नबज्दै केबुलकारका लागि लाइन बसिसकेका प्रतिस्पर्धीहरूले मनकामना मन्दिरको दर्शन गर्न आफूहरू उत्साहित भए पनि पहिलो पटक केबुलकारको यात्रा गर्न लागेकोमा डर लागिरहेको बताएका थिए ।

दिउँसो १ बजे मनकामना मन्दिर परिसरमा भेला भैसकेका सहभागी सुन्दरीहरूले सामूहिक रूपमा लाखबत्ती बाल्दै मिस नेवा: प्रतियोगिताको सफलताको कामना मात्र गरेनन्, आफूले नै विजेताको मुकुट पहिरिने वरसमेत मागे। यसअघि मिस नेवा:का सहभागीहरू लाँकुरी भन्ज्याङको पनि पदयात्रा गरेका थिए ।

नेवारी कला, संस्कृति, धर्म तथा भाषाको समेत ज्ञान होस् भन्ने उद्देश्यले नेप्लिज फेसन होमले विगत पाँच वर्षदेखि मिस नेवा: प्रतियोगिता आयोजना गर्दै आएको छ। यस पटकको प्रतियोगितामा सहभागि ३६ जना सुन्दरीलाई कोरियोग्राफर रोजिन शाक्यले विगत एक महिनादेखि क्याटवाकलगायत विभिन्न विधामा प्रशिक्षण दिइरहेका छन् । पुस १५ गते कमलादीस्थित प्रज्ञाभवनको प्रेक्षालयमा निर्णायक प्रतियोगितामा सहभागी हुनुभन्दा अघि उनीहरूले आगामी शनिबार हुने 'ट्यालेन्ट शो' मा आ-आफ्नो प्रतिभा प्रस्तुत गर्नेछन् । ट्यालेन्ट शोका लागि अधिकांश सुन्दरीले नृत्य तथा गायन कला प्रस्तुत गर्ने तयारी गरिरहेका छन्। प्रतियोगितामा काठमाडौं उपत्यकालगायत धादिङ, दोलखा, धनगढी, तेह्रथुम, ओखलढुंगा आदि स्थानका नेवार युवतीहरू सहभागी छन्।


खुम्जुङ होटेल तालिम बागबजारमा
कुक/वेटर/हाउसकिपिङ्ग/बारमेन/बेकरी लगायत सम्पूर्ण होटल तालिमहरुमा भर्ना धमाधम लिईदैछ । प्राक्टिकल ५ स्टार लेवलको होटलमा गराइने, चाइनिज, इण्डियन र कन्टिनेन्टल खानाहरुका लागि रेष्टुरेन्ट र बारको पनि सुविधा भएको साथै होष्टेलको पनि व्यवस्था छ ।
Hotel Khumjung Pvt. Ltd.
हेड अफिस चक्रपथ महाराजगंज (नारायण गोपाल चोक)
Ph 4016194, 4016111
सिटि अफिस: बागबजार पि.के कलेज अगाडि यति प्लाजा भित्र, प्यासिफिक बिल्डिङ्ग
PH 016226791, 9841578724

Why to pay more !!!
IELTS @ Rs.2500/- only
free 5 books,CDs & GROUP DISCOUNT
EDUCATIONAL AND CAREER DEVELOPMENT CENTRE
Putalisadak (opp. to NIB), kathmandu
Tel.: 4212374, 9841 427634

ब्यूटीसियन तालिममा नि:शुल्क भर्ना
- बिदेशबाट तालिम प्राप्त गरेको Trainer बाट तालिम गराईन्छ ।
- बिदेश जानेहरूको लागी Special Class का साथै Visa Processing गराईन्छ ।
Korean Hair Straight, Brazalian. B.Waxing, Freanch Menicure/ Pedicure, Faceleft, Blowdry तथा अन्य सम्पूर्ण कामहरू पनि गरिन्छ ।
ट्रेनिङ तथा अन्य जानकारीको लागी, तुरुन्त सम्पर्क राख्नु होला
FABULOUS LADIES BEAUTY SALOON & TRAINING INSTITUTE
LAZIMPAT, KATHMANDU
01-4433622, 9841240127

फोटोग्राफी/भिडियोग्राफी/उद्घोषण
Hurry UP
❊ फोटो/भिडियो एडिटिङ ❊ ग्राफिक डिजाईन,
❊ फोटो/भिडियो प्रत्रकारिता ❊ फोटो ल्यामिनेशन
अरुण दत्तद्वारा वि.सं. २०५३ देखि निरन्तर
English Language सिकाईदैछ।
नेपाल फोटोग्राफी ट्रेनिङ ईन्स्टिच्यूट
मान्यता प्राप्त पहिलो फोटो भिडियो ईन्स्टिच्यूट साझा भण्डार भोटाहिटि
Nepalpti@yahoo.com, kolasktm@yahoo.com, 4216291

Worldwide Valid Certificate
होटल तालिम
यो छुट सिमित अवधिको लागि मात्र ।
▶ कुक १ ½ महिना रू. २७००/-
▶ कुक ३ महिना रू. ३७००/-
▶ वेटर र बारमेन रू. १३००/-
▶ कफिमेकर रू. ३०००/-
१. 5 star लेभलको आफ्नै रेष्टुरेन्ट भएको ।
२. थप तालिमको लागि 5 star होटलमा तथा आफ्नै रेष्टुरेन्टमा पनि गराइने व्यवस्था छ ।
माउण्टेन होटल ट्रेनिङ सेन्टर
चावहिल गोपीकृष्ण हलको पूर्व गेट संगै
Ph:016212336,9841812055

रोजगारकै लागि तालिम–विशेष छुटमा
युवा स्वरोजगारमा आश्चर्यजनक सफलता
१५ दिनमा नै फोटोग्राफी भिडियोग्राफी तालिम सिकाइने
DIGITAL VIDEO-EDITING & ANIMATION
World Wide Valid Certificate नेपालको नं. 1 Study Center
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक चोक, काठमाडौं, फोन: ४४४३३१९, ९८[illegible]-३२२७७७

51% Discount
Learn Computer
Basic Windows
Graphic Designing
Web Page Designing
Accounting
Hardware & Networking
English Language
Basic to Advanced
Free: Books, CDs Internet & Email
Study In: UK, CANADA
MEMBER OF ECAN
Getway Educational Consultancy (P) Ltd.
Bagbazar, Kathmandu
Ph: 4239719, 4241870

३ महिनामा ४" उचाइ बढाउने
♦ केश झर्न तुरन्तै रोकी उमार्ने
♦ १ महिनामा चाहेजती ब्रेष्ट बढाउन र घटाउन
♦ जस्तो सुकै उमेर अनुसार चाउरीपन हटाउन
♦ तीलकोठी, डण्डीफोर, चायापोतोको लागि
♦ १ महिनामा ६ देखि १० किलो मोटोपन घटाउन
♦ प्रेशर, सुगर, ढाड दुखाईको लागि (आयुर्वेदिक उपचार)
♦ ग्याष्ट्रिक, दम, बाथको समस्याको लागि (आयुर्वेदिक उपचार)
नेचुरल हेल्थ केयर
ललितपुर, लगनखेल पाटन हस्पीटल अगाडी
Tel :01-5004046 01-5550195
शाखा कार्यालय बनेपा Mo:9851112675

होटल तथा पर्यटन तालिम
* Tour and Travel Mgmt.
* Tour Operation
* Airlines Ticketing (Manual, Amadeus, Abacus & Galileo)
* Hotel Management
* F & B Management
* Cook
* Front Office
* Bartender
* Housekeeping
* Waiter
* Bakery
* Coffee Making
10th Year of Establishment
South Asia Tourism HRD Program मा आधारित तालिम
Compare our quality with the others
सम्पर्क: सांग्रीला पर्यटन तथा होटल तालिम केन्द्र प्रा. लि.
नयाँ बानेश्वर चोक (अन्तर्राष्ट्रिय सभा केन्द्रको पानी ट्यांकीको पश्चिम)
✆ 4472553 / 4475113
Affiliated to CTEVT
Member HAN REBAN ATHTIN

लगानीकर्ता र कामदारहरु चाहियो
यस सेपिङ्ग माइन्ड्स ग्रुपका विभिन्न प्रोजेक्टहरुमा लगानीकर्ता र कामदारहरु चाहियो ।
1. Investors for Schools / Colleges:
सेपिङ्ग माइन्ड्स ग्रुपको संचालनमा आउन लागेको Schools / Colleges को लागी केही लगानीकर्ताहरु (Investors) चाहियो ।
2. Staffs for Restaurant & Beauty Lounge:
सेपिङ्ग माइन्ड्स ग्रुपको UK र Canada मा संचालनमा आउन लागेको Restaurant र Beauty Lounge को लागी केही Cook, Waiter / Waiteress र Beauticians चाहियो ।
सुविधाहरु: बस्न + आकर्षक तलब + कामको तालिम + अंग्रेजी र व्यक्तित्व विकास
3. Staffs for Business Club & Education Consultancy:
सेपिङ्ग माइन्ड्स ग्रुप Business Club र Education Consultancy को लागी केही Foreign Language Instructors र Public Relation Officers चाहियो ।
4. Consultancy Franchisee:
सेपिङ्ग माइन्ड्स ग्रुपको चलिरहेको Educational Consultancy को विभिन्न प्रमुख शहरहरुमा Consultancy Franchisee चाहियो । विशेष Training र Profit Sharing
Shaping Minds Group
CONTACT @ Putalisadak Branch
9803815440
2222605
4233478

ब्यूटीसियन तालिममा नि : शुल्क भर्ना खुल्यो
बिगत १३ बर्षदेखि देशभर १२ वटा शाखाहरुबाट बिदेशमा तालिम लिएका बरिष्ठ ब्युटिसियनहरुद्धारा आधुनिक र अन्तराष्ट्रियस्तरको कोर्षमा, Basic, Advance, Diploma, Beautician Teachers Training, Hair Dressing / Special Short Course र अन्य विविध कोर्षका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो ।
* * * * * * * * * * * * * * * * *
नोट : यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप, तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष संचालन भईरहेका छन् ।
ITC प्रशिक्षण केन्द्र : बुटवल ०७१-२०२३१३, जावलाखेल चोक २०८२६४१, नारायणगढ ०५६-५३२७५५, पोखरा ०६१-६२२०९५, नयाँबानेश्वर २०४२६५२, डिल्लीबजार हुलाक अगाडी ४४१३९५८, कोटेश्वरचोक २०८१६७०, कलंकीचोक २१९०२१८, ठमेल चोक २१९०८००, गोंगबुचोक २०८११०९, चावहिल चोक ४४९३३६१, लगनखेल बसपार्क २१२२४४८

ग्लोवलको तालिम 5★मा
* Hotel Mgmt./ F&B Management
* Kitchen Mgmt. / Fast food cooking
* House wife cooking
* Pastry & Bakery arts/ Carving
* F&B Service & Bar
* House-Keeping/ Front office Mgmt.
* In service course for Cook/Chef
आउनुहोस, हेर्नुहोस, बुझ्नुहोस
Learn & Earn Package
Contact
Global Institute of Hotel Mgmt & Tourism Technical Center P. Ltd
☎ 4484098, 2134544
नयाँबानेश्वर मिनभवन शान्तिनगर गेट संगै


कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल** ।